CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Almira 2
Shelf 3
17

१०३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

नेपाली व्याकरण

द. नं. ४२६८
क्र. सं. : — १०६

epal Sanskrit University, Balmeeki Campus, Kathman

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली व्याकरण -

नं० ४२६७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीगणेशायनमः

प्रणिधायपरंब्रह्म सच्चिदानन्दलक्षणम्॥
प्रशास्मःपर्वतीयानां शब्दानामनुशासनम्॥१॥

व्याकरणको मुख्यप्रयोजन शुद्ध शब्दको ज्ञान ठहर्छ शुद्ध शब्दको ज्ञानभयापछि बोली शुद्धसंग बोल्न र लेख्न सकिन्छ

अक्षरबाट पद र पदबाट वाक्य वाक्यार्थबोध हुने हुनाले पैहे अक्षरको वर्णनगरिन्छ

पेटभित्रका वायुका संचारले प्राणिका मुखबाट मात्र इच्छानुसार अक्षरपैदा हुन सक्छन् तर सबस्थान ठीक नहुनाले अरु प्राणिका (३) मुखबाट एकस्थानको विवेकभै अबअक्षरको उच्चारण हुनशक्तैन मनुष्यका मुखबाट मात्र सबस्थान ठीकहु

---

(१) जुन् शास्त्रमा जस्को वर्णन् छ तेस् शास्त्रको तेहि विषय ठहर्छ जुन् विषय हुन्छ उसैको ज्ञान मुख्य प्रयोजन ठहर्छ यस् शास्त्रको विषय शब्द हुनाले शब्दज्ञान यहा मुख्य प्रयोजन हुन्छ योशब्द शुद्धहो भन्या ज्ञान शब्दज्ञान ठहर्छ

(२) अक्षरको समुदाय पदशब्दले, पदकोसमुदाय वाक्यशब्दले व्यवहार गरिन्छ

(३) मैनासुघाहरु वर्णको स्पष्ट उच्चारण गर्छन् तर अर्थको यादगरि वाक्य प्रयोगगर्न शक्तैनन्. हुनता पशुपक्षीहरुको पनि शब्द व्यवहार देषिन्छ तर आपुसमा देषिन्छ हाम्रा काममा आउन शक्तैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाले सब अक्षरको स्पष्ट उच्चारण हुन सक्छ मनुष्यले
मात्र यो कुरो बुझाउँ भन्या मनमा एखि तेहि अर्थ बु
झाउँ भन्या वाक्यको प्रयोग गर्न सक्न्या हुनाले मनुष्य
का मुखबाट मात्र निस्क्याका ध्वनिमात्र अक्षरशब्दले
व्यवहार गरिन्छन् इनै एकएक ध्वनि स्थानका विशे
षले अलग् अलग् स्वरूप भयाका जो सुनिन्छन् ति
नै तिनै स्वरूपले प्रसिद्ध भै एक एक ध्वनि अक्षरवा
वर्ण भनि व्यवहार गरिन्छन्
(१) इ अक्षरको व्यवहार कानले मात्र हुन सक्ने हुना
ले (२) आँखा स्मेत् हुन सक्ने गरि व्यवहार चलाउना
लाइ स्थानका भेदले जति प्रकारका भै व्यवहारमा च
लेकाछन् तेति प्रकारका एकएक संकेत कल्पना
गरि तिनै संकेतको पनि अक्षर शब्दले व्यवहार गर्दछन्

अक्षर ज्मा ४२ छन् इन्का समुदायलाइ वर्णमाला
भन्छन्

अक्षर स्वर र व्यंजनका भेदले दुयि तरहका
हुन्छन्

अरु अक्षरको सहायता नलियि उच्चारण गर्न स
किने अक्षर स्वर कहलाउछन्

अ आ इ ई उ ऊ ऋ ॠ लृ ॡ ए ऐ ओ औ इ
स्वर हुन्

र स्वर ह्रस्व दीर्घका भेदले दुयि तरहका हुन्छन्

---

(१) ध्वनि स्वरूप भयाका अक्षरको (२) लिपि स्वरूप भया
का अक्षरको र आँखाले पनि व्यवहार हुन सक्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इनमध्ये अ·इ·उ·ऋ·लृ· ५ ह्रस्व स्वर हुन्
आ·ई·ऊ·ॠ·ए·ऐ·ओ·औ· ८ दीर्घ स्वर
हुन्
लृ·ॡ· वर्णको प्राकृतमा प्रयोगछैन·

स्वरवर्णका स्थान

अ·	आ	कण्ठ	लृ	ॡ	दन्त
इ·	ई	तालु	ए	ऐ	कण्ठ तालु
उ	ऊ	ओष्ठ	ओ	औ	कण्ठोष्ठ
ऋ	ॠ	मूर्धा			

स्वर अनुनासिक र अननुनासिक· दुथित रहका हुन्छन्·
जुन्स्वरका उच्चारणको मुखबाट आरंभभै नाकि
काबाट परि समाप्ति हुन्छ् त्यिस्वर अनुनासिक क
हलाउछन्
अननुनासिकको संकेत गर्दा माथि शिरोबनुसमे
तको अर्द्धचंद्रवा डयि विन्दु लेखिन्छन्
यहाँ आयैं
(१) प्लुत स्वर स्वाभाविक छैन नैमित्तिकमात्रछ·हा

---

(१) नैमित्तक स्पोठहरू जो लिश्चयादि बुझाउनाका प्रयो
जनले बनाइयाको छ वर्णमालामा प्लुत कोगिन्ति नगरे
कोर, धीर्यकाड्रै प्लुतकासंकेतको आकारपनि केहि नभया
कोर·कनैशब्दमा स्वभावैले प्रयोगमनि नदेखियाको
हुनाले स्वाभाविक प्लुतस्वर रहेनछ· भन्या बुझिन्छ·

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपार्दा निश्चयादि अर्थकुराउदा ह्रुनपनि वनायिनेछ
ह्रुनस्वरका अगाडि ३ को अंक लेखिन्छ
ऐ ३ देवदत्त- जाने ३ पर्छ
अंअः इपनिजो स्वरका सहरमा गिनियाकाछन् उदाह
रणका मैरले गिनियाका छन् स्वरदेखि पर नभैक
न अनुस्वारको वा विसर्गको प्रयोग हुदैनभ
नि देखाउनाका निमित्तमात्र लेखियाका छन्
अनुस्वार विसर्ग जसै अकारदेखि परगराखिदे
खायियाका छन् तसै इकार उकार एकारहरुअ
रु स्वरका अगाडिपनि रहन शक्छन्
अनुस्वारको संकेत शिरो विन्दु लेखिन्छ
कं सरह.
स्वरका अगाडि विसर्गको संकेत दुयि विन्दु
। लेखिन्छन्
इः उः एः ऐः
अनुस्वारको नासिका स्थानले उच्चारण हुन्छ.
जुन्स्वर देखि परका विसर्गको उच्चारण गर्नु
पर्याको छ उसै स्वरका स्थानले उच्चारण हुन्छ.
विसर्गको संस्कृत वाट निस्केका शब्दमा मा
त्र कंहि कंहि व्यवहार छ प्राकृत शब्दमा व्यव
हार छैन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यंजन:

स्वरलाई सहाय न गरायि उच्चारण गर्न नश(स)क्ने वर्ण व्यंजन कहलाउछन्

व्यंजनमा अगाडि वा पछाडि कुनै स्वर नभै उच्चारण हुन शक्तैन क्+अ क अक्

इनै व्यंजनलाई हल वर्ण वा अर्द्ध मात्र पनि भंदछन्·

क ख ग घ ङ च छ ज झ ञ ट ठ ड ढ ण
त थ द ध न प फ ब भ म य र ल व
श ष स ह क्ष त्र ज्ञ

ज्ञ क्ष इ दुयि अक्षर मध्ये संस्कृतमा जकार र ञकार जोडिदा ज्ञ र ककार र षकार जोडिदा क्ष पनि बन्न शक्तछन्

इ दुवै वर्णको उदाहरण यस प्राकृतमा पायिदैनन् · संस्कृतशाब्दवाट निस्क्याका शब्दको व्यवहार गर्न चाहिने हुनाले लेखियाका हुन्

एकै स्थानले बोलिने अघिल्ला चार वर्ण र उसै स्थानले बोलिने अनुनासिक पछिल्लो वर्ण मिलि बनेका पांच वर्णका समुदायलाई वर्ग भन्दछन् कदेखि मसम्मका वर्ण पांच वर्गमा विभाग गरियाकाछन् एक एक वर्गलाई अघिल्ला अघिल्ला वर्णले व्यवहार गर्छन्

कवर्ग चवर्ग टवर्ग तवर्ग पवर्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

य·र·ल·व· अन्तस्थ कहलाउछन्· शषसह ऊष्म कहलाउछन्

कवर्ग	हकार	विसर्गको	कण्ठ
चवर्ग	यकार	शकारको	तालु
टवर्ग	रेफ	षकारको	मूर्धा
तवर्ग	लकार	सकारको	ओष्ठ
पवर्ग	–	– को	ओष्ठ

ङ·ण·न·म· अनुस्वारको नासिका स्थानपनि हुन्छ·
व दन्तोष्ठ्य व ओष्ठ्य

व्यंजनवर्ण ह्रस्वस्वरभन्दा पनि आधाकालमा उच्चारण गरिने हुनाले अर्द्धमात्र कहलाउछन्· यसै अर्थले स्वरको अपेक्षा राख्नु नछन्

एक मात्रिक स्वर ह्रस्व द्वैमात्रिकस्वर दीर्घ कहलाउंछ त्रैमात्रिकस्वर प्लुत कहलाउछ व्यंजनका उच्चारणलाई अर्द्धमात्राको काल लाग्ने हुनाले व्यंजन आर्द्धमात्रिक कहलाउछ

लेखन्यारीति

हल् वर्णलाई अगाडीका हल् वर्ण सित जोड्दा वर्णको उच्चारण जुन कमले हुंछ· उसैकम ले जोडेर लेख्नुपर्छ

तेस्मा कँहि अर्द्धमात्र वर्ण पूरा लेख्नुछन् कहि अर्द्धमात्र वर्णको पनि केहि भागमात्र लेख्छन्· योरीति ब्यवहारले बुझिन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अगाडि व्यंजनवा स्वरछ भने पछाडिका व्यंजन
लाई अगाडिका व्यंजनमा वा स्वरमा जोडिकन ले
ख्नुपर्छ

अगाडी कोहि वर्ण नभया अर्द्धमात्र वर्ण लेख्
ना संकेत का तौरले खुट्टा काटिदिनुपर्छ

खुट्टा काटिदियाका व्यंजन सहाय केहि नभ
याका अर्द्धमात्र ठहर्छन् हल शब्दले व्यवहार ग
रिन्छन्

ञकारको अन्तस्थ वा दन्त्य शब्दले व्यवहार ग
र्दैन् लेख्नामा नलतिर एक विन्दु (ग्यास) दिन्छन्.

वकारको स्पर्श वा ओष्ठ्य शब्दले व्यवहार ग
र्छन् लेख्नामा पेटफारी लेख्छन्. अन्तस्थका
नलतिर विन्दु नदियाका पक्षमा स्पर्शको पेट
फारी लेख्नु पर्छ

ष श स को विभाग स्थानले गरिन्छ.

ष मूर्द्धन्य श तालव्य स दन्त्य.

मूर्द्धन्य षकारको खकारोच्चारण वेदमामात्र हु
न्छ लोकमा हुँदैन

रेफ लेख्ना अक्षरका माथि (एक छेउले अ
क्षरका पंक्तिमा छोयि दाहिनातिर फर्काको अर्द्ध
चन्द्र लेख्नछन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृतवाट निस्केका शब्दमा· संस्कृतमा प्रयो गहुदामा जुन्प्रकार प्रचलितछ वहिप्रकारले प्राकृतमापनि लेख्नुपर्छ

वीप्साभयामा दोस्रा भागका ठाउमापनि अभैरे लेख्नुपर्छ

व्याकरणवाट शुद्ध शब्द जुन्प्रकारको प्रसिद्धछ उसै प्रकारको लेख्नु उच्चारण गर्नु पर्छ

अन्त्यवर्ण हलमकार भयामा अर्द्धमात्र मकारको अनुस्वार गराथि लेख्न हुदैन मकारको खुट्टो काटि लेख्नु पर्छ

व्यंजनसित मिलेमा लेख्नु पर्ने स्वरका चिन्ह देखायिन्छन्

ा ा ि ी ु ू ृ ॄ े ै ो ौ ं ः

ई चिन्ह व्यंजनका साथ रह्याका छन् भने मात्रा कहलाउछन्·

दुयि तिन व्यंजन जोरियाका ठाउमा मात्रा लाउदा सबै भन्दा अगाडिका व्यंजनमा लाउनु पर्छ

जुन्वर्णका स्वरूपको निर्देशगर्नु पर्‍याकोछ उ स्वर्णदेखि परकाशब्दको सवन्ध हुन्छ, रको स्वरूप निर्देशगर्नु पर्‍यामा रेफशब्दकोव्यवहार गरिन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अकार ककार रेफ

जुन शब्दका आनुपूर्विको निर्देश गर्नु पर्याको छ उस शब्दका अगाडि शब्द शब्दको प्रयोग गरिन्छ संयुक्त (२) व्यंजनका पछाडिको (३) ह्रस्व स्वर गुरु कहलाउछ

अक्षरका शिरमा पङ्क्ति (डिको) दिनामा परस्पर नजोडि दिनु पर्छ

---

(१) आनुपूर्वि भन्याको हर्छ पदमा अक्षर जुन क्रमले प्रयोग गरियाका छन् तेस्क्रमले भयाको जो शब्द स्वरुप छ ईश्वर इत्यादि शब्दमा तालव्यशकार, वकार, अकार, रेफ, अकार, को जो क्रमले बनेको समुदायछ सो ईश्वरशब्द भनि व्यवहार गरियिन्छ

(२) संयुक्त व्यंजन भनेको हर्छन जुन जुन व्यंजनका बीचमा स्वर छैनन् अर्थात् बिच्मा स्वर नभयाका व्यंजनको समुदाय संयोग कहलाउछ तेस संयोगका भित्र पर्याका व्यंजन, संयुक्तव्यंजन कहलाउछन्

(३) पछाडि भन्याको हर्छ जो बाञा पट्टिको भाग छ अगाडि भनेको हर्छ जो दाहिना पट्टिको भागछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थबुझाउने शब्द पद कहलाउछ्न्
भने शब्द (१) हन्नि देगा आफ्ना अर्थलाई बुझाउ छन् भने शब्द (२) आफ्ना सँग पढियाका पदको परस्पर संबंधगराय दिन्छन् भने (३) केहिक्र याको सूचनमात्र गर्छन् तिसब् अर्थ बुझाउने ठ हर्छन्

इपद आठ तरहसित काममा आउने भना ले आठतरहसित विभाग गरिन्छन्

संज्ञा
संज्ञा विशेषण
सर्वनाम
क्रिया
क्रिया विशेषण
उपसर्ग
निपात
कर्मप्रवचनीय

संज्ञाको वर्णन.

इश्वरले गर्या संकेतले (४) वा आधुनिकसंकेतले (५) अर्थलाइ बुझाउने शब्द संज्ञाशब्द कहलाउछन्

---

(१) प्रातिपदिक, धातु, निपात, (२) उपसर्ग । (३) कर्मप्रवचनीय (४) यहि संकेत शक्तिकहलाउछ (५) आधुनिकसंकेत त्योकहलाउछ जो इश्वर बाहेक अरुबाट भयाको संकेत छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो शब्द यस अर्थलाई बुझाओस् भनि पर मेश्वरले बाधिथाको नियम शक्ति कहलाउछ शक्ति कहलाउछ शक्तिद्वारा अर्थबुझाउने शब्द वाचक कहलाउछन्

तेस्मा शक्ति व्यवछेदक धर्म जाति छभने सो शब्द जाति वाचक शब्द कहलाउछ

गाई

मानिस् हाति घोडा कलश कलम इत्यादि शब्दमा शक्ति व्यवछेदक धर्म भनि मानिस् हरुमा रहने मनुष्यत्वादि धर्मजाति हुनाले मनुष्यत्वादि धर्मजाति हुनाले मनुष्यत्वादिजातवान् जनिछन् तिसब् मनुष्यादिशब्दले व्यवहार गरिन्छन् जाति वाचक ठहर्छन्

इन्द्रापति जस्को शक्ति व्यवछेदक धर्म एकमात्र व्यक्तिमा रह्याको छ त्यो शब्द व्यक्तिवाचक कहलाउछ

सूर्य चन्द्र पृथ्वी

यहा पनि अरु अरु सूर्यचन्द्रपृथ्वी हरुलाई स्मृति अनेक व्यक्तिको अभिप्राय राखेसा आकाश परमेश्वर इत्यादिशब्द उदाहरण हुन शकछन्

परमेश्वरले वेदशास्त्रद्वारा जनाथियाका व्यवहारले भयाको संकेत वा आधुनिक संकेत पारिकसंकेत कहलाउछ सो संकेत एकमात्र व्यक्ति

(१) इश्वरले संकेत गर्दा जुन धर्म भयाका वस्तुलाई लि जन्नियम बाधियाको छ तेस नियममा तेहि धर्मशक्ति व्यवछेदक धर्म कहलाउछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा गरियाको छ भने व्यक्ति वाचक र अनेक व्यक्तिमा गरियाको छ भने जाति वाचक पनि शब्द हुन सक्छ।

देवदत्त यज्ञदत्त यो संकेत एकमात्र व्यक्तिको हुनाले इ शब्द पारिभाषिक संज्ञा शब्द कहलाउछन्। इनको व्यक्ति एकमात्र हुनाले व्यक्ति वाचक मात्रै हुन्

कोहि मनुष्यले केहि नयाचीज बनायि नाउ राखि दियो भने सो शब्द पनि पारिभाषिक संज्ञा शब्द कहलाउछ

इ शब्द विशेषणमात्र हुन सक्छन् विशेष्य हुन सक्तैनन्

विशेषण शब्दबाट पनि विशेष्य शब्द बन्न सक्छन्।

लमाइ गोलाइ

यहा लाम्, गोल शब्द विशेषण हुन्या पनि भावमा प्रयोग भयाको हुनाले विशेष्य हुन सक्छन्

विशेषण पनि कहि विशेष्य हुन सक्छन्

बुढो बुढी बालक

यहा विशेष्य शब्दको पनि प्रयोग गर्नु पर्दामा प्रसिद्ध हुनाले प्रयोग नहुना विशेषणले विशेष्यको काम दिने भयाको छ

लिङ्गको वर्णन

स्त्रीको चिन्हवा पुरुषको चिन्ह लिङ्ग कहलाउछ चिन्ह पदार्थमा रहन्छ तापनि स्त्री पुरुष चि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हू भयाका अर्थलाई बुझाउने शब्दमा पनि प्रक्रियाको सिद्धि गराउनालाई स्त्री लाई वा पुरुषलाई बुझाउने शब्दमा पनि लिङ्ग मानियाको छ

ज्यासा स्त्रीलाई बुझाउने शब्द स्त्री लिङ्ग हुन्छन् पुरुष लाई बुझाउन्या शब्द पुंल्लिङ्ग हुन्छन्

ज्यासा स्त्री लाई बुझाउने शब्दमा स्त्रीप्रकरणामा बताइने प्रत्यय समेत् हुन्छन्

पुरुष लाई बुझाउदामा जस्तो स्वरूप शब्दको हुन्छ उस्तै नपुंसक लिङ्ग शब्दको पनि हुन्छ

पुल्लिंग शब्द पुरुष लाई बुझाउने हुनाले पुरुषमा रहेका धर्मको समेत् बोध गराउछ स्त्रीलिङ्ग शब्द स्त्रीमा रहेका धर्मको समेत् बोध गराउछ नपुंसकलिङ्ग शब्द कुनैमा रहने धर्मको पनि बोध गराउन शक्तैन

कहि स्त्रीप्रकरणमा बताइयाका प्रत्यय भया पनि स्त्रीमा रहेका धर्मको भाग गराउन शक्तैनन् प्राणि विशेषलाई बुझाउने शब्दमात्र स्त्रीमा रहेका धर्मको भाग गराउन शक्छन्

जीव नभयाका वस्तुलाई र लोग्ने स्वास्नी जान नसकिने साना साना जीवलाई बुझाउने शब्द नपुंसक लिंग हुन्छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाग्री लोहली यहा स्त्रीप्रत्ययभयाकोछ् शह्न न
पुंसक लिङ्ग छ

फल फूल रुखं लहरो किरो मारखो तिरखो

पुल्लिङ्ग स्त्रीलिङ्ग दुवैमा चलन ऊने पनि कोहि श
ब्द छन् तिन्का स्त्रीलिङ्गमा प्राणिलाई बुझाउदा पनि
स्त्रीप्रत्य ऊदैनन्

गलरव चौपाय नानी बाबु

ब्राह्मणक्षत्रियादि जातिका स्त्री जातिको ई ब्राह्म
णकी स्त्री ऊन् ई क्षत्रियकी स्त्री ऊन् भनि छुट्याउने
विशेष लक्षण केहि नऊनाले र आकृतिलेमात्र ई ब्रा
ह्मणकी स्त्री ऊन् ई क्षत्रियकी स्त्री ऊन् भनि छुट्याउन
नसकिने ऊनाले पुंयोगको विवक्षा गरि स्त्रीप्रत्यय
विधान् गरिनेछ

गाई भैसी हरूको आकृतिका विशेषले पहिचा
न ऊने ऊनाले र पुंयोग तिन्मा अकिञ्चित्कर ऊनाले
जाति लक्षण स्त्रीप्रत्ययको विधान ऊनेछ

जाति लक्षण स्त्री प्रत्ययका अनुरोधले जाति वा
च्य भयाका जाति पदार्थ जीवन भयाको ऊनाले जाति
को लिङ्ग नपुंसक रहेछ

जातिको बोध गराउनाका निमित्त स्त्रीप्रत्यय भया
को छ ना पनि वाच्यार्थ नपुंसक पदार्थ ऊनाले मेरोगा
ई भन्या व्यवहार पनि ऊन शक्छ

अर्थक्रियाकारित्व १ जातिमा रहन नसक्काले अ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र्थक्रियाकारी भयाका व्यक्तिमा (२) पर्यवसान भै सो व्य
क्ति विशेष वाच्य भयामा त्यो धर्म (३) रहन सक्ने हुनाले मे
री गाइ भन्या व्यवहार हुन सक्छ

जहान परिवार शब्द संख्याको प्रतीति गराउने श
ब्दका साथ प्रयोग गरियाका छैनन् भनेर बहुवचन् गरि
प्रयोग गरियाका छन् भने त्यो लाई बुझाउछन् ताहा त्वी
प्रत्ययको प्रयोग हुदैन

---

(१) अर्थक्रियाकारी भ्योकहलाउछ् जस्वाट अर्थ र क्रिया सिद्ध हुन्छ
न् प्रयोजन अर्थ कहलाउछ व्यापार क्रिया कहलाउछ् जस्ले गाई
ल्याउ, यहाँ गाइमा रयाको धर्म गोत्व जाति ठहर्छ् गोत्व जाति
लाइ ल्याउन नशकिने हुनाले र, गाई चर्छ, यहा गाइ शब्दले गो
त्व बुझिने भयापछि गोत्व जड हुनाले चेतनमा रहने क्रिया रह
न नशकिने हुदा यो वाक्य असंगत हुन जाने हुनाले अर्थ क्रिया
कारी जाति हुन शक्तैन, व्यक्तिमात्र हुन शक्छ् जाति जस्मा रहन्छ
सो व्यक्ति कहलाउछ
(२) व्यक्तिमा पर्यवसान यस्रीतरले हुन्छ आगो ल्याउ भनि अह्राियिया
का मानिसले आगो ल्याउदा आधार नभै आगो ल्याउन नशकिने हुनाले
केहि पात्रमा राखि आगो ल्याउनु पर्छ् तेस्मा पात्रका उपरको अह्रा
वट थियेन तापनि आगो ल्याउदा जस्लै आधार समेत ल्यायियो तस्तै
जातिको आश्रय भयाका व्यक्तिलाई छोडि खालि जाति लाई मात्र ल्या
उन नशकिने हुनाले जातिका उपर वत लायियाको व्यवहार व्यक्तिमा
पर्यवसान भयाको छ्
गाई शब्द लेर जाति व्यक्ति उबै लाई बुझाउछ गाइ बांधू भनि मालिक
ले अह्रायामा आफ्ना गाई लाइ पनि हुटैन अर्काका गाई लाइ पनि
हुटैन तेस्मा यसीकार गाछ कि गायी बांधू यहा व्यक्तिको बोधक
गाई शब्दकोर गाइ लाइ नकटून् हे३ यहा जाति बोधक गाई श

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्दको प्रयोग गरियाकोछ योनिर्णय गर्ने रीति पछी वतायिनेछ (३) स्त्रीधर्म त्यो कहलाउछ जुन् धर्म स्त्रीमा मात्र रहन शक्छ जस्ले मानिस्का स्त्रीमा स्तन, योनि हुन्छन् तस्ले अरु पनि ते स् तेस् जातका स्त्रीमा मात्र रहन शक्ने भया पनि स्त्रीधर्म भनि लिन शकियिन्छन् जस्ले मजुर् कखुरा हरुका पोथी मामात्र रहने धर्म रहँन्छन् तहा संस्थान (शरीरको वना वट) पनि स्त्रीजातको पहिचान् गराउन शकछ

वचनको वर्णन

संख्याको प्रतीति हुदामा जसकोमेल अवश्य चाहि न्छ तेस्तो भागशब्द वचन कहलाउछ

भागशब्द त्यो कहलाउछ जो आफ्ना अर्थको प्रकाश गर्दा जस्मा आफ्ना अर्थको भान हुनेछ उस्कासाथ उस् भंदा अगाडी रहिकन मात्र आफ्ना अर्थको भान गराउ न शकछ

उस्भन्दा अगाडि रहनु त्योठहर्छ जोउस्भन्दा अगा डी (रहिकन मात्र आफ्ना अर्थको) प्रयोग गरियोस् अ थवा प्रतिसंधान अर्थात् मनले मात्र तेस्का अगाडी भ याको संझी राखियोस्

आख्यातका वा नामका अगाडि प्रयोग गरियाका विभक्ति संख्याको प्रतीति गराउन शकछन्

एकत्वसंख्याको प्रतीति गराउने विभक्ति एकव चन् वहुत्वसंख्याकोप्रतीति गराउन्या शब्द वहुवच न कहलाउछन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राकृतमा एकवचन बऊवचनमात्र ऊन्छन् द्विवचन ऊदैन

गहाप्रत्ययको लोपभयाकोछ् वहापनी लोपभयाका प्रत्ययको प्रतिसंधान अर्थात् यहा विभक्ति लोप भयाकोछ भंन्या संझना रहनशक्छ

गुनशाब्दमा वऊत्व संख्याको विवक्षा भयाकोछ तेस शाब्दका अगाडि हरु शाब्दको प्रयोगगर्भे विभक्ति ऊन्छन् तर हरु शाब्दको प्रयोग ऐछिक (१) रहन्छ.

गुन हरु शाब्द प्रकारार्थक छ सो वऊत्व द्योतक ऊनशक्तैन

जसै लेख्ने सामग्री हरु केहिछ यहा लेख्ने सामग्रीले दिने कामदिन शक्ने केहि छभन्या वाक्यार्थ ऊनाले यहा प्रकारार्थक हरु शाब्दको प्रयोग भयाकोछ नगिनिने वस्तुमा वऊत्व विवक्षा भयामा पनि हरु शाब्दको संवंध ऊनशक्तैन

गुनचाहिहरु नोलिने वस्तु ऊनाले परिमाण गम्य रहन्छैन् संख्या परिमाण भन्दा भिन्न ऊनाले हरु शाब्दको प्रयोग ऊदैन

गुन धेरैछ चिनि धेरै छ

प्रकारको अभिप्राय राखेमा परिमाण गम्य नऊनाले संख्याको विषयपनि ऊन शक्छ

गुन चाहिहरु सब पग्लन्छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दको स्वभावै बहुत्व संख्या भयाका पदार्थलाइ बुझाउन्या छ भने हरु शब्दको प्रयोग हुदैन

पंच बोल्छन्

कसैका समुदाय लाई बुझाउने शब्दमा पनि हरु शब्दको प्रयोग हुदैन

ठूलो फौज आयि रहेछ

विशेषण शब्दमा हरु शब्दको सम्बन्ध रहदैन

विभक्तिको वर्णन्

संख्याको प्रतीति गराउने प्रत्यय विभक्ति कहलाउछन्

विभक्ति दुयितरहका हुन्छन् नामिक आख्यात प्रातिपदिक देखि विधान गरियेका नामिक कहलाउछन्. धातु देखि विधान गरियाका आख्यात कहलाउछन

नामिक विभक्ति सात हुन्छन्

प्रथमा	ले	कर्त्ता
द्वितीया	लाई	कर्म
तृतीया	ले	करण
चौथी	लाइके	संप्रदान
पंचमी	देखि बाट	अपादान
षष्ठी	को का की	संबंध
सप्तमी	मा माथि	अधिकरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विभक्ति आफ्ना अर्थलाई आफ्ना प्रकृतिको विशे
ष गराएर भान गराउन सक्छ

प्रथमा देवदत्त छन्छ देवदत्तले खायो

द्वितीया चन्दनलाइछ सात्र चक्का लाई घुमाउछ

तृतीया कलमले लेख्छ कोदालोले खन्छ

चौथी देवदत्तलाई प्रणाम छ यज्ञदत्तके प्रणाम्

पंचमी कसै देखि डर्दैन सहरबाट आउदेछु

षष्ठी देवदत्तको टोपी राजाका घोडा देवदत्तकी छोरी

सप्तमी घरमा बस

संबोधनमा पनि प्रथमा छन्छ

हे भाइ

प्रातिपदिकका तीन लिङ्ग छन्छन्

पुल्लिङ्ग स्त्रीलिङ्ग नपुंसक लिङ्ग

स्वरान्त प्रातिपदिक पुंल्लिङ्ग

प्रथमा	द्वितीया
मानिसले	मानिस लाई
मानिसहरूले	मानिस हरूलाई
मानिस	मानिस
मानिसहरू	मानिसहरू
तृतीया	चतुर्थी
मानिसले	मानिसलाई मानिसके
मानिसहरूले	मानिसहरूलाई मानिसहरूके

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पंचमी	षष्ठी
मानिस देखि	मानिसको
मानिस बाट	मानिसका
मानिसहरू देखि	मानिसकी
मानिसहरूबाट	मानिसका
सप्तमी	संबोधन
मानिसमा	हे मानिस
मानिसहरूमा	हे मानिसहो

वकार मकारको लोप भयाको छ भने एकारका स्थानमा यकारादेश हुन्छ इकार ऋकार ऐकार देखि परको आकारको यकारागम हुन्छ उकार औकार देखि परका आकारको वकारागम हुन्छ

सिंहघ बाघ साप

अकार अन्तमा हुने संज्ञा शब्द व्यंजन संयोगरूप धामा हुने छैन भने तिन्का अन्त्य अकारको लोप विकल्पले हुन्छ

षष्ठी विभक्तिको ककारको र पंचमी विभक्तिका बकारको र सप्तमी विभक्तिका मकारको लोप विकल्पले हुन्छ ककारको लोप भयामा एकवचनमापनि ओकारका स्थानमा आकारादेश हुन्छ

सिंहघआ बच्चा सिंहघको बच्चा
सुना गहना दिदि ईश्वरी घराट

एकारका स्थानमा यकारादेश बनायिने छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुला ला गाग्रो हुम्हा लाट

पंचमीविभक्ति पाट शब्दका आकार को ह्रस्वविक
लेहुन्छ

कता वट आउछौ घर वट

आकार अन्तमा हुने शब्ददेखि परका व्यंजन
को लोप भयामा प्रकृतिका अन्तमा रह्याका आ
कारको ह्रस्व हुन्छ प्रकृतिका आकारको ह्रस्व भ
यामा विभक्तिका आकारको ह्रस्व हुदैन विभ
क्तिका आकारको ह्रस्व भयामा प्रकृतिका विक
ल्पले कारको ह्रस्व हुदैन

छोरा आ टोपी कत आट कता भट

सप्तमी विभक्तिका स्थानमा अनुनासिक आ
कार आदेश हुन्छ घरआँ १/२ छ

राजा

छोराले प्रयोग गरियाको छ भने वावा शब्द
को प्रयोग हुन्छ अरूले प्रयोग गरियाको छ भने
उकारान्त वावु शब्दको प्रयोग हुन्छ

वावा मामा रामा इ॰ भाइ॰ जुवाज्नि ई हाती॰ कामी
उ॰ वावु॰ गुरू॰ ऊ॰ भिनाजू॰ ऋ॰ ए॰ लाटे सांढे ऐ वरै
ओ॰ छोरो भतिजो॰

ईकार उकार अंत्यमा हुने शब्दको अन्त्य स्वर
विभक्ति पर भयामा विकल्पले ह्रस्व हुन्छ हात्तिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथमा विभक्तिकोर द्वितीया विभक्तिको लोप भया
को छैनभने प्रथमा द्वितीया विभक्ति परभयामा
र बहुत्व संख्याको विवक्षा छभनेर सम्बोधन छभ
ने· तृतीयादि विभक्ति पर छ भनेर मध्यमोत्कृष्ट श्रेणीको नम ४
विवक्षा छभने पनि ओकार अन्तमा हुने शब्दका
अन्तका ओकारका स्थानमा आकारादेश हुन्छ

बुढो बुढाले बुढाहरूले बुढो बुढालाइ बु
ढा भन्छन् बुढा छन् ए बुढा बुढाले बुढालाइ बु
ढाको बुढामा मध्यमोत्तमश्रेणी निमित्त बुढा भ
येछौ तै बुढो भयि छस्

वीप्सा भयामा अन्तमा रह्याका ओकारका
स्थानमा आकार आदेश हुन्छ

बुढा बुढाले भनेको छ बुढा बुढा बसेका छन्
लेशार्थक वीप्सा भयामा र ह्रासत्व अर्थक वीप्सा
भयामा साधारण श्रेणीका प्रथमाका एकवच
नमा विभक्तिको लोप भयाको छभने पनि आका
रादेश हुदैन

बाठो बाठो छ रामा रामा हुदैछ रामा रामाले
विशेष्यपदका विभक्तिको लोप भयाको छैनभ
ने ओकारान्तमा हुने विशेषण शब्दका र ओका
रान्त विभक्ति कार विशेषण भयाको अन्त्यमा र
ह्याका ओकारका स्थानमा र विशेषण भयाका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरा वाचक शब्दका अन्त्यका उकारका स्थानमा आकार आदेश हुन्छ

हूला छोराका छोराकोहो सानाछोराका छोराको हो

विशेष्य स्त्रीप्रत्ययान्त हुनेर सो विशेष्य एकत्व संख्या विशिष्टभने विशेषणका ओकारका स्थानमा ईकारादेश हुन्छ

कति की राम्री छोरी रहीछ

६ स्त्रीत्वको विवक्षाभने बहुत्व संख्याभयामा आकारादेश हुन्छ

कतिका राम्रा छोरा छोरी रह्या छन्

साधारण श्रेणीका आख्यातको प्रयोग नभयामा विभक्तिको लोपभयाको हुनेपनि ओकारका स्थानमा आकारादेश हुन्छ

कतिका राम्रा छोरा रहेछन्· कतिका राम्रा छोरा हुनु हुँदो रहेछ

प्रत्ययावयव याशब्दका आकारका स्थानमा बहुत्वकोविवक्षाभयामा एकारादेश हुन्छ

चारछोरा भयाका छन्

षष्ठी विभक्ति रूपको शब्दका र विभक्ति प्रतिरूपक नछिन प्रत्ययका ओकारकास्थानमा च छोनाशब्दको विशेष्य विभक्त्यर्थता र भा[illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रियामा सम्बन्ध भयाको भया पनि विभक्त्यर्थलाइ ह्रा रनगरा पनिकन क्रियामा अन्वय हुने भयापनि विभक्तिको लोप भयाको छ भने पनि विशेष्यमा आर्थिक बहुत्व बुझिन्छ भने र अव्यय पर साथ संबंध छ भने आकारादेश हुन्छ

देवदत्तका साथीसाथ रहन्छ यत्निका वरिपरि छ मेरा उपर बहुत्व संख्या भयाको विशेष्य छ भने (विशेष्य विशेषण दुवैका अन्त्य ओकारका स्थानमा आकारादेश हुन्छ) एकत्व संख्या भयाका विशेषण विभक्तिका ओकारका स्थानमा आकारादेश हुन्छ

देवदत्तका राम्रा राम्रा छोरी छन् यस्का पंच आफ्ना छन्

बहुत्व संख्याको विवक्षा छ भने विशेष्य विशेषण दुवैका अन्त्य ओकारका स्थानमा आकारादेश हुन्छ

राम्रा छोरी रहे छन्

(१) विशेष्यमा आर्थिक बहुत्व यसरि रहन शक्छ जहा विशेष्यबाट आफै अनेक प्रकारका स्वरूप लियाको वस्तु बुझिन शक्छ साथीसाथ रहन्छ यहा वीप्साले देशभेदले भयाको अनेक प्रकारको साथ बुझाउछ वरिपरि छ यहा अनेक प्रकारको देश बुझिन्छन् देवदत्तका हाताहात आयाको छ यहां उस्का हातबाट उस्को हात उस्का हातबाट उस्को हात हुदै आयाको हुनाले हाताहात शब्द अनेकप्रकारका स्वरूप लियाका वस्तुलाइ बुझाउन शक्छ भेडाको हुराउ आयो यहा हुराउ शब्दले अनेकप्रकारका स्वरूप लियाका वस्तुलाइ बुझाउन शक्दैन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुंस्त्वको विवक्षाछ भने सर्वत्र विशेषणका ओका
रका स्थानमा आकारादेश हुन्छ

दिदीज्यू हँसीला हुन्छ हुन्छ

वीप्सा भयामा अनेक व्यक्तिको भान हुनजानाले
शब्दको प्रयोग हुँदैन

समास भयाकोछ भने ओकारान्त शब्दका अन्त्य
ओकारका स्थानमा आकारादेश हुन्छ

छोराछोरी बुढाबुढी बाबाजिर रामाजिर

समुदायदेखि विधान गरियेका विभक्तिको लोप
हुने छैन भने तद्धित प्रत्यय पर भयामा ओकारका
स्थानमा आकार आदेश हुन्छ

भलोपन् भलापनको जानाका कामले

प्रशंसा बोधक शब्दका अन्त्यमा रह्या आकारका
स्थानमा आकार आदेश हुन्छ

यो छोरो पहिला छ

औ कौ

स्त्र्यान्त स्त्रीलिङ्ग

आमा मैञा-रानी बाउनी

संबोधन मा ईकारान्त स्त्रीप्रत्ययको ह्रस्व विकल्प
ले हुन्छ

हेरानि हेरानी सबैहि सबैही

कुपु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उकारान्त शब्दका उकारको संबोधनमा दीर्घ ऊ हुन्छ
फुफू बाबू
स्वरान्त नपुंसक लिङ्ग
धन वन मान सुख मुख बल जल फल फूल
आ
पेडा चर्खा वर्षा बाटा लोहटा भाँडा भाडा सट्टा
इ
पानि बानि लहि पहि
ई
झारी डाली पाथी लाली पाटी
उ
धाउ गाँउ तालु नालु आलु आँसु मासु गासु बिरालु
नकार अन्तमा हुने शब्दकार गुण वाचक उका
रान्त शब्दका अन्त्यावयवका स्थानमा विभक्तिको लो
प भयाको छ भने बहुत्वको विवक्षा भयामा र एकत्व
संख्याको विवक्षा छ भने विशेषण हुनगयामा र
विभक्तिको लोप भयामा आकार आदेश हुन्छ
धेरै प्रकारका माना हुन्छन् एकमाना चावल छ
मासु कहाछ मानाले मासु गयो गाना धेरै थिये ध
नु बेस छ धनाले लामाले
हलन्त संस्कृत प्रत्ययान्त शब्दका अन्त्यावयवका
स्थानमा विभक्तिको लोप नभयामा आकार आदे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श ऊन्छ

उकारान्त शब्द स्वरउपान्त्य ऊने छभने उपान्त्य स्वर इकार भयामा स्वरसमुदायका स्थानमा य् आदेश र उ पांत्यस्वर एकार छभने स्वरसमुदायका स्थानमा यो आदेश ऊन्छन्

य् छ्यौ य्यूमा छ्योमा

ख्वानाले ख्वानु देसछ

प्रेमले भयाको मनुष्यको संज्ञा छभने उकार अंत्यमा आदेश ऊन्छ कानु

ऊ

वन्तू सन्तू न्पू

ए

ल्हे ख्वहे चांगो नापुके ऐंटे

अपमान कुशउदा प्रातिपदिकका अन्त्यस्वरका स्थानमा एकारादेश ऊन्छ

देवस्ने काले

ऐ

ज्ञनै कवै मकै पवै सवै

ओ

वाठो वाटो डोको गानो पाटो मारो

औ

जौ काठमारौ झिझौ झारो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नपुंसक लिङ्गको वर्णन

पुलिङ्ग शब्द आफ्ना हनि द्वारा आफ्नु अर्थ वुझायि पुरुष चिन्हको समेत वद्ना भानर् स्त्रीलिङ्ग शब्द पनि आफ्ना अर्थलाई वुझायि स्त्रीलिङ्गको समेत वद्ना भान गराउन शक्छन् नपुंसक लिङ्ग शब्द आफ्ना अर्थलाई वुझाउन शक्छन् लिङ्ग केहिन ऊनाले लिङ्गको उपस्थिति गराउन शक्तैनन्

विशेषको वर्णन

विशेषण शब्द आफ्ना विशेष्यमा आफुले भान गराउन शकिने विशेषको भानगराउछ आफुले भान गराउने विशेषको भानगरायि विशेष्यलाई आफुले भानगरायाका धर्मको विरोधी धर्मभयाका पदार्थ देखि अलक गरायि दिन पनि शक्छ

विशेषणो विशेष्यभयाका ठाउ वाहेक अरुठाउ मा विशेषण शब्दमा हरु शब्दको संवन्ध ऊदैन

विशेषणशब्दपनि लिङ्गको वोधगराउन शक्छ

वुढो लोग्ने नरुणी स्वास्नी

क्रियाविशेषणको वर्णन

क्रियामा तादात्म्य सम्बन्धले विशेष वुझाउने शब्द क्रिया विशेषण कहलाउछ

ढिलो आउछ चाडोजान्छ

यहा क्रियाऊनामा ढिलो चाडो भयाको वुझिन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् क्रियाको स्वरूप वदलायि भान गरायि दिन्छ

रामुरि खान्छ रामौँ गौरखित खान्छ इत्यादि अव्ययीभाव समासभयामा सिद्ध भयाका शव्द हुन् अव्यय जस्ता भाग शव्द हुन आँउदछन् नेस् शव्दलाई क्रियाको विशेषण गरायि दिन्छन्

पालैसित खान्छ यहा वाहिरका इन्द्रियले थाहापायिनशक्ने विशेष केहि छैनता पनि वाधियाका क्रमले भयाको विशेष क्रियामा रहन शक्छ

क्रिया विशेषण शव्द क्रियामा भयाका विशेष जनिछन् तिनलाई अर्थात् स्वरूप वदलिनालाई वा वुद्धिले मात्र भयाका स्वरूपवदलिनालाई वुझाउन शक्ने हुन्छन्

अरु कारक क्रियाका विशेषण हुन आउछन्ता पनि तादात्म्य संवंधले क्रियाविशेषण हुन आउदैनन् ति क्रियाविशेषण कहलाउदैनन्

जुन संवंधले अन्वय हुदामा विशेषण शव्द आफ्ना धर्मको विशेष्यमा भान गराउन शक्छ त्यो संवंध तादात्म्य संवंध कहलाउछ

रामुरि खान्छ पालैसित खान्छ यहा सौन्दर्यको र क्रमिकत्व को क्रियामा भान गराइ दियाको हुनाले रामुरि शव्द हरु क्रिया विशेषण हुन शक्छन्

देवदत्तले खान्छ यहा देवदत्त शव्द विशेषण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

होतापनि आफ्ना धर्मको क्रियामा सम्बन्ध गराउने न हुनाले क्रियाविशेषण ठहर्दैन

जुन क्रिया विशेषण भैकन मात्र प्रयोग गरिन्छ सो नित्यक्रिया विशेषण कहलाउंछ

सएसर सरासरिन गयो

घडी चाउंछ यहा चाउं शब्द क्रियाकोमात्र विशेषण हुने होयिन यहाको दूट् स्वरभ्रक्रियापछि लेखियाकोछ

अवधारणार्थक ऐ प्रत्ययको वर्णन

जस्का अवधारणको विवक्षा छ उसलाई कहने शब्देखि ऐ प्रत्यय हुन्छ

अवधारणार्थक ऐ प्रत्यय हुना प्रातिपदिक देखि र विभक्ति (नामिक विभक्ति आख्यान विभक्ति अन्त्यमा हुने शब्द देखि पनि हुन्छ

अव धारणार्थक ऐ कार पर भयामा अकार आकार अन्त्यमा हुने ओकार अंत्यमा हुने शब्दका अंत्य स्वरको लोप हुन्छ नकार उपधामा हुने शब्दका अंत्यस्वरको लोप हुन्छ नकार उपधामा हुने) र गण वाचक शब्दका अन्त्यका उकारकोपनि लोप हुन्छ अवधारणार्थक सवर्ण पर छ भने इकारकोपनि लोप हुन्छ

देवदत्तैछ मामैछन् छोदैछ मानैहो लानैछ लामैछ कर्मसंज्ञक प्रत्यय संवंधि इकारदेखिपरका निर्द्धार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

णार्थक ऐकारका स्थानमा ईकारादेश विकल्प इका
रको आद्यवयव भैकन यकारागम विकल्पले हुन्छ
यकार को अकार उच्चारणार्थ छ

फुक्कीगयो फुक्कियीगयो फुक्किनै गयो

इकारादिस्वर अन्त्यमा हुने शब्ददेखि परका निर्धा
रणार्थक एकारको आद्यवयव भै नकारागम हु
न्छ रकारान्त देखि परका को विकल्पले हुन्छ

पानिनैहो अग्निनैहो पहिल्यै पहिलेनै

अवधारणार्थक ऐकार परभयामा अन्त्यमा रह्या
का ईकारको ह्रस्व हुन्छ

रीपिनै बेग्लिनै कपुनै साईनै भयो

साईनभयो यहा उकारको भोतगराउने नकारकोप्र
योग भयाको हो

विभक्त्यन्तका साथ निर्धारणार्थक ऐकार भयामा
उत्तमश्रेणीमा हुने हो शब्द अन्त्यमा हुने शब्दका आका
रकास्थानमा ईकार ऐंकार को आदेश पर्यायले हु
न्छ प्रकृतिकासाथ संबंध भयामा एकारका स्थानमा
ईकारको आदेश नित्य हुन्छ

यहिँकैहो यहैँकैहो यहीँकोहो यहीँकी हो

स्त्रीप्रत्ययान्त शब्दको विभक्त्यन्तका साथ भवसंबंध
भयामा ईकारादेश मात्र हुन्छ

यहीँ किनैहो

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एमुरि इनेरु शब्द वाक्य प्रतिरूपक अव्यय हुन्
एमुरिनै भयो इनेरुकै हुन्

अपूर्णता बुझाउनु पर्यामा विधेय भयाका विशेषण शब्द देखि ऐकार प्रत्यय हुंछ

विधेय भयाको विशेषण यो कहलाउछ् उद्देश्यका विशेष वाचक विशेषण शब्द उद्देश्यविधेयभाव भया मा विशेष्य भन्दा अगाडि प्रयोग गरियाको छ्
अपूर्णताथक ऐकार प्रत्यय भयामा अन्त्य स्वरको लोप हुन्छ्

देवदत्त वैसेछ् मोटेछ्

अव्यय शब्द विशेषण हुन शक्छ् तापनि विधेय हुन शक्तैन

ऐकार प्रत्यय पर भयामा स्वर समुदायका अंत्य मा र दुयि शब्द कार उई शब्दका इकार देखि परका स वर्णका स्थानमा वकारादेश हुन्छ

छेउ छेवैछ् उवैछ्

ऐकारप्रत्यय तद्धित कहलाउछ् तेस्ले तद्धितमा हुने कार्य सव हुन्छन्

गोरो गौरेछ् स्वरलोप हुन्छ् सङ् संगैमा छ्
तद्धितप्रत्ययको गकारागम गरिनेछ्

वीप्सा को वर्णन

शब्दको आवृत्ति वीप्सा कहलाउ छ्

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशेष्यमा विशेषणको व्याप्ति बुझाउन्या जुन् विशेषणको व्याप्ति बुझाउनु छ उसै विशेषण को वीप्सा हुंछ

राम्रा राम्रा कन्याको खोजि गर

जुन् विशेषण संबंधि धर्मको लेशमात्र विशेष्यमा बुझाउनु छ तेस विशेषणको वीप्सा हुन्छ

देवदत्त गोरो गोरो छ

---

(१) व्याप्ति- व्यभिचार नहुनु

(२) लेशमात्र अलिअलि मात्र

उत्तरोत्तर वृद्धि कोवा ह्रासको विवक्षा छ भने जुन् विशेषणको वृद्धिह्रास हुन्छ उस विशेषण शब्दको वीप्सा हुन्छ

देवदत्त राम्रो राम्रो हुदै आयाको छ घट्ने घट्ने आउनेछ नराम्रो नराम्रो हुदै जानेछ

अतिशयतो बुझिन्छ भने क्रिया विशेषणको वीप्सा हुन्छ

अकार आकार ओकार एकार् अन्त्यमा हुने शब्दकोर गुणवाचक उकारान्त शब्दकोर वीप्सा भयामा पूर्वभागका अन्त्य स्वरको लोप हुन्छ उपधामा रहाका हकारको पनि लोप हुन्छ- व्यंजन समुदाय उपधामा हुने शब्द छ भने ओकारका स्थानमा अकार आदेश हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

आतिशयिक वीप्सामा ओकार अंत्यमा हुने क्रिया विशेषण शब्द छ भने ऐकार प्रत्यय हुन्छ

चाड् चाडै हिंड्नु थोरै थोरै पढ्नु सार् सारै घोक्नु टाट् टाट हुँदैजान्छ राम्रो राम्रो हुँदै जान्छ सान् सानै छ

गुण वाचक शब्द उकारान्त छ र बहुत्व संख्या भयाको छ भने स्वरलोप वि सानासानै छन्

नछोडीकन भन्ने अर्थमा वीप्सा हुन्छ

साथ् साथै रहन्छ बाट् बाटै हिंड्छ छेउ छेवै जान्छ डाँड् डाँडै हिंड्छ

व्याप्तिमा पनि वीप्सा हुन्छ

(१) बराबर बढ्नु बराबर घट्नु (२) ज्यादा (३) व्यभिचार नहुनु

बात बातैमा रिसाउछ पान् पानै हिंड्छ

संभ्रमले बुझिन्छ भने पद वाक्यको वीप्सा हुन्छ

देवदत्त देवदत्त चोर भाग्यो पक्र पक्र हात्ती आयो हाती आयो

शोक मा र अमङ्गलमा देवता वाचक शब्दको वीप्सा हुंछ

राम राम शिव शिव

अरू पछीका व्यासङ्गलाई हटाउनु पर्दा क्रियापदको वा वाक्यको वीप्सा हुन्छ

जाउ जाउ घर जाउ घर जाउ

क्रियाका नैरन्तर्यको विवक्षा भयामा क्रिया[४] विशे

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६

पमाऊने शब्द विशेषको अनुकरणभयाको शब्द क्रिया विशेषण भयाको छ भने तेस्ता क्रिया विशेषणको वीप्सा ऊन्छ· अघिल्ला भाग देखि आकारप्रत्यय ऊंछ समुदायदेखि इकारप्रत्यय विकल्पले ऊन्छ

---

(१) हटूवडी (२) आर्कोतिर चिन्नदिनु (३) वरावर ऊदेरहनु· (४) (५) हिडूदामा कहि सरासर शब्द ऊन्छ कहि फट्फट् शब्द ऊन्छ यसै अर्थले सरासर फटाफट् सटासट् इत्यादि शब्द सिद्ध ऊन्छन्· यसै खादामा सप् सप् लप् लप् पिउदामा घट् घट् इत्यादि शब्द ऊन्छन् (६) अनुकरण भोकहलाउछ शब्दको आनुपूर्वी जस्को अर्थ ऊन आउछ सट् सट् इत्यादि शब्दका अर्थको यहा काम नऊनाले आनुपूर्वी (जस्को अर्थ ऊन आ) लाइ नै अर्थ गरायाको छ·

सरासर जाउ सरासरि जाउ

हिड्दा पाउको जो सरसर शब्द ऊन्छ तेस्को अनुकरण भयाको सर शब्द क्रिया विशेषण भयाको छ अनुकरण शब्दका वारं वार प्रवृत्तिले बुझियाका नैरन्तर्यले गमन क्रियामा नैरन्तर्य बुझायिन्छ सोहि नैरन्तर्य क्रियामा बुझाउनुपर्दा सासर शब्दको प्रयोग गरिन्छ

कारणका (७) अविलंवित प्रवृत्तिले भयाका कार्यका अविलंवित निष्पत्ति लाइ बुझाउनु छ भने तेस्ता अनुकरण शब्दको वीप्सा ऊन्छ अन्त्य स्वरका स्थानमा इकारप्रत्यय विकल्पले ऊन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सरासरि हिड् सरासर् हिड्

चाउ चाडै पाउचलाउनाले भयाको गमनक्रिया चा हु चाडै भयाको छ

एकक्रिया बराबर हुदाहुदै आर्कोक्रिया भयाको छ भने पूर्वक्रिया वाचक शब्ददेखि विधान गरियाका नाना प्रत्ययान्त शब्दको वीप्सा हुन्छ समुदाय देखि ऐप्रत्यय हुन्छ

बोलाउदा बोलाउदै गयो वस्तावस्तै दिनगयो

जुन पदार्थ प्रवृत्ति स्वभावैले जुनतरहले हुने लोकमा प्रसिद्धि: अर्थात् जुन जुन प्रकारले काम हुदा ते स् शब्दवार कुरनुपर्ने व्यवहार पूरापूरा दर्जामा ल्याको लोकमा ठहर्छ· तेस पश्चात् तेस तरहको प्रवृत्ति बुझाउनु पर्दा वीप्सा हुन्छ पूर्वभागदेखि आप्रत्यय हुन्छ समुदायदेखि इप्रत्यय हुन्छ

पालापालि सित नाग्नु पर्छ माझा माझिमा आइपुग्यौं

पालाको प्रवृत्ति जुन्तरहले हुनुपर्छ तेसैतरहले भयाका नाग्नाको र माझ्भन्ने व्यवहार प्रवृत्ति जस्ताइ लियेर हुन्छ तेस्ता भयाका आयिपुग्नाको बोध हुन्छ

जस्लाई जुन् अवसरमा जस्ता प्रकारले गर्नुप र्याको छ उस वस्तु लाई उस अवसरमा उसै प्रकारले गर्याको थोनालाइ बुझाउनु पर्दा उसप्रकारलाइ

(१) हेतु· (२) चाउचाँडै· हुनु (३) चाडूचाडै हुनजानु (४) चलु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुझाउने विशेषण शब्दकोर उस अवसरमा जुन्वस्तु जुन् अवस्थामा भयाकोछ् तेस अवसर् का तेसवस्तुका तेस् अवस्थालाइ् बुझाउने विशेषण शब्दको वीप्सा ऊ न्छ अघिल्ला भागदेखि आकारप्रत्यय ऊन्छ समुदा यदेखि इकार प्रत्यय ऊन्छ

सफासफि भनि दियें खडाखडि वातभयो

व्याप्तिमा वीप्सा भयामा परं पराक्रमे (१) समेत बुझिन्छ भने वीचमा ररपर प्रत्यय ऊन्छन्

सन्तानरर सन्तान् दिन परदिन्

क्रियाको उत्तरोत्तर व्यापार बुझाउनु पर्दा जुन्क्रिया को उत्तरोत्तर व्यापार बुझाउनुपर्छ् तेस् क्रिया वाच क शब्दको वीप्सा ऊन्छ प्रथम भागदेखि आका र प्रत्यय ऊन्छ समुदाय देखि इकार प्रत्यय विकल्प ले ऊन्छ

घट्वढ् शब्द आख्यातान्त शब्द ऊन् जुन् कामगर्दा मा इशब्दको प्रयोग गरिन्छ तेसकामलाई बुझाउन्ना आख्यातान्त शब्दको वीप्सा भयाकोछ्

घटाघट् वढावढ् कसाकस् घटि घटि वढि व ढि कसि कसि

परस्परभयाका व्यापारलाइ बुझाउनु पर्दा लोट को मध्यम पुरुष रूप आख्यातान्त शब्दकोर प्राति पदिक शब्दको वीप्सा ऊन्छ प्रथम भागदेखि आ

(१) उसपछि उ उसपछि उ ऊनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार प्रत्यय हुन्छ

समातासमात्· खिचाखिच्· झिकाझिक्
मिचामिच्· कल्का कल्कि कल्ला कल्लि·

इन्द्रिय वाचक शब्ददेखि परस्परको व्यापार बुझा
उनुपर्दा वीप्सा हुन्छ प्रथम भागदेखि आकार प्रत्यय
हुन्छ समुदायदेखि इकार प्रत्यय विकल्पले हुन्छ ज्ञा
नेन्द्रिय शब्द देखि आकार प्रत्यय मात्र हुन्छ ऐन्द्रियकज्ञानार्थकधा
तु (१) मा द्वे हुन्छन्

हाता हात हाताहाति· आंखाआंख मुखामुख देखा
देखि देखा देख्

क्रोधपूर्वक व्यापार छ भने कर्मेन्द्रिय वाचक
शब्द देखि आकार प्रत्यय मात्र हुन्छ

लाता लात्

आत्यन्तिक सान्निध्यको प्रतीति भयामा पनि
प्रातिपदिकको वीप्सा हुंछ प्रथम भागदेखि ओका
र ऐकार आदेश हुन्छन्

बीचोबीच् साथोसाथ् बीचैबीच् साथैसाथ्
आत्यन्तिक सम्बन्धको विवक्षा भयामा समुदाय क्रि
या विशेषण हुनेछ भने प्रातिपदिक शब्दकोर आ

---

(१) एकै व्यापार बराबर हुनु· तर स्वरूप फरक रहनु पर्छ घय
घर हुदा रोसाको परिमाण भन्दा तेस्राको परिमाण न्यून
कम् हुन्छ हिउदमा पनि एकै व्यापार बराबर हुने ता हुन्छ
तर स्वरूप फरक रहँदैन· (२) आपुस· अर्थात् दुवैतिर
बाट भयाको एकै प्रकारको व्यापार· (३) ज्ञानेन्द्रियदेखि
हुने ज्ञान अर्थ भयाका धातु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ख्यातशब्दको पनि वीप्सा हुन्छ· प्रातिपदिकदेखि आका र प्रत्यय मात्र हुन्छ अनुकरण शब्ददेखि आकार इकार दुवै प्रत्यय हुन्छन्

गना गन गरिगयौं जल्ला जल्लि गरि गयो वन्दा वन्दि भयाको छ वन्दा वन्दि गरि गयो

एकै क्रिया उत्तरोत्तर भयाको बुझिन्छ भने तैदै ता ना इ प्रत्यय अन्तमा हुने शब्दको वीप्सा हुन्छ

बढ्दै बढ्दै गयो घट्तै घट्तै आयो पढ्दा पढ्दै दिनगयो गायि गायि हिड्छ

जस चिजको अव्यभिचरित संवन्ध बुझाउनु प याको छ उसलाइ बुझाउने शब्दको वीप्सा हुन्छ

ठाउँ ठाउँ मा तलाउ छन् वेला वेलामा पानि पर्छ संभावनामा पनि वीप्सा हुन्छ

उड्यो उड्यो उड्दा हुने लक्षण थेरै देखिनाले उड्नाका संभावना भयाको छ

जस्को निश्चय बुझाउनु पर्याको छ उस शब्दको रूढ़ छिर्केर दियेका उत्तरको वीप्सा हुन्छ

गयो गयो गयो कि गयेन भन्या संशय भया मा उत्तर दिन्छ

---

(१) उसैका साथ सदैर रहनु· (२) व्याप्ति· अर्थात् तला उ रहन लायक जती ठाउ छन् ति ठाउमा तलाउ नरह्याका भयेनन् भने तेस्ता ठाउ कोर तलाउको व्याप्ति भयाको ठहर्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुसो मुसो अँध्यारामा खट्खट् गर्ने चोर होकि मुसो हो भन्या संशय भयामा को वा ऽर्थ्कियेर उत्तर दिश माको वा क्य हो

अनुमति प्रकाश गर्दा पनि वीप्सा हुन्छ समुदाय देखि ऐकार प्रत्यय हुन्छ

हो देवदत्त होचा हो चै छ

जुन् पदार्थको प्रकृत वचन कुराउनु पर्याको छ तेस्लाई कहने शब्द को पनि वीप्सा हुन्छ

प्रकृत वचन (२) दुयि तरहको हुन्छ धेरै हुनुर धेरै भयाको हुनु

प्रकृत वचनमा भयाको वीप्सा भयामा अकार आकार एकार ओकार औकार अन्त्यमा हुने शब्दका पूर्व भाग देखि ऐकार प्रत्यय हुन्छ इकार उकार ऋकार अंत्यमा हुने शब्दका (पूर्वभाग देखि ऐकार प्रत्यय हुन्छ) पूर्व भागका इकार उकारको दीर्घ हुन्छ ओकारान्त शब्दका उत्तर भाग देखि आकार प्रत्यय पनि हुन्छ

स्वर आदिमा हुने प्रत्यय पर भयामा एकारका स्थानमा य कार० औकारका स्थानमा अव् आदेश हुन्छन्

यहा घरै घर भये संख्या गरिने पदार्थ हुना ले बहुवचन भयाको छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो फाँट घरै घर भयो इडुयि फाट घरै घर भया का छन् इडुयिफाट पानी पानि छन्

पन्नैपन्ना लायि छन् गहनै गहना भयेर आयि छन्· यसवन्मा भालू भालु छन्· योवन् भालू भालु छ· यहा साठै साठे छन्· योचौर हेर्दा हेर्दै साठैसाठे भयो· यहा मकै मकैरहेछ योघाटो मकै मकै रहेछ· यहा ढोकै ढोका रहेछन् बजार ढोकै ढोका रहेछ· यहा कवै कोछन् योपेल कवै कोछ· (१)

शब्दका वीप्साले व्यापार विशेषको वा गुण विशेषको प्रतीति हुनेछ भने अनुकरण शब्दका वीप्सा हुन्छ क्रिया विशेषण हुवा संज्ञा छ भने इ प्रत्यय हुन्छ

(टिप·को) (१) अड्कल अथवा लक्षण धेरै देखिनाले भयाको निश्चय गयो गयो यहा लक्षण धेरै देखिनाले निश्चय हायिन निश्चय होस भन्नाका निमित्तको वीप्सा हो

(२) धेरै हुनु त्यो हो जस्को वीप्सा गर्नु छ· तेस शब्दको जोअर्थ [redacted] हो सो धेरै हुनु हो· धेरै भयाको हुनु त्यो हो· जुन् शब्दको वीप्सा गर्नु छ· तेस शब्दको अर्थ भयाका पदार्थ धेरै भयाको हुनु हो अर्थात् घरै घर भये यहा घरै धेरै भयाका बुझिन्छन्· योफाट् घरै घर भयो यहाँ फाँट धेरै घर भयाको बुझिन्छ· अधिरुयामा धर्मभा धेरै पन् बुझिन्छ· पछि हृया धेरै धर्म भयाको धर्मी बुझिन्छ

(१) येहा प्रकृत वचनमा वीप्सा भै सिद्ध भयाका शब्द देखि भयाको भन्ने अर्थमा तद्धितको प्रत्यय भयामा योपाटो डरलू डरलूको रेछ भन्या प्रयोग पनि हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जग् जग् गर्छ चक् चक् गर्छ रम् रम् पीरोछ

अपरि संख्येयता बुझाउँदा परिमाण वाचक शब्द् कोर गणन योग्य पदार्थ वाचक शब्दको वीप्सा हुन्छ बीचमा कोशब्दको आगम हुन्छ

थार्नीको थार्नी चिनीछ् सब् चिज् थार्नीका थार्नी छन् पुस्ता पुस्ताको धर्महो

परंपराकोर अभिव्याप्तिको प्रतीति छभने बीच मा न शब्दको आगम हुन्छ

पुस्तान् पुस्तादेखि चलि आयाको चालहो · एकतिर न एकतिर छ

उत्तर वाक्य को संशय भयामा वीप्सा हुंछ

कहाँ जाउँ कहा जाउँ जाने देशको निश्चयनभयामा को उत्तर छ

सम् सामि रम् रमि कट् काटि जग् जागि चक् चकि मर्मरि लम् लामि खप् खपि छुट् छुटि

वीप्सा भयामा आर्का शब्दका पूर्वभागको आदि वर्णको ह्रस्व हुन्छ अंत्य वर्णको स्थानमा एकार देश हुन्छ · अघिल्ला भागमा एकार देश हुदामा पाले क्षित न हुन्छ · (३)

---

(१) गिन्तिन नशक्नु · तोलले व्यवहार गरिने वस्तुमा पनि यति थार्नि छ भन्या जहा विवक्षा छैन वा थार्निको संख्या छैन वहा अपरि संख्येयता रहनु शक्छ·

(२) परंपरा बीचमा नहुनु अर्थ नबराबर नहेर रहनु अभिव्याप्ति हुन्छ

(३) इच्छा गरे हुन्छ इछा नगरे हुदैन·

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थै भर्थै छन् भर्को अर्थै छन्

आम्रे (ऊः स्त्री ः) को वा प्रेम को वा अनुनयन को वा क्य छ भने वाक्य को वा आख्यात को वीप्सा हुन्छ वीच मा संबोधन शब्दको प्रयोग हुन्छ

नकुट बाबा २ नकुट मरे बाबा २ मरे
नकुट नानी २ नकुट पढ नानी २ पढ

जुन समुदाय बाट अलग् गराउनु छ तेस समुदाय लाइ बुझाउन जस्तो त्यो समुदाय छ तेस्तैको बोधगराउने शब्दको वीप्सा हुन्छ

वर्ण वर्ण मा ब्राह्मण वर्ण पूज्य हुन्छ

यहा वर्ण को समुदाय बुझाउनु पर्याको हुनाले वर्ण शब्दको वीप्सा भयाको छ उत्तरोत्तर स्वार्थ प्रकारको उत्कर्षको (१) विवक्षा भयामा निपातको वीप्सा हुन्छ पूर्वभागको अंत्य स्वरर उत्तरभागको अंत्य स्वर पर्यायले प्लुत स्वरित हुन्छन् हलन्त शब्दमा उपसंजक इकार उकार छन् भने उत्तरभागमा रह्याका इकार उकार प्लुत स्वरित हुन्छ निर्धारणार्थक ए प्रत्यय पर छ भने उत्तर भागको अन्त्यस्वर प्लुत स्वरित हुँदैन

असली २— असलिका भन्दा असलि असली २— का भंदा रोग कम छ कैहे २— कैहे येविन्छ कैहे कैहे २— आउछ पछी २— पछि आउछ पछिपछी २— पछि पर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३- परऊदैगयो परपर ३- सर्द्छ बाहिर ३- बाहिर र हन्छ बाहिर बाहिर ३- ऊदैजान्छ छेउ ३- छेउमा ऊन्छ छेउ छेउ ३- हिड्छ नजिच् नजीच् ३- ऊदै जान्छ विच् वीचू मा ऊन्छ रुन्‌रुन् टाठा भयो

वाक्यमापनि निपातको वीप्सा ऊन्छ

अव्ययवर्णन ४ अस्ति अस्तिकाभन्दा कमऊदै आयाको छ

जुन् शब्द वाक्यार्थमा प्रत्ययार्थ द्वारा परस्पर संबंधयोग्य ऊनशक्तैन कसैको भागशब्दपनि ऊन शक्तैन आफैकसैको मुख्य विशेष्यपनि ऊनशक्तैन सोशब्द अव्यय कहलाउछ

जोपदार्थको वा वाक्यार्थको परस्पर संबंधगराउछ सो निपातन कहलाउछ

देवदत्तर यज्ञदत्त संगै जान्छन् देवदत्त लेपढ्यो भने यज्ञदत्तपनि पढ्ला

यहा इतरेतरयोगको र हेनुहेतुमद्भावको प्रतीति निपातले गराउछ

न· न· लै· ना· नर· पो· कि· किन· ऊनना· कि· नापनि· क्यान्तिनै· कुनै अने· क्यारे· पनि· नत्र· ननरु जस्ते· नसै वरु· रुन्· ए· कोहिन्न कोहिकेयरि· तैपनि· वा· अथवा· अनि· ऊदि· भ्यारे· भरे· अक्ने· लौं· रु· या

---

(१) इतरेतरस्वार्थप्रकारको रूप त्यो ठहर्छ जो अस्तिको पनि अस्ति विच्कोपनि विच् ठहर्छ जो ३ चिह्न लेखियाको छ सुन त्वरितको हो·

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कै अव्यय पदार्थमा वाक्यार्थमा हुन्निद्वारा आफ्नु अर्थ कुन्हायि आफ्ना अर्थलाइ आख्यातार्थमा मात्र संबंध गराउछन् ति उपसर्ग कहाउछन्

हिजो गयै थें आज जान्छु हिजो आज शब्दमा त्रको भानगराति आख्यातार्थका साथ संबंध गराउन सकछन्

हिजो·आज·भोलि·पर्हि·पहिले·उहिले·कहि· कहिले·अघि·पछि·दिवऊ·सधै·सधै·अवेला हात हत्मा· सालिना मासिना·वर्षैनी·जब·तति· तब·तल माथि यहा जहा तहा कहा वहा भगा उपल्लाखि भित्र बाहिर वहि वहिँ पर नेर छेउ पुछो नजिक दारा अव्ययीभावसमास किन मात्र-लेप्र त्ययान्त उसै यसै तिन्नि कसो रुन् जति तति यति उति उन्नि कन्नि यन्नि तन्नि जन्नि विच वारि पारि सदा बाहेक संगसाथ पोर परार असौं आघौं भोलि पर्सि निकोर्सि सबेरै विहानै· २निश्चयार्थकप्रत्ययान्त साँज सवेर त्यारा कम् कति कता त्यता तेता एता यता उत्ता जता वारि पारि तेसो त्यसो उसो यसो जसो कोहि केहि कँहि व्यारे गरि कै कैनि पीछे भर्खर् भरिखरि· भरफासि मुनि मनि निखरा विनासित्ति विनातित्ति

कोहि अव्यय कुनै अर्थमापनि संकेत नगरि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

या का ऊ माले संकेतद्वारा आफ्नो अर्थको उपस्थित न गराएर संबंध जनाउन नसक्ने तैसैला का वक्ताका हर्ष विस्मात हरूको सूचनमात्र गर्छन् ति कर्म प्रवचनीय कहलाउछन्

कर्मप्रवचनीय इ अर्थलाइ सूचन गर्छन्

ए	स्मरण
अहा	आनन्द
ओहो	आश्चर्य
शा ५	प्रशंसा
हायि	विस्मात दया
है	निश्चय
के	प्रश्न
जा	विस्मृति
उस्	हेतु उद्देश ईर्ष्याभिमुखप्रेम आश्चर्य

देवदत्त अहा क्या ठराउ हराह ओहो जुवा जितियो

इति अव्यय प्रकरणम्

सर्वनाम

आफ्ना आफ्ना प्रयोगका हेतुभयाका रीतिको मात्र अनुरोधगरिवि सबसित मिल्न शक्ने प्रातिपदिक शब्द सर्वनाम कहलाउछन्

म· तँ इत्यादि प्रयोगगर्ने रीतको अनुसरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मात्रगरि सबपदार्थ सित मिल्न शक्छन्

वाक्य प्रयोगगर्ने स्त्रीवा पुरुष आफूलाई जनाउने शब्दको व्यवहारगर्दा आफूलाई म·हामि शब्दले व्यवहार गर्छन्,[2]

मनुष्यजात्ले नर पदार्थले शाब्दिक व्यवहारगर्न न शक्ने हुनाले मनुष्य भन्दा भिन्नमा म·हामि शब्दले व्यवहार गरिदैन

तैंतिमि तपाईं इ शब्द वाक्यश्रोता कन्नाले प्रयोग रियाका शब्दबाट बुझिन्याका कामको आश्रय हुनजो शक्छ, लाइ बुझाउँछन्

नियोग, प्रेरणा, कोअधिकार अरुमा रहन नशक्ने हुनाले मनुष्यमात्र इ शब्दले व्यवहार गरियिछन्·

आफु महत्व देखाउनेमा हामि शब्दको हकार दीर्घ पनि हुनशक्छ ले विभक्ति परभयामा मशब्दका अकारका स्थानमा ऐकारको आदेश हुन्छ

---

(१) वर्धमान (२) मनुष्यजात्य त्यो कहलाउँछ जोप्रलयको उतरादिन शक्छ· स्वरूपधारी देवता हरुपनि मनुष्यजात्य हुनशक्छन् प्रतिमामा प्रतिष्ठा भयाका देवता मनुष्यजात्य ठहर्दैनन्

(२) शब्दले गर्ने व्यवहार पशुपक्षी हरुमा पनि शाब्दिक व्यवहार देखिन्छ तापनि मनुष्यका साथ छैन तेस्ले मनुष्यजात्य व्यवहारमा मात्र इशब्द प्रयोग गरियिन्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संबंधको विवक्षा भयामा म शब्द देखि रो रा री प्रत्यय हुन्छन् मकारका अकारका स्थानमा ऐकार आदेश हुन्छ

संबंधको विवक्षा भयामा हामि शब्द देखि रो रा री प्रत्यय हुन्छन् इकारको लोप हुन्छ

म	मैले	मलाइ	मेरो मेरा मेरी
हामि	हामिले	हामिलाई	हाम्रो हाम्रा हाम्री
हामिहरू	हामिहरूले	हामिहरूलाइ	हामिहरूको को की

तँ तिमि तपाञी शब्द संबोध्य लाइ बुझाउछन्.

साधारण श्रेणीमा तँ शब्द मध्यम श्रेणीमा तिमि शब्द उत्तम श्रेणीमा तपाञी शब्द व्यवहार गरियिन्छन्.

तँ तिमि शब्द देखि सम्बन्धमा रो रा री प्रत्यय हुन्छन्

ले विभक्तिपर भयामा तँ शब्दका अकारका स्थानमा ऐकारादेश हुन्छ

तैले

रेफ आदिमा हुने विभक्तिपर भयामा तँ शब्दका अकारका स्थानमा एकारादेश हुन्छ

तेरो तेरा तेरी

रेफ आदिमा हुने विभक्ति पर भयामा तिमि शब्दका अन्त्य इकारको लोप हुन्छ

---

(१) संबोध्य त्यो ठहर्छ जस्को प्रवृत्ति संबोधनले वदल्न दिनशक छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिम्रो

लकार आदिमा हुने विभक्ति परभयामा तिमि शब्दका अन्त्य इकारको लोप विकल्पले हुन्छ

तिम्ले तिमिले तिम्लाइ तिमिलाइ

तिमि शब्दका साथ भाग शब्दको नित्यसम्बन्ध रहन्छ सर्वनाममा एकव्यक्ति भयामा पनि बहुवचनको प्रयोग गर्नु सक्छ

यो शब्द

बाह्येन्द्रिय गोचर हुनाले होसवा मनोमात्रगोचर हुनाले होस इन्द्रिय गोचर वस्तुको निर्देश गर्नुछ भने यो शब्द आफ्ना स्वरूपले रहन्छ विभक्तिको लोप भयाको छैन भने एकत्व संख्याको विभक्ति परभयामा यस येस शब्दको पर्यायले आदेश हुन्छ-बहु इन् आ

यो यस्ले येस्ले इन् हरूले सुन् शब्दका साथको बहुत्व द्योतक भाग शब्दको नित्य संनिदेश पवस्तु मध्यम श्रेणीको छ भने एप्रत्ययको लोप भयाको छ भने एकत्व संख्या बुझिन्छ भने इकारादेश हुन्छ प्रत्ययको लोप भयाको छैन भने इन् आदेश हुन्छ

---

(१) बाह्येन्द्रियको विषयभयाको वस्तु बाह्येन्द्रिय-आखा-नाक-कान-जिब्रो-छाला

(२) मनोमात्र विषयभयाको वस्तु

(३) इन्द्रियको विषय भयाको वस्तु

(४) देखाउनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१ इनले इन्हरूले

उन्नमध्ये शीमा यहाँ शब्दको प्रयोग हुन्छ

त्यो शब्द

पूर्व परामर्शक (अघि अनुभवमा चयाका वस्तुको स्मरण गराउने) हुन्छ

साधारणश्रेणीमा प्रथमाविभक्तिका एकवचनमा त्यो यस् शब्द स्वरूप लेर सो यस् शब्द स्वरूपले प्रयोग गरिन्छ

वक्ताका अनुभवमा मात्र चयाका वस्तुको स्मरण बुझाउनु पर्छ भने सो शब्दको प्रयोग गर्नुपर्छ

श्रोताका अनुभवमा पनि चयाका वस्तुको स्मरण बुझाउनु छ भने त्यो शब्दको प्रयोग गर्नु पर्छ

दुवैका अनुभवमा चयाको स्मरण बुझाउनु छ भने दुवै शब्दको प्रयोग हुन्छ

द्वितीयामा बहुत्व संख्याको विवक्षा भयामा तिन् शब्दको आदेश हुन्छ

---

(१) नेपालमा अघि अघी जो जाडो हुन्थ्यो सो जाडो अव हुँदैन यहाँ यो वाक्य नेपालका अघिका जाडाको अनुभव नभयाका श्रोताउपरको हुनाले यहाँ जाडो वक्ताका अनुभवमा मात्र चयाको बुझिन्छ

(२) यही वाक्यमा त्यो जाडो अव हुँदैन भनि प्रयोग गरियो भने श्रोतापनि अघि अघीका जाडाको अनुभव गर्नेरहेछ र त्यो शब्दले निर्देश गरियो भनि बुझिन्छ अर्थात् त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भरुविभक्ति पर भयामा त्यस् तेस् शब्दको पर्यायले आदेश हुन्छ

मध्यमश्रेणीमा प्रथमा विभक्तिका एकवचनमा विभक्तिको लोप भयाको छ भने ति तिनि शब्दको र विभक्तिको लोप भयाको छैन भने तिन् तिनि शब्दको आदेश हुन्छ

शब्द जहा प्रयोग हुन सक्छ वहा सो शब्दको पनि प्रयोग हुन सक्छ जहा सो शब्दको विषय भनि ये हु बताथियो वहा त्यो शब्दको प्रयोग हुन सक्तैन यस्को कारण यो हो श्रोताका अनुभवमा चढ्याको भयामात्र श्रोता लाई

(१) उस समयका काममा जस्लाई लिनु पर्छ अर्थात् जस्लाई तेस समयका काममा लगाउनु पर्छ

(२) तेस समयका कामका ओ जो लगाइदैनन् तिस व अवस्थित वर्णका ठहर्छन्

(३) सर्वनाम शब्दले हो सवा भरु शब्दले देखायिने वस्तुनि ईस्पष्ट हुन्छ

स्मरण हुन्या हुनाले श्रोताको स्मरण बुझाउनालाई त्यो शब्दको प्रयोग गर्नुपर्छ त्यो शब्दको प्रयोग छ भने निमित्ते अनुभव गर्याको वस्तु भन्न वाक्यार्थ हुन्छ अनुभव नभयाको वस्तु छ भने र निमित्ते अनुभव गर्याको वस्तु भनि भन्न सर्वथैव हुदैन श्रोता पनि अनुभव नभयाका वस्तुको स्मरण गर्न सर्वथैव सक्तैन श्रोताका अनुभवमा पनि चढ्याका वस्तुको स्मरण गराउन शब्दको प्रयोग नहुन सक्तैन, श्रोताका अनुभवमा चढ्याको ठह्र्यापछि उवेका अनुभवमा चढ्याका वस्तुको उवे शब्दले निर्दे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तम श्रेणीमा तैंहां शब्दको प्रयोग गरिन्छ

जो शब्द

विवक्षा गोचर वस्तुलाई अविवक्षित वर्ग वा
८ अलग गराउंछ

१ मनुष्ये निर्देश्य छर निर्देश्यका साथ प्रयोग
गरियाको छैन भने साधारण श्रेणीमा प्रथमावि
भक्तिको लोपभयामा आफ्ना शब्द स्वरूपले रहंछ

२ निर्देश्य मनुष्य होयिन भने र निर्देश्यका साथ
प्रयोग गरियाको छैनभने ज्युन् शब्दको आदेश हुंछ

३ द्वितीय विभक्ति परभयामा निर्देश्यका साथ
प्रयोग गरियाको छैन भने जस् आदेश हुन्छ

४ निर्देश्यका साथ प्रयोग गरियाको छ भने
विभक्ति परभयामा ज्युन् शब्दको आदेश हुंछ

५ विशेष्यका साथ प्रयोग गरियाको छैन र मनुष्य
भन्दा भिन्न उद्देश्य छ भने ले· लाई· वा ८·मा शब्द परभ
यामा जे शब्दको आदेश हुन्छ मनुष्य उद्देश्यक छ भने
जस् आदेश हुन्छ

६ षष्ठी विभक्ति परभयामा मनुष्य उद्देश्यक होस ता
पनि मनुष्य उद्देश्यक नहोस् तापनि जस् आदेश हुंछ

शकुन शक्छ जहां वक्ताका अनुभव मात्र भयाकोछ· वक्ता
का अनुभवमा न चढ्याका वस्तुको स्मरण गराउन शब्दको
प्रयोग हुन शक्छ वहां (अघि अघिका जाडाको प्रसङ्ग भया
मा) त्यो जाडो अब हुन्छ कि हुन्न, यो प्रयोग हुन शक्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७ मनुष्येतर निर्देश्यभने विभक्तिको लोप भयामा जे श
ब्दको आदेश हुन्छ
८ पदार्थ सामान्य निर्देश्य छ अर्थात् विशेष गरि के
हि पर्नेलियाको छैन भने जे शब्दको आदेश हुन्छ
९ वीप्सा छ भनेर विशेष्यकासाथ प्रयोग गरियाको
छैन भने विभक्ति पर भयामा जस आदेश हुन्छ विशे
ष्य का साथ प्रयोग गरियाको छ भने जुन् आदेश हुन्छ
१० वीप्सा भयामा निर्धारण जाति गुण क्रिया संज्ञाले
आफ्ना विवाक्षागोचर वर्गबाट अलग् गराउनु छैन
भने विभक्तिको लोप भयामा मनुष्यो देशक छ भने आ
फ्ना शब्द स्वरूपले रहन्छ मनुष्यो देश्यक छैन भने जे
शब्दको आदेश हुन्छ

मध्यमश्रेणीमा

१ अनिर्धारणमा षष्ठीबाहेक अरु विभक्तिमा जुन् शं
ब्दको आदेश हुन्छ षष्ठी विभक्तिमा जस शब्दको आ
देश हुन्छ
२ निर्धारणमा चाँहिं शब्दको प्रयोग छैन भनेर मनुष्येत
र विषयक छ भने ले साउ बाट देखिमा शब्द पर भ
यामा जे आदेश हुन्छ मनुष्य विषयक छ भने जु
न् जस् शब्द पर्यायले आदेश हुन्छ
३ चाँहि शब्दको प्रयोग छ भने मनुष्य विषयक
होस् वा नहोस् जुन् शब्दको आदेश हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथम श्रेणीमा

१	जो देश काम गर्छ सो मानिस कहलाउँछ
२	जुन् जेठूछ सोहि योग्य देस ऊन्छ
३	जस्लाई भन्छन्
४	जुन् मनुष्य जुन् यश पाउन्छ
५	जेले· जेलाई· जेबाट· जेमा· जेमाथि, जस्ले· जस्लाई· जस्बाट· जस्मा· काम ऊँछ· सो माथि भए
६	जस्को छोरो पंडित छ जस्का हाँगा लाम्मा छन्
७	जे खानु ऊन्छ जे पिपिन्छ
८	जे चाहिन्छ
९	जस्· जस्ले गर्छन्· जुन जुन् मानिसले जुन् जुन् जुन् विद्यार्थी पढ्छन्·
१०	जो जो पढ्छन् जे जे भान्सामा पाकेको छ

मध्यम श्रेणीमा

	जुन् पटाउन लाग्याका छन् तिनु बालक ऊन्· जो बालक छ
	जुन् स्यावान् छन् ति मजन कहलाउछन् जो स्यावान्छ
	जुन् लड्छन् तिनु क्षत्रिय ऊन् जो क्षत्रिय छ
	जस्को नाउँ देवदत्त छ तिलाई देउ जो देवदत्त हो
	जुन चाहिजे लिन्छौ· जेलाई लिन्छौ
१	देवदत्त यज्ञदत्तमा जुन् लाइया जस्लाई रोजन्छौ
२	जुन् चोहि चाहिं छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ शब्द

इन्द्रियगोचर नभएका वस्तुलाई देखाउन प्र
योग गरिन्छ

साधारण श्रेणीमा प्रथमा विभक्तिको लोपभयामा
उ शब्दको प्रयोग गरिन्छ

सा॰ एकत्व संख्याको विवक्षाभयामा सब वि
भक्तिपर भयामा उस् आदेश हुन्छ

उस्ले उस्का

सा॰ बहुत्वसंख्याको विवक्षाभयामा स॰ उन्
आदेश हुन्छ

मध्यम श्रेणीमा

प्रथमाका एकवचनको लोपभयाको छभने उनि
शब्दको आदेश हुन्छ लोपभयाको छैनभने उन् श
ब्दको आदेश हुन्छ बहुत्वसंख्याको विवक्षा छभने
पनि उन् आदेश हुन्छ

उत्तम श्रेणीमा वहा शब्दको आदेश हुन्छ

सर्वे शब्द र सब् शब्द

इ दुवै अशेषरूप अर्थलाइ बुझाउछन् यस् अर्थ
मा स्वभावैले गणार्थभयाको हुनाले बहुत्वसंख्या
को विवक्षा हुदैन

सब् गयो चिनी सब् झिकियो

संख्येय छभने बहुत्वसंख्याको प्रतीति हुन सक्छ

सबै गुण छन्

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आर्को शब्द

कुनै प्रकृत पदार्थ अर्थात् (ते स्वेरा व्यवहार गरियाको चाहि।) भन्दा केहि विशेषले अप्रकृत अर्थात् (ते स्वेरा व्यवहार नगरियाका) समान जातीय वस्तु लाई बुझाउछ

कुनै एक घर देखियापछि दर्शनक्रियाको विषय नभयाका घरा न्तर अर्थात (आर्को घर) लाई बुझाउनुपर्दा आर्को शब्दको व्यवहार गरिन्छ

प्रथमा विभक्तिका एकवचनमा साधारण श्रेणीमा आफ्ना शब्द स्वरूपले रहन्छ

विभक्ति पर भयामा र विशेषण भयामा ओकारका स्थानमा आकारादेश हुन्छ

अरु श्रेणीमा सर्वत्र आकारादेश हुन्छ स्त्रीलिङ्गमा ईकारादेश हुन्छ

---

(१) गिनिन योग्य वस्तु·

(२) प्रकृत चाहि पनि एकै भया मात्र यो शब्द प्रयोग गरिन्छ अप्रकृत धेरै भया अरु शब्दकै प्रयोग हुन्छ तर यो नियम संख्येय निर्देश भयामात्र हुन्छ परिमेय निर्देश भयामा अरु शब्दको मात्र प्रयोग हुन्छ यस शब्दको प्रयोग हुदैन; मध्यम श्रेणीमा आर्को छ भन्ना प्रयोग पनि एकवचनान्त हो वीप्सा भयामा सबु शब्द बहुवचनान्त हुने हुनाले वीप्साका नियमले अर्के अर्कै छन् भन्ने प्रयोग भयाको छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

अरु शब्द

संख्या को विवक्षा नभै अप्रकृत धेरै वस्तुको भान हुन्छ भने प्रयोग गरिन्छ

संख्येय विषयक अरु शब्द बहुवचनान्त रहन्छ संख्येय विषयक छैन भने एकवचनान्त रहन्छ

यस् जङ्गलमा अरु मृग छन् अरु चीजनि छ

अर्को शब्द

आफूलाई संज्ञा विशेषको ज्ञान नभयामा संज्ञा विशेषको उच्चारण नगरिकन पनि श्रोताबाट संज्ञा विशेषद्वारा आफूले बुझ्नुपर्ने व्यक्ति विशेषको निर्देश गर्नुपर्दा संज्ञा विशेषका सट्टामा प्रयोग गरिन्छ

अर्का अर्का विद्यार्थी अर्को अर्को ग्रंथ पढ्छन् भनि बताउ

यहा वक्ता लाइ संज्ञा विशेषको ज्ञान नहुनाले संज्ञा विशेषले निर्देश गरेन ता पनि संज्ञा विशेषले बुझ्नुपर्ने विद्यार्थीका वा ग्रन्थका जिज्ञासाले यो वाक्य प्रयोग गरियाको हो भनि वाक्य श्रोता बुझ्न सक्छ

अरु ओकारान्त शब्दका जस्ता रूप हुन्छन्

को शब्द

प्रश्नमा प्रयोग गरिन्छ

---

(१) संख्येय विषयक सो ठहर्छ जो भिन्न योग्य वस्तु विषयक हुन सक्छ

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनुष्य विषयक प्रश्न छ भने प्रथमा विभक्तिका एकवचनमा आफ्ना स्वरूपले रहन्छ मनुष्येतर विषयक प्रश्न छ भने के शब्दको प्रयोग गरिन्छ

निर्धारणमा कुन् शब्दको र को शब्दको आदेश हुन्छ यस् शब्दमा संख्याको विवक्षा स्वभावैले हुन सक्तैन

निर्धारणमा विशेष्य मनुष्य विषयक होस वा न होस् कुन् शब्दको प्रयोग हुन्छ

निर्धारण छैन भने विशेषको प्रयोग नभयामा मनुष्यको र मनुष्येतरको विशेष नछुट्टिदा पनि के शब्दको प्रयोग गरिन्छ

मनुष्य विषयक व्यवहार त्यो ठहर्छ जो गर्‍याका प्रश्नको उत्तर दिन सक्छ

---

(१) मनुष्य भन्दा भिन्न

(२) समुदायदेखि जाति गुण क्रिया संज्ञाले अलग् गराउदा जसबाट अलग् गराउनु छ त्यो समुदाय सजातीयको हुनुपर्छ वर्ण वर्णमा ब्राह्मण वर्ण श्रेष्ठ हुन्छ यहा चारवर्णका समुदायबाट एकवर्ण अलग् गराइयाको छ जसबाट अलग गराउनुपर्छ त्यसलाई पर्यालि नदिया त्यो समुदाय सजातीयको हो कि होइन भन्या संदेह हुनाले निर्धारणको निश्चय हुन नसक्ना यो कुन हो भन्या वाक्यमा सजातीय वर्गबाट पृथक्करण (अलग् गराउनु) बुझियोइन कि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योकुन हो भनि भयाका प्रश्नमा सजातीय बाट पृथ
क् कारण बुझिने हुनाले योपनि निर्द्धारण विषयक
प्रश्न ठहर्न शक्छ

कुन गहना मनपर्‍यो

देखापियाका सब् गहनै हुनाले मनुष्येतर विष
यक प्रश्न ठहर्छ

के कारणले आयाका हौ (१)

भन्या शंकाको यो समाधान हो, समाधानको यो आशय
छ यो भनि औलाले देखाउन् वहा पर्छ जहा सजातीय थे
रै छन् नहा सजातीय अरु नभया भन्को भन्नेले भन
न् हुन शक्थ्यो औलाले देखाउनु पर्ने थियेन. असबा
ट अलग गराउनु पर्छ तेस्को निर्देश गर्ने शब्द वाक्य मा
प्रयोग गरियेन तापनि प्रसङ्ग ले बुझ्न शकिने हुनाले
यहा पनि निर्द्धारण बुझिन शक्छ.

(१) के कारणले आयाका हौ यहा पनि कारण का
रणमध्ये एक कोहि कारण बुझिने हुनाले निर्द्धारण
को शंका हुन शक्छ तर यहा कारणमा रह्यो रह्याका
स्वरूप लाइ लि यो प्रश्न भयाको छ कारण का जो अ
नेक स्वरूप छन् तिस्वरूपमध्ये कुन स्वरूप भायाका
कारण ले आयाका हौ भन्या तात्पर्य हुनाले कारण
का स्वरूपमा निर्द्धारण बुझिन्छ तापनि कारण कारण
कारणको निर्द्धारण बुझिदैन कारण कारणको निर्द्धा
रण निर्द्धारण शब्दले ब्यवहार गरिन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्धारणमा

कुन् कारणले आयाकाहौ

केशब्दका प्रयोगका विषयमा प्रथमान्तनीया वि
भक्तिमा क्या शब्दको प्रयोग पनि गरिन्छ

क्या छ क्याले

द्वितीयादि विभक्ति परभयामा मनुष्यविषयक
को शब्दका स्थानमा कम् शब्द आदेश हुन्छ

कस्ले

मनुष्येतरविषयक प्रश्न छभने कोशब्दकास्था
नमा के शब्दको आदेश हुन्छ द्वितीया विभक्तिको
लोप पनि हुन्छ

केगर्यौ केलाइ केको

---

६ (१) के कारणले आयाका हौ यहा पनि कारणका
रणमध्ये एक कोहि कारण बुझिने हुनाले निर्धारण
को शंका हुनशक्छ तर यहा कारणमा रह्याका स्व-
रूपलाइ लि यो प्रश्न भयाको छ कारणका जो अनेक
स्वरूपछन् ति स्वरूपमध्ये कुन् स्वरूप भयाका कार
णले आयाका हौ भन्या तात्पर्य हुनाले कारणका
स्वरूपमा निर्धारण बुझिन्छ तापनि कारणकार
णको निर्धारण बुझिदैन कारण कारणको निर्धा
रण निर्धारण शब्दले व्यवहार गरिन्छ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कति शब्द

संख्याले र परिमाणले भयाका अवछेदका प्रश्नमा प्रयोग गरिन्छ

नापर तोल परिमाण ठहर्छन्

संख्याको अवछेदक कतिशब्द बहुवचनान्त हुन्छ

कति छन्

परिमाणअवछेदक कति शब्द परिमाण बोधक भयामा र परिमाणक शब्दका साथ प्रयोग भयामा पनि एकवचनान्त हुन्छ

धान कति खरीद चिनी कति धार्नी हो गहुँ कति छ कति सानु छ

यो पुस्तक कतिको हो कतिका मानिस रहेछन् इत्यादि

ठाउमा मूल्य परिछेद्य भन्ने र अपरिछेद्य भन्ने अर्थमा तद्धित को प्रत्यय भयाको छ

कतिले सानु छ कतिले कम छ कतिका मुख सेता छन् कति मासिद्धियो

---

(१) अरु संख्या भयाका वस्तुबाट वा अरु नाप तोल भयाका वस्तुबाट अलग गरछुनाका प्रश्नमा। गाइ कति छन् भनि भयाका प्रश्नले गाई दश छन् भनि उत्तर दिया पछि पांच संख्याका गाईका समूहदेखि दश संख्या भयाका गाईको समुदाय अलाउन शक्छ यसै नाप तोलका विषयमा पनि बुझीलिनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफू शब्द
आत्मालाइ बुझाउछ
आफू शब्दद्देखि विधानगरियेका षष्ठी विभक्तिका स्थानमा नु शब्दको आदेश हुन्छ षष्ठीविभक्तिका प्रसङ्गमा हुने आदेश हुन्छन्
आफ्ना ठाउमा आफ्नु कामहो आफ्नी स्वास्नी
आफ्ना शब्द
आत्मीयलाइ बुझाउछ
साधारण श्रेणीमा प्रथमा विभक्तिका एकवचन्को लोपभयामा यस् शब्दको प्रयोग हुदैन

(२) कति शब्द परिमाण व्यवच्छेदक हुना पनि कुन् संख्याभयाका परिमाणविशेषले नापियाकोभन्ने वाक्यार्थ हुना ले गहु कति छ इत्यादिठाउमा परिमाणवोधक हुनशक्छ यहा कुन् संख्याभयाका परिमाणले नापियाको गहु छ भन्ने वाक्यार्थ हुन्छ यस् अर्थले कति शब्द परिमाणवोधकभयाको छ परिमाणवाचक मुरी शब्दकासाथ प्रयोग गरियाको छैन धानकति मुरी छ यहा परिमाणवाचक मुरीशब्दका साथ् प्रयोग गरियाको पनि छ यहा घडा कतिछन् यहा कन् संख्याले गिनियाका घडाछन् भन्या वाक्यार्थ हुन्छ जहा तीन् घडा छन् वहाका सब् घडामा संख्या एकै रहन्छ उस्ताइ गनी ३ ल्याउदा, यस्ताइ गनी ३ लेजाउ, आर्का वाटमंरा पनि त्यहाज ३ न्नि छन् सब् नेवे हुन्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नाले आफ्ना छन्

मध्यमोत्तमश्रेणीमा प्रथमाको एकवचन् को लोप भयामा पनि हुन्छ

हे मित्र तपाइ आफ्ना हुनुहुन्छ

यति उति इत्यादि शब्द

संख्याका प्रमाणका परिच्छेदलाइ बुझाउछन्

इनै निप्रत्ययान्त शब्दमा अवधारणमा आयावय वभै तकारागम नहुनमा वनायिनेछ

यत्ति उत्ति जत्ति कत्ति

कोहि समुच्चायक र शब्दको प्रयोगभयामा जुन् विभक्ति प्रातिपदिकदेखि विधानगरियेका छन् तिन्को वाक्यदेखि पनि विधानगर्छन्

देवदत्तर यज्ञको सासाछ

नर समुच्चायकर शब्दको प्रयोगभयामापनि वाक्यदेखि विभक्तिको विधान हुन शक्तैन

देवदत्तकोर यज्ञदत्तको छोरोरबाबु जान्छन्

यहा देवदत्तको छोरामार यज्ञदत्तका बाबुमा यथा संख्यले अन्वय गर्नाको विवक्षा भयामा देवदत्तर यज्ञदत्तको छोरोरबाबु जानुछन् यस्तोप्रयोगगर्नो भने यथासंख्यले अन्वय गर्दामा देवदत्त शब्दको छोरामा अन्वय गरौभने देवदत्त शब्द विभक्त्यन्त छैन अन्वयविभक्त्यर्थ कारक हुन्छ इवैको छोरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा अन्वय गरौं भने यथासंख्यले अन्वय गर्नाकोवि
वक्षा छ वाक्य देखि भयाको विभक्तिर वाक्यैको अ
न्वय गराउछ पदको अन्वय गराउन शक्तैन
यसै अर्थले प्रातिपदिकदेखि विधानगरिने वि
भक्तिको वाक्यदेखि विधान हुन शक्तैन

इति प्रातिपदिक प्रकरणम्

(१) दुवैको संग्रह गराउने अर्थात् यो अर्थ भया
को र शब्द दुवैलाइ जोडि विशेष्यमा सम्बन्धगरा
इदिन्छ
(२) पैह्ला को पैह्लामा दोश्राको दोश्रामा अन्वय
हुनालाइ यथा संख्यले भयाको अन्वय भन्छन्

कतिशब्द विशेषण भया विभक्तिको लोप हुन्छ वि
शेष्य छ भने लोप हुन शक्तैन यो पुस्तक कति को
हो यहा पुस्तक को र कतिको शब्दको समानाधिक
रण विशेष्य विशेषण भाव छ यस् अर्थले नकि
न कोप्रत्यय गर्नुपर्‍याको हो कति शब्ददेखि षष्ठी
भयामा कतिकोमुख सेतो हुन्छ कतिका आंखा
काला हुन्छन् यो उदाहरण हुन्छ कतिमुरीछ यहा
कतिशब्द विशेषण हुनाले विभक्तिको लोप भयाको
छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

अथ कारक प्रकरण प्रारम्भते

जुन शब्द क्रियामा संबंध गराउने विभक्त्यर्थला
ई मात्र द्वारगराय़ि क्रियामा सम्बंध हुन शक्छ सो
शब्द कारक कहलाउछ (१)

घोडा ल्याउ इत्यादि ठाउमा कर्मत्वादि संबंध
रूप (२) द्वितीयादि विभक्तिका अर्थलाई द्वारग
राय़ि क्रियामा संबंध हुन शक्छ हुनाले घोडा शब्द
कारक ठहर्छ

राजको काजगर्छ यहा क्रियामा संबंधगराउने
कर्मत्व संबंधरूप विभक्त्यर्थ भन्दा बढ्ता काजमा
संबंधगराउने षष्ठी विभक्त्यर्थ द्वारा काज शब्दका
साथ मिलिकन मात्र क्रियाका साथ मिल्न जाने हु
नाले राज शब्द कारक ठहर्न शक्तैन

---

(१) सुरुक घोडा ल्याउ यहा जस्ले विशेषण पनि का
रक ठहर्छ तस्तै काजको विशेषण राजशब्द पनि
कारक ठहर्न गयो भने कारकशक्ति विशेष्य विशे
षण दुवैमा रहन शक्छ हुनाले राज शब्दका षष्ठी
विभक्तिको श्रवण नहुने होला यसै अर्थले कार
क कर्मसंज्ञक हुंछ कर्मसंज्ञक शब्ददेखि द्वितीया
हुंछ भनि भन्नुपर्छ यस्तै अरु कारकमा पनि
बुझीलिनु

(२) यहां आदि शब्दले करणत्व संप्रदानत्व इ

सुरङ् घोडालाइ यहां विशेषण विभक्तिको आकों
केहि अर्थ न हुनाले. समानविभक्तिक (१) हुनाले मात्र
विशेष्य संगका तादात्म्य संबंध लाई धारंगराषि मिलि
विशेष्य विशेषण दुवै शब्दवाट भयाका कर्मत्व अर्थ
भयाका विभक्तिका अर्थलाई मात्र धारंगराएर अ
न्वय हुने हुनाले सुरङ् शब्द कारक हुन शक्छ

अव प्रथमा विभक्ति

हरिले (२) बुझियाका (३) प्रातिपदिकार्थ. प्रातिपदि

कोलिपिन्छन् विभक्तिको अर्थ संबंध ठहर्छ कर्म हुन
भयाका वस्तु जसा प्रकारले क्रियामा मिलि आउंछ
न् तेहि प्रकार कर्मत्व संबंध ठहर्छ घोडालाइ यहां
वक्ताका नजीकमा हुन आउने जुन क्रियाले हुन्छ
सो क्रिया घोडामा हुना घोडा नजीक हुन आउंछ
सो क्रिया यहां वक्ताका सन्मुख फर्काएर हिडाउ
नाले भयाको ठहर्छ हिडाउनाको विशेषण भया
को फल हिड्नु ठहर्छ सो फल घोडामा रह्याको हु
नाले क्रियामा मिल्नामा भन्ना आधारलाई समे
त लिपि मिलजान्छ तेसमा फलाश्रय हुन जो हो सो
हि कर्मत्व हो सो कर्मको र धात्वर्थको संबंध हुन्छ
(१) विशेषणको र विशेष्यको जहां तादात्म्य संबंध
ले अन्वय गर्नाको अभिप्राय छ त्यस्ता दुवै देखि एकै
विभक्ति हुंछ एकै विभक्ति भयाका विशेषण वि
शेष्य समानविभक्तिक ठहर्छन् तादात्म्य संबंध तो

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

कर्थमा रह्याका कर्तृत्व संबंध विशेष भन्या वहुता
लिङ्ग सामान्य परिमाण सामान्य सङ्ख्या सामान्य
लाई समेत बुझाउन्या प्रथमा विभक्ति हुन्छ

लिङ्गहरू पदार्थमा रहने धर्म हुनाले प्रातिपदि
कले पदार्थको बोध गराउन्या पदार्थमा रहने धर्मको
समेत बोधगराउन शक्छ

ठहर्छ जे संबंध विशेष्य विशेषण दुवै शब्दले बुझायि
ने अर्थका धर्म एकै पदार्थमा रह्याका छन् भनि बु
झायि दिन शक्छ सो संबंध बुद्धिले मात्र मेलायिने वि
शेष्य विशेषणले बुझायियाका दुवै अर्थले एकमा
हुन्हे सुरङ्ग घोडा ल्याउ यहां सुरङ्ग शब्दका अर्थले
र घोडा शब्दका अर्थले एकमा भयियाको छ
(२) संकेत (यो शब्द यस अर्थलाई बुझाउछ भनि जो
व्यवस्था बांधियाको छ।) शक्ति कहलाउंछ
(३) प्रातिपदिकका अर्थ जाति, आकृति, (आकार)
व्यक्ति हुन्छन् कहि जाति मुख्य रहन्छ कहि आकृति
मुख्य रहन्छ कहि व्यक्ति मुख्य रहन्छ गाई ल्याई न
कुट्नु यहा जाति मुख्य छ गाईका जात लाइ न कु
ट्नु भन्या अर्थ हुन्छ: सुनका गाई दान गर्नु यहा
आकृति मुख्य छ सुनका गाईको आकार बनायि
दान गर्नु भन्या अर्थ हुन्छ गाई ल्याउ भन्या अर्थ

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिङ्ग सामान्य इत्यादि शब्दले जुन् पदार्थका जुन् लिङ्गह रु छन् वहि लिङ्ग हरु लियिने देखाउनालाइ सामान्य शब्दको प्रयोगगरियाको छ जस्मा ऊयि लिङ्ग भयाथ्याश ब्दमा ऊवै लिङ्गको संग्रहपनिहोस्

हुन्छ यससाल खूब धान् भयो यहाधानशब्द जातिप्रधान भ याको छ· नेपालमा देवमारखवहर यहा आकृतिनै प्रधान छ· देवदत्त यज्ञदत्त इत्यादि व्यक्तिनै प्रधान हुंछ· जहाजुन् प्रधान रहन्छ सोहि प्रातिपदिकार्थलियिन्छ

(१) अपेक्षाबुद्धि त्यो ठहर्छ जुन् बुद्धि संख्यालाई जोडिदिनशक्छ सब्चीजमा एकत्व संख्या रहन्छ आफूलाइ दोथोगराउने कोहि सजातीय वस्तुनभै दोथो ठहर्न शक्तैन नत्ते अरु संख्यापनि हु न्छन् तेस अर्थले आफूलाइ जतियं गरायिदिने सजातीय वस् तु मिल्छन् उतियं गराउने संख्या वहा लियिन्छ तेस्तरहले ज व अनेक एकत्व संख्या भासनान्छन् संख्याको आकांक्ष खास्तित जो ऊिनजाने स्वभावहुनाले जोडिदैगै जहा सम्म पुगी ठहर्छ वहि संख्या पूरा गर्ने ठहर्छ त्यो पूरागर्ने संख्या यहा संख्याशब्दले व्यवहारगरिन्छ

(१) संस्थान आकार· परिमाणको बोध विभक्तिका संस र्गले हुनेर संस्थानको भान संस्थान मुख्य भयाका ठाउमा हुन्ने हुनाले ऊवै देखायियाका छन्

(२) विशेष्यका साथ प्रयोग भयामा भरीशब्दले परिमा ण विशेषले अलग् गरायि का धान लाइ बुझायाको हु नाले परिमेय बोधक हुनगयाको छ

काल अर्थ न भयाका लकार भयामा सकर्मकधातु का कर्त्ता देखि विधान गरियाका प्रथमा विभक्ति हुंछ

देवदत्त गरोस् देवदत्तले गरोस्

[illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिङ्ग शब्दले स्त्रीचिह्न पुरुषचिह्न लिइंछन्
जो नपुंसक लिङ्ग भनि बतायियाका छन् ति शब्द आफ्ना अ
र्थको कोहि लिङ्ग नहुनाले लिङ्गको वोधगराउन शक्तैनन्

देवदत्त इत्यादि शब्दमा जसै पुरुष चिह्नको भानगरा
उन्या सामर्थ्य छ इसैपरिमाणको संख्याको भानगरा
उन्या सामर्थ्य पनि छ

संख्याको अपेक्षावुद्धिले भानहुने हुनाले एकैप
दार्थमा अनेक संख्या रहन शक्छन्ता पनि जुन्संख्याको
विवक्षा छ वहि संख्या लियिन्छ

मानिस बराबरको मूर्त्ति बनाउ भनि कुनै कारीगरलाई
अह्रायामा कारीगरले मानिसका परिमाण बराबर सा
ढे तिन हातको मूर्त्ति बनाउनु पर्ने हुनाले परिमाण भा
न हुन शक्छ

हात्तिको मूर्त्ति बनाउ यहां षष्ठी विभक्तिमा पनि प
रिमाणकोर संस्थान (१) भानभयाको देखिनाले वि
भक्ति विधान गर्ने सब सूत्रमा यही नियम रहन्छ

एकमुरी धान छ यहा मुरी शब्द परिमाण विशेष (वि
श पाथिको) वोधक शब्द हो। विशेष्यका साथ प्रयोग गरि
याको हुनाले परिमेयवोधक हुन्छ धानका परिमाणको वो
ध नाघ्राटे हुने हुनाले विश पाथिले नापियाको भन्ने वा
क्यार्थ हुन्छ

कर्त्तामा आख्यातप्रत्यय भयामा अकर्मक धातुका कर्त्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखि विधानगरियेका प्रथमाविभक्तिको लोपऊन्छ

देवदत्त ऊन्छ देवदत्त भयो देवदत्त ऊनेछ विष्णुमित्र बस्यो

वर्त्तमानकालमार भविष्यकालमा आख्यातप्रत्यय भयामा सकर्मक धातुका प्रथम स्त्रीपुरुषभयाका कर्त्ता देखि विधान गरियाका प्रथमा विभक्तिको (विकल्पले) [नित्य] लोप ऊन्छ

१ भाइ तिमि गर्छौ तिमि गरौला

भूतकालिक आख्यात प्रत्ययभयामा सकर्मक धातुका सब स्त्रीपुरुषमा कर्त्ता देखि विधानगरियेका प्रथमा विभक्तिको लोप ऊँदैन

देवदत्तले गर्‍यो

वर्त्तमान कालर भविष्यत्कालमा आख्यात भयामा सकर्मक धातुका उत्तम स्त्री पुरुषभयाका कर्त्तादेखि विधान गरियेका प्रथमाविभक्तिको नित्यलोप ऊन्छ

म गर्छु हामि गर्छौं म गरूँला हामि गरौंला

४

गमनार्थक धातुका योगमा अकर्म धातुका योगमा भयेझैं ऊन्छ

देवदत्त जान्छ देवदत्त गयो देवदत्त जाला

भावमार कर्ममा विधान गरियाका आख्यातप्रत्ययांत धातुका कर्त्ताको प्रयोग ऊँदैन. कर्त्ताका विशेषण

भाहाको ६८ पत्रामाछ ३ पंक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को प्रयोग हुन शक्छ

आज ठूलो बाघ मारियो आन खूब पढियो बु
ढो भयियो

आख्यात प्रत्यय बाहेक का प्रत्ययले अभिहित न भयाका कर्त्ता देखि विधान गरियाका प्रथमा विभक्तिको लोप हुँदैन

देवदत्तले भन्याको कुरो खूब बेस छ यज्ञदत्तले पढन आँटेको छ विष्णुमित्रले भोग गर्नु

आख्यात प्रत्यय बाहेकका प्रत्ययले अभिहित भयाका कर्त्ता देखि विधान भयेका प्रथमा विभक्तिको नित्य लोप हुँछ

देवदत्त भयाको छ यज्ञदत्त बडो कष्ट पाउ

देवदत्त खान गयो यहा आख्यात बाहेकको प्रत्यय भावमा भयामा कर्त्तामा भयाका प्रथमा विभक्तिको लोप नहुनेर गमनार्थक धातुका योगमा प्रथमा विभक्तिको लोप हुने भयामा गमनार्थक धातु प्रधान हुनाले र प्रधान निमित्तक कार्य प्रबल हुनाले प्रथमा विभक्तिको लोप हुन्छ

---

(१) विपरि वर्त्तन (संस्कृत शब्दको प्राकृत शब्दले विवरण) गर्दामा संस्कृतमा कर्त्ताको प्रयोग भाव कर्ममा पनि हुने हुनाले तकार इकार प्रत्यय जो कृत्प्रत्ययमा बताइने छन् तिते प्रत्यय भयाका शब्दले विवरण गर्नु पर्छ देवदत्तेन न भवे देवदत्तले हुयिदो हुयिंथ्यो·

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गमनार्थक धातुदेखि क्रिया हेतु भावमा हुने प्रत्यय भयामा मुख्यकर्ताको सकर्मक धातुका योगमा भयामा भयेरैं कारक हुन्छन्

देवदत्तले यज्ञदत्तलाइ पठाउनेछ

अभिधान आख्यातप्रत्ययलेर कृत्प्रत्ययले हुन्छ

घोडा चढिन्छ काम भयाको छ

घोडा शब्द प्राणिवाचक हुनाले विकल्पले द्वितीया विभक्तिको लोप हुदा घोडालाइ चढिन्छ भन्या पनि प्रयोग हुन जाला भनि अभिधानमा लियाको छ

जस्को अभिधान प्रत्ययले गर्छ त्यो अभित ठहर्छ

प्रधान धात्वर्थाश्रय अभिहित कहलाउछ

अभिहितकर्मत्व कारकदेखि कर्ममा भयाका (२) विभक्तिको लोप हुन्छ

सम्बोधनमा पनि प्रथमा विभक्ति हुन्छ

संबोधन त्यो कहलाउछ जुन माइको श्रवण वा क्य श्रोताका अन्यत्र पैलियाका प्रवृत्तिलाइ आफ्नो बोल्याका वाक्यका श्रवण तर्फ गराइदिन्छ

संबोधन विभक्तिको प्रवृत्ति वदलिने स्वभाव हुनालेर वाक्यश्रवणका उपर्को प्रवृत्ति हुनाले संबोधन शब्दको श्रवण हुने वित्तिकै पूरा वाक्यको श्रवण हुन नपाउदै प्रवृत्ति वदली माने हुदा संबोधनले हु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेकाम भैशक्ने हुनाले संबोधनवाक्यार्थका भिन्नपक्ष न शक्ना संबोधनलाइबुझाउने विभक्तिकारक विभक्ति हुनशक्तैन

संबोधनमा विधान गरियाका विभक्तिको लोप हुन्छ धेरैजना संबोधन छ भने अगाडि हे शब्दको प्रयोग हुन्छ

हे बालक हे भाइ हो

इति प्रथमा विभक्तिः

अथ द्वितीया

कर्मसंज्ञक शब्ददेखि प्रकृतिको अर्थ प्रकृत्यर्थमा रह्याको कर्मत्वधर्मा वचना लिङ्ग सामान्य परिमाण सामान्य संख्या सामान्य लाई समेत बुझाउदा द्वितीया विभक्ति हुन्छ

कर्मसंज्ञक शब्द सोकहलाउछ जो फलाश्रय हुन शक्छ

धातुका फल र व्यापार दुई अर्थ हुन्छन् भावमा र कर्त्तामा प्रत्यय भयामा व्यापार प्रधान धात्वर्थ कहलाउछ

फल प्रधान धात्वर्थ (व्यापारको विशेष्य) भयामा फलाश्रय प्रधान धात्वर्थाश्रय हुन्छ

व्यापार प्रधानधात्वर्थ (फलको विशेष्य) भयामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यापाराश्रय प्रधान धात्वर्थाश्रय हुन्छ

व्यापार प्रधान धात्वर्थ भयामा कर्मसंज्ञक शब्ददेखि द्वितीया विभक्ति हुन्छ

फल प्रधान धात्वर्थ भयामा फलाश्रयदेखि द्वितीया विभक्ति ता हुन्छ तर नित्य लोप हुन्छ भनि बताियाको छ

कारक शक्ति सबठाउमा व्यासज्य वृत्ति रहंछ

व्यासज्य वृत्ति त्यो कहलाउंछ जो एकै पदार्थ (कारक शक्ति) दुवैमा विशेष्य विशेषण दुवैमा बराबर रहन सक्छ

कारकशक्ति विशेष्य विशेषण दुवैमा बराबर रह्याको हुनाले एकै निमित्त बाट भयाका विभक्ति एकै काल संख्या लाइ बुझाउछन्

प्राणिवाचक शब्ददेखि विधान गरियेका द्वितीया विभक्तिको विकल्पले लोप हुन्छ जडवाचक शब्ददेखि विधान गरियेका द्वितीया विभक्तिको नित्य लोप हुन्छ

---

(१) एदेवदत्त निमियहा आउ यहा प्रवृत्ति वदालेनु पनि वाक्यार्थ भित्र प्रवेश भयाको देखियाको भया कारकविभक्ति हुन सक्थ्यो वाक्यार्थ भित्र प्रवेश हुने भयापछि क्रियामा संबंध न हुने हुनाले कारक विभक्ति ठहरेन

(२) क्रियामा अन्वय हुने सामर्थ्य हुनलो संबंधपनि व्यासज्य वृत्ति हुनसक्छ जेठा छोरा का छोराले राज्य पाउ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

छ कर्त्तामा रह्याका क्रियाको आश्रय भयाको कर्म प्राप्ति वाचक होस वा नहोस् तेस देखि वि· कर्मत्वार्थक विभक्ति को नित्य लोप हुन्छ

देवदत्त काम गर्छ घोडा चढ्छ

क्रिया प्रयोजन भयाका धातुका योग (सम्बंधमा धात्वर्थको विशेषण भयाको क्रिया कर्ममा रहन शक्छ भने तेस मा कर्म देखि विधान गरियाका द्वितीया विभक्तिको लोप विकल्पले हुन्छ

ठूला चक्कालाइ घुमाउ सानु चक्का आफै घुम्छ

ठूलो चक्का घुमाउ सानु चक्का आफै घुम्छ

गमनार्थ भयाका धातुको देशमात्र कर्म संज्ञक हुन्छ

छ यो जेठा छोराका छोरालाइ वा कान्छा छोरालाइ राज्य दिनु भन्या संदेह भयामा शास्त्रले ठहर्याको उत्तर रह्यो यहाँ जेठा यो छोराको विशेषण कोसे संबंध विशेष्य विशेषण दुवैको हुन्छ तेसै अर्थले जेठा चाहि छोराको छोरो छ उत्सर्ग कान्छा छोरालाइ राज्य हुदैन भन्या वाक्यार्थ हुन्छ संबंध आफैं नरहले पनि व्यासज्य वृत्ति हुन्छ संबंध दुवैमा रहने चीज हुनाले एउटा मा मात्र रहन शकैन दुवैमा बराबर रहन्छ तस्स्वरूप आकैलियो वस्छ यो चतुर्थी कारक मा बनायिने छ यसको व्यासज्य वृत्तित्व विशेष्य विशेषण दुवैले एकै रूपले रह्याको छ यसै अर्थले दुवै देखि विभक्ति गराउछ प्रतियोगी अनुयोगी दुवैमा भिन्न भिन्न रूपले रह्याको ठाउमा प्रतियोगि देखि षष्ठी हुन शक्छ अनुयोगि देखि हुन शकैन जस्तै राजको काज शब्द देखि षष्ठी हुन शकैन

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देश कर्म भयामा कर्ममा द्वितीया सप्तमी दुवै विभक्ति हुन्छन्

गाउ जाउ गाउमा जाउ

अन्यत्र अकर्म हुन्छ

रात्मा जान्छ गुरुसित जान्छ

गमनार्थक धातुको कर्म इष्टतमो देश्यत्व निश्चयविषय छ भने द्वितीया हुन्छ छैन भने सप्तमी हुन्छ

कहा जान्छौ सहर जान्छु

प्रश्नवाक्यमा निश्चय नहुनाले सप्तमी उत्तर वाक्यमा निश्चय हुनाले द्वितीया हुन्छ

कँहा जान्छौ भनि प्रश्नभयामा उत्तर दिदामापनि निश्चय नभया कहाँ जाउँ भनि उत्तर दिन्छ

गाँउँ जाँउ कि सहर जाँउ यस प्रश्नमा इष्टतमोदेश्यत्व निश्चय विषयभयाको गाउ होकि सहर होभन्या तात्पर्यले प्रश्नभयाको हुनाले संशय विषय वाक्यार्थ हुन शक्छ पदार्थ हुन शक्तैन

उद्देश्यविधेयभाव रह्याका ठाउमा उद्देश्य देखि कर्ममा (१) चतुर्थी विभक्ति हुन्छ

देवदत्तलाई बाबुभन्छु कन्यालाई खुब राम्ररि हेर्छु

---

(१) इष्टतमोद्देश्यत्व निश्चय स्पष्ट हर्छु म यस ठाउमा जाउँ भनि जुन ठाउलाई लिजानाको निश्चय भयाको छ गाँउँ जाँउँ कि सहर जाउ यहा संशय ठाउलाई मात्र लियेर भयाको छैन वाक्यार्थलाई लियेर भन्याको छ·

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उद्देश्य विधेय भाव भयामा उद्देश्य (बुझायिने धर्मको आश्रय भयाको धर्मी) को पैह्ले प्रयोग गरि अगाडि तिर, विधेय (बुझायिने धर्म प्रकार भयाको विशेषण शब्दको प्रयोग हुन्छ

देवदत्तलाई बाबु भन्छु यहा देवदत्तमा बुझ्नु पर्ने पितृत्व धर्म प्रकार भयाका बाबु शब्दको सम्बन्ध भयाको हुनाले विशेषण शब्दले तादात्म्य सम्बन्धले आफ्ना सम्बन्ध द्वारा आफ्ना प्रकार भयाका पितृत्व रूप धर्मको संबंध बुझायिन्छ

घडालाई हेर्छु यहा उद्देश्य भयाका घडाका उपर दर्शनक्रियाको विधान हुनाले घडा शब्द देखि पनि चतुर्थी हुन्छ नर यहां कारकोर क्रियाको उद्देश्य विधेय भाव छ देवदत्तलाइ बाबु भंछु यहा कारकै कारकको उद्देश्य विधेय भाव छ

उद्देश्य विधेय भाव भयामा वाक्य पनि विशेषण हुन शक्छ

परमेश्वर साह्र दयालु छन भन्छन्

यहां दयालु छन् भन्न्या वाक्य परमेश्वरको विशेषण छ वाक्यको पनि उद्देश्य भन्दा अघि तिर प्रयोग भया मात्र विशेषण हुन शक्छ पछिल्तिर प्रयोग गरियाको

---

(१) ईसूत्रमा कर्ममा भन्ने शब्द प्रयोग भयाको देखिनाले भाव कर्ममा प्रत्यय भयाका ठाउमा इन्सूत्रले विधान गरियाका चतुर्थी विभक्तिको पनि लोप हुन्छ देवदत्त बाबु भनियिन्छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भया विशेषण हुनशक्ने थियेन

देवदत्त लाई बाबु भन्छ यहा बाबु शब्द देखि विधान गरियाका कर्मत्वार्थक विभक्तिको विशेषण विभक्ति हुनाले लोप भयाको छ

प्राप्ति अर्थ भयाका हुधातु कार गर धातुका कर्मविभक्तिको लोप नित्य हुन्छ

लाभ भयेको छ. राम्रो लोग्ने भयेको छ रावणो लोग्ने गरेको छ. दुलहुला आरवा गरेको छ. सलसलाइदा हातपाउ गरेको छ

कालवाचक शब्द देखि र देशवाचक शब्द देखि देश कालमा भयाका अभिव्याप्तिको वा व्यवछेदको अभिप्राय राखेमा द्वितीया हुन्छ विभक्तिको नित्य लोप हुन्छ

एकमैह्ना बस्छ एक कोश जान्छ आठ प्रहर रहन्छ

क्रियाले भयाका विशेषको प्रतीति नगराउने धातुका योगमा कर्ममा चतुर्थी विभक्ति हुन्छ

क्रियाले भयाका विशेष प्रतीति गराउने धातु जो छन् ती धातुका कर्मको संस्थान बदलिन्छ

रूख काट्छ यहा नकाटियामा जुन संस्थान छ सो हि संस्थान काटियापछि रूखको रहन्दैन

(१) एक मैह्ना सम्मको एक मैह्ना भर बस्छ भन्या वाक्यार्थ अभिव्याप्ति मा हुन्छ एकमैह्नाले (एकराशिमा रह्याका सूर्यका क्रियाले) नापियाको, हिड्नालाइ रोक्ने क्रिया भन्ने वाक्यार्थ व्यवछेदको अभिप्राय राखेमा हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवदत्तलाई भन्छु गुरुलाई सोध्छु·

यहा भन्नालेर सोध्नाले कर्ममा संस्थान वदलिन शक्तैन·

कृत्प्रत्ययका योगमा मनुष्य वाचक शब्ददेखि कर्ममा चतुर्थी विभक्ति हुन्छ

देवदत्तलाई लियेर जान्छु यज्ञदत्तलाई समाथि ल्याउँछु

मनुष्येतर जाति हुभने घोडा लियेर आउँछु

मनुष्य वाचक शब्द त्यो ठहर्छ जो मनुष्य विशेषको संज्ञा छ

मानिस लियेर आउँछु· यहा हुदैन

सोध्नु डाँड्नु वनाउनु अर्थ भयाका धातुका योग भयामा जस् सित सोधिन्छ जस्बाट दण्ड लिइन्छ जस् लाई बनाइन्छ तेस्~ शब्द देखि कर्ममा चतुर्थी विभक्ति हुन्छ (२) अप्रधान भयाका

गुरुलाई धर्म सोध्छ राजा देवदत्तलाई सये रुपिया डाँड्दछन् गुरु शिष्यलाई धर्म बताउछन्

गाई दुहुन्छ इत्यादि धातु संस्कृतमा द्विकर्मक बताइयाका छन् तापनि यहा द्विकर्मक हुने तीन धातु मात्र छन् उस्मा पनि अप्रधान कर्ममा चतुर्थी हुन्छ

प्रधान कर्म होस वा अप्रधान कर्म होस् जुन् कर्मको प्रयोग भयाको छ एकै कर्मको मात्र प्रयोग हुन्छ

---

(१) आकारहरूको नकाटिदामाको आकार भन्दा काटिया पछिको आकार फरक हुन्छ (२) गुरु धर्म सोधिइन्छ न देवदत्तस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाई दुहुन्छ दुध दुहुन्छ

गाइलाइ दुहुन्छ यहा उद्देश्य विधेय भावमा चतुर्थी भाव भयाको छ

मित्रसित भेटिमा गछ, गुरुसित धर्म सोध्द छ यहा अव्ययीभाव समास हुनाले 'भयाको' अव्ययीभाव समास क्रियाको मात्र सम्बंध पर्छ हुनाले क्रियाका स्वरूपमा विशेष देखायि दिन सक्तैन तापनि क्रियाविशेषण हुनसक्छ क्रिया विशेषण भयाका विभक्तिको नित्य लोप हुन्छ

अकर्मक धातुका पूर्वावस्थाको कर्त्ता हेतुप्रत्ययान्तावस्थाको कर्म हुन्छ हेतुक कर्म कहलाउछ

सकर्मक धातुका पूर्वावस्थाको कर्त्ता हेतुप्रत्ययान्तावस्थाको कर्म हुन्छ प्रयोज्य कर्म कहलाउछ

हेतु प्रत्ययान्तको कर्त्ता प्रयोजक कर्त्ता कहलाउछ

हेतुक कर्मदेखि द्वितीया विभक्ति हुन्छ

हरी जाँछे वन जाउछ हरी जाउलाइ वन जाउछ

प्रयोज्य कर्मदेखि चतुर्थी विभक्ति हुन्छ

देवदत्त यज्ञदत्तलाइ शास्त्र पढाउछ

कार्मणी प्रत्यय भयामा जाउो बन पियो देवदत्तला

इ शास्त्र पढायिन्छ

येरूपियाउँडियिन्छ शिष्य धर्म बतायिन्छ यहा अप्रधान कर्ममा पनि कर्ममा चतुर्थी भयाको हुनाले अभिहित ठहर्दा चतुर्थी विभक्तिको लोप हुन्छ देवदत्तलाइ शास्त्र पढायिन्छ यहा प्रयोज्य कर्मदेखि चतुर्थी हुन्या कर्ममा न भयाको हुनाले अभिहित ठहर्न सक्तैन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनता कर्म प्रत्ययामा कर्त्ता निराकांक्ष रहने हुनाले प्रयो
ज्य कर्त्तापनि निराकांक्ष हुनशक्थ्यो तर क्रिया हेतुभाव
भयामा हेतुकृत्प्रत्ययान्तको कर्म हुन आयाको हुनाले
प्रयोज्य कर्त्ता निराकांक्ष रहन शक्दैन

धिक्कार शब्दका योगमा जस्लाइ धिक्कार दिनु
पर्याको छ तेस शब्ददेखि द्वितीया हुन्छ

धिक्कार छ देवदत्तलाइ

बुद्धि पूर्वको क्रिया कर्ममा रहन्छ भने क्रिया विशे
षण भयाका धातुका कर्मदेखि कर्ममा चतुर्थी हुन्छ

चोरलाइ स्याउ

स्याउनाको विशेषण भयामा आउनामा चोरको
बुद्धिपूर्वक क्रिया हुन्छ योश स्याउ यहा वाक्यप्रयोग
गर्नेका नगीचमा हुन आउने क्रिया घोडाको बुद्धि
पूर्वक हुदैन

इति द्वितीया विभक्तिः

अथ तृतीया

कर्त्ताको चेष्टा भयाका क्रियाद्वारा क्रिया पैदा गर्ने

(१) आउ इत्यादि प्रत्यय हेतुप्रत्यय कहलाउछन् आउप्रत्यय हुदै
को कर्त्ता पूर्वावस्थाको कर्त्ता रहर्छ हेतुप्रत्ययान्तावस्था प्रयोज्य
हर्छ जो आउप्रत्यय भयाको अवस्थाहो
(१) प्राणिका शरीरमात्र रहन शक्ने क्रिया चेष्टा कहलाउछ जो आ
फ्ना शरीरमा वा आफ्ना शरीरका कोहिभागमा पैदा भयाको क्रिया छ
(२) जउ साधारण सो क्रिया कहलाउछ जो आफु इच्छान भैकन
आफ्ना शरीरका भागमा पैदा भयाको छ वा आफ्ना शरीरभंदा भि
न्न कोहि वस्तुमा आफ्ना इच्छापूर्वक आफ्ना शरीरका सम्बंधले
पैदा भयाको छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारक करण कहलाउछ

प्राणिका शरीरमा मात्र रहन शक्ने क्रियालाइ चेष्टा भन्छन् (१)

जड साधारण छ भने क्रियाकहलाउछ (२)

करणमा चेष्टाले पैदा भयाको क्रिया नियमले रहन्छ

हेतुमा चेष्टाले भयाको क्रिया नियमले रहन्छ भंने नियम छैन

कारण देखि तृतीया विभक्ति हुन्छ

कलमले लेख्छ

यहाँ कलममा जो क्रियाछ त्यो क्रिया कर्ताका चेष्टाले हुन्छ सो क्रिया कलममा रह्याको हुनाले कलम करण ठहर्छ सोहि कलमका क्रियाले रेखा विशेष विन्यास (१) रूपलेखन क्रिया पैदा हुन्छ

हेतुदेखि तृतीया विभक्ति हुन्छ

चतुरहरूले काम हुन्छ

काल· संख्या· प्रमाणले भयाका अन्तर (१) लाइ बुझाउनु पर्दा कालसंख्याप्रमाणबोधक शब्द देखि तृतीया हुन्छ

---

(२) अन्तर त्यो कहलाउंछ जहां जुन भाग जोडि दिंदा दुवै वस्तु बराबरका हुन जान्छन्, वहां बहि भाग अन्तर बुझाउने हुन्छ

(१) रेखा विशेष विन्यास त्यो ठहर्छ जुन् जुन् रेखा बनाउँदै जांदामा अक्षर संकेतको स्वरूप बन्न जान्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

एकदिनले जेठो छ एघुताले कमभयो एकवाडि रे थानि पुग्छ

क्रिया द्वारा कोहि क्रिया भयाको बुझियामा जस्का क्रियाले क्रियाभयाको छ तेस देखि तृतीया हुन्छ

यहा करण मात्रै व्यापार को र हेतु मात्रै अन्य जनकभावको पनि नियम रहदैन

रुपियाले कपडा किन्छ आनंदले दिन काट्छ (१)

यहा रुपिया दियेर जो कपडा लियिन्छ आनन्दका अनुभवले जो दिन बिताइन्छ तेस्मा रुपिया दिना द्वारा र आनन्दका अनुभव द्वारा कपडा लियाको र दिन बिताइयाको बुझिन्छ

फल हुनाले हेतु हुन आयाको छ र जो फल आख्यानबाट बुझियाका क्रिया द्वारा हेतु हुन आयाको छ भने तेस्ता फलवाचक शब्द देखि तृतीया हुन्छ

दानले गर्दा हाती मर्छ नाभाले गर्दा कस्तुरी मर्छ खागले गर्दा गैडा मारियिन्छ

खेल अर्थ भयाका धातुका योगमा जे सेले खिन्छ तेस देखि करणमा द्वितीया हुन्छ

---

(१) चेष्टाबाट भयाका क्रियाको, आनन्दले दिन काट्छ यहा चेष्टाले भयाको क्रिया छैन मानसिक अनुभव मात्र छ तेसै दिन कटनीको पेश गर्नेपनि आनन्द हुन शक्तैन आफै आफ काटिने दिनका भागमा आनन्दको अनुभव मात्र निरन्तर भया

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पासा खेल्छ बुद्धिवल खेल्छ

पासाले गर्दा देवदत्त बिग्र्यो यहा खेल अर्थ भयाका धातुको योग नऊनाले द्वितीया भयेन

अवधिपूरा गराउने देशकाल वाचक शब्दले त्रितृतीया ऊन्छ

आजले मैह्ना पुग्छ अब एकपाउले कोश पुग्छ

इति तृतीया विभक्तिः

अथ चतुर्थी विभक्तिः

जस्को जुन वस्तुमा स्वाभाविक संबंध न रहनाले तेस्को तेस्त वस्तुमा कुनै सम्बंधको भान श्रोताका बुद्धिमा पैदा गराउँदिन शाक्या क्रियाको प्रयोग भयामा जस्को जुयाको छ. तेस अर्थले काटिंदिने छिन र काटाउने अनुभवमै तिउटि वस्तुको मेल प्रसिद्ध छैन तापनि कटनी र अनुभव हरेक भागमा ऊँदै गयाका ऊनाले दिन कटाउने ऊन आयाको मात्र हो. कदाचित् कहिं ऊन आउँछ भने पनि केहि हानि छैन.

(१) स्वाभाविक संबंध स्यो कहलाउछ तेस संबंधको प्रतीति गराउन्या कोहि क्रिया न भयापनि त्यसंबंध प्रसिद्ध रहन शक्छ. जस्ले यो छोरो हो भन्दा वाक्य प्रयोक्ताका सम्बंध बोधक क्रिया न भयापनि त्यसंबंध प्रसिद्धै शाह्ह छ. तापनि बाबु छोराको संबंध बुझिन शक्छ. यहा तेस्तरहको सम्बन्ध केहि नऊनाले क्रिया द्वारा संबंध गराउनु पर्याको छ

(२) संबंध प्रतियोगी स्यो कहलाउछ जस्को संबंध थाउन पर्याको छ

त् वस्तुमा स्वाभाविक संबंध नहुनाले क्रियाले बुझाइनुपर्याको छ तहा संबंध प्रतियोगी र जुन् धर्मीमा जुन् धर्मको स्वाभाविक संबंध नहुनाले तेस धर्मीमा तेस धर्मका संबंधको भान श्रोताका बुद्धिमा पैदा गराउन दिन शक्ता क्रियाको प्रयोग भया मात्र धर्मीमा जुन् धर्मको संबंध स्वाभाविक नहुनाले बुझाउनु पर्याको छ तहा सम्बन्धानुयोगी संप्रदान कारक कहलाउछ

संप्रदानमा चतुर्थी विभक्ति हुन्छ

ब्राह्मणलाई गाइ दिन्छ पानीलाइ तातो गराउछ

---

(३) धर्मी त्यो कहलाउछ· जस्मा विशेषण भयाको धर्म बुझाइन्छ· सोहि धर्मी यहा अनुयोगी छ सम्बंधानुयोगी त्यो कहलाउछ जहां संबंध प्रतियोगिको संबंध रहन्छ पानिमा संबंधप्रतियोगि तातोको संबंध बुझाइन्छ

---

(१) स्वत्व त्यो ठहर्छ जो मेरो हो भन्या बुद्धिको विषय हुनजा न्हेहो यहा दिनाले ब्राह्मणको त्यस्तो बुद्धि पैदा हुन शक्छ

(२) आश्रयता सो ठहर्छ जो अधिकरणता हो पानी तेस धर्मको अधिकरण थियेन तापनि तेस धर्मको अधिकरण पानिलाइ गराउने काम भया पछि पानि अधिकरण हुन शक्छ पूर्वि पावतास पानिलाइ तातो गराउछ यहा पूर्वीया वतास का चलनाले जो पानि गर्माउछ सोहि गर्मावट पैदा गर्नु पानिलाइ तातो गराउनु ठहर्छ

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्राह्मणको स्वत्व(१) गाइमा नहुनाले दानक्रियाले गाईमा ब्राह्मणको स्वत्व पैदा गराइदिनाले संबंधप्रतियोगी ब्राह्मण संप्रदान हुन शक्छ

पानीमा त्यो धर्म नहुनाले त्यो धर्मको आश्रयता(२) रूप संबंध क्रियाले पैदा भयाको हुनाले संबंधको अनुयोगी भयाको पानी संप्रदान हुन शक्छ

आफ्ना आधीनमा रह्याका वस्तुलाई अर्काका अधीनमा गराउनालाई दान भन्छन्

तहां जुन्कामका निमित्त जुन नरहले तस्का अधीनमा गराउनु पर्छ वहां तेस्कामका निमित्त तेहि नरहले तेस्का अधीनमा गराउनाको आवश्यकता हुन्छ

ब्राह्मणलाई गाइ दिन्छु यहां पुण्य होस् भन्नाका निमित्त दान गर्‍याको हुनाले फेरी फर्काइ लिनामा पुण्यको हानि हुनाले आफ्ना स्वत्वको निवृत्ति पूर्वक पराधीन गराउनामा तात्पर्य छ

---

(१) स्वत्व त्यो ठहर्छ जो मेरो हो भन्ना बुद्धिको विषय हुन जानु हो यहां दिनाले ब्राह्मणको मेरो बुद्धि पैदा हुन शक्छ
(२) आश्रयता त्यो ठहर्छ जो अधिकरणता हो पानी त्यस धर्मको अधिकरण पानि लाइ गराउने काम भयापछि पानि अधिकरण हुन शक्छ   दोहरापयो

धोबिलाइ कपडा दिन्छु यहां धुनालाइ धोबिलाइ दियाको हुनाले [redacted] धोयि तयार नगरुंज्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

ल सम्मको पराधीनीकोकरणमा तात्पर्य छ

पराधीनीकरणपनि जुन् फल सिद्ध गराउनाको आशय छ जुदिफल जुन्तरहले पराधीन गर्छनाले निस्कन शक्छ वहि तरहले पराधीनीकरणको अभिप्राय राखिन्छ

धुनाको अभिप्राय राखेकाहुनाले आफ्ना स्वत्वको निहत्ति नगरायीकन पराधीन गराइया पनि निस्कन शक्ने हुनाले धुनालाइ चाहिने स्वातंत्र्य सम्म धोबिलाइ दियाको छ

गाइदिरामा यथेच्छ विनियोग योग्य ब्राह्मणका इच्छानुसारको कारबार लायक स्वातंत्र्य गराथि नदि पुण्यफल सिद्धन हुनेतेहुनाले यथेच्छ विनियोग योग्य गराथि दियाको छ

---

(१) पराधीनीकरण त्योकहलाइछ जोआफ्नीका हातमा सुम्पनुहो· गाईदिन्छयहा। यहा काहिनाले· ब्राह्मणीकोगाइठहर्नाले आफ्नीको हात् ठहर्दैन धुनलाइ कपडदियाको आफ्नाको हात दियाको ठहर्छ

(२) आफ्ना स्वत्वलाई न छुटायिदिकन आफ्नीका अधीनमा रहनदिनाले मात्रपनि धुनाको काम निस्कन शक्ने हुनाले धुनालाइ चाहिने जति यथेच्छ व्यवहार गर्न धोबिशक्छ धुनालाइ चाहिने भन्दा अरु यथेच्छ व्यवहार गर्नशक्नैन· यथेच्छ व्यवहार त्योठहर्छ जुन् व्यवहारमा कसैको रोकावट पर्न शक्नैन

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्वालालाई दुध खानालाई गाई दिन्छ यहां दुध खानसम्म चाहिने स्वातन्त्र्य हुनाले नहाका दानबाट यथेच्छ विनियोग योग्यत्व पैदा हुन शक्केन्

क्रियाप्रयोजनभयाको क्रिया छ भने प्रयोजनभ्न क्रियाको कर्मरु संज्ञक तुप्रत्ययन प्रत्यय अंत्यमा हुने शब्द संप्रदानसंज्ञक हुन्छन्

वेपारलाई जान्छ तीर्थलाई जान्छ

वेपार गर्नालाई तीर्थ गर्नालाई जान्छ

नप्रत्ययान्त शब्द देखि भयाको चतुर्थी विभक्तिको लोप विकल्पले हुन्छ

खान गयियो खानलाई गयियो

प्रणामलाई र पूर्णतालाई बुझाउने शब्दको प्रयोग भयामा उद्देश्य भयाका शब्दको संप्रदान संज्ञा हुन्छ

गुरुलाई प्रणाम गर्छ दण्डवत् गर्छ देवदत्तलाई पुग्यो भयो

---

(१) यथेच्छ विनियोग योग्यत्व भोक हुनाउछ आफ्ना इच्छा जस्ता एका कारबारमा कसैको रोकावट पर्न नैले शक्केन

(२) क्रिया प्रयोजन भयाको क्रिया भो ठहर्छ जो प्रयोजन (फल) हुन जाउने क्रियालाई बुझाउने शब्दको प्रयोग नभयामा क्रियाको प्रयोजन क्रियै हुनाले मुख्य क्रियाले आफु प्रयोजन भयाका गौण क्रियालाई बुझाउन शक्छ अर्थात् कर्मसंज्ञक शब्द तेस्तरहको हुनुपर्छ जुन क्रिया द्वारा क्रियामा मेलगर्ने लायक होस्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मान धातुको कर्म संप्रदान संज्ञक हुन्छ
निमिलाइ मान्दिन
आत्मविशेषगुणवाचक (१) शब्दको योग भयामा
गुणिवाचक शब्द देखि चतुर्थी हुन्छ
मलाइ सुखछ मलाइ दुःखछ
आशीर्वादको बोध हुन्छ भने जस्लाई आशीर्वाद
दिन्छ तेसदेखि चतुर्थी षष्ठी हुन्छन्
देवदत्तलाइ कल्याण होस् देवदत्तको कल्याण होस्।
द्वितीया विभक्तिको र चतुर्थी विभक्तिको स्वरूप
एकै भयापनि द्वितीया विभक्तिमा चतुर्थी विभक्ति
को वा चतुर्थी विभक्तिमा द्वितीया विभक्तिको अंत
र्भाव हुनशक्नैन कर्मको अभिधान भयामा पनि
ब्राह्मणलाइ दिइन्छ यो प्रयोग हुनुपर्नेमा अंत

---

(१) सुखदुःख आत्मविशेषगुण कहलाउछन्
(२) कर्ममा आख्यातप्रत्यय भयामा कर्ममा भयाका सब
विभक्तिको लोप हुन्छ संप्रदानमा भयाका विभक्तिको लोप
हुदैन, चतुर्थी विभक्ति द्वितीयामा गाभिनगयामा ब्राह्मणदि
यिन्छ भन्या प्रयोग हुनजाला सिद्धान्तमा ब्राह्मणलाइ दिय
न्छ भन्या प्रयोग हुनपर्छ द्वितीया विभक्ति चतुर्थी विभ
क्तिमा गाभिनगयामा सहरलाइ जान्छ यहा चतुर्थी विभ
क्ति शुनियेला सिद्धान्तमा सहर जान्छ भन्या प्रयोग हुनपर्छ
द्वितीया विभक्तिको जउ वाचक शब्द छ देखि भयाको छ भने सर्व
त्र लोप हुन्छ नप्रत्यय वाहेकमा चतुर्थीको लोप कहीं हुदैन।
अन्तर्भाव शब्द गाभिनालाइ बुझाउछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावमात्रा ब्राह्मण दानक्रियाको कर्म हुन आउदा कर्म अभिहित भयापछि ब्राह्मणा दियिन्छ भन्या प्रयोग हुन जाला चतुर्थी विभक्तिको लोपन हुने हुनाले सहर जान्छ भन्या प्रयोग हुन जाँदैन (२।

इति चतुर्थी विभक्तिः

अथ पंचमी विभक्तिः

अपादान संज्ञक शब्द देखि पंचमी हुन्छ

ध्रुवस्थिताको अवधि भयाको कारक अपादान संज्ञक हुन्छ

दौडया घोडावाट लोट्छ दौडया घोडादेखि लोट्छ

जस्का उपरिसायिन्छ तस्को अपादान संज्ञा हुन्छ

चाकर देखि रिसाउछ

जस देखि भय(डर) हुन्छ तस्को अपादान संज्ञा हुन्छ

चोर देखि डराउछ

भयक्रोधलज्जा अर्थ भयाका धातुका योगमा देखि शब्दको मात्र संबंध रहन्छ (१।

---

(१) प्राय चित्तमा रह्याका धर्मको बोध गर्ने वा चित्तले मात्र बुझ्न सकिने पदार्थ अवधि भयामा देखि शब्दको प्रयोग हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रक्षार्थक धातुका योगमा जसदेखिको रक्षा बुझि
न्छ त्यसको अपादान संज्ञा हुन्छ
चोरदेखि चोरबाट बचायाको छ
नियमपूर्वक विद्याको ग्रहण गर्दामा जसदे
खि ग्रहण गरिन्छ सो अपादान संज्ञक हुन्छ
गुरुदेखि गुरुबाट पढ्दछु
क्रियाको प्रयोग नभयापनि प्रसङ्गले बुझि
ने छ भने कारक विभक्ति हुन्छ
कहाँबाट कता
यहाँ वाक्यमा भेद भयामा भयाको प्रश्न हुना
ले क्रियाको प्रयोगमा शङ्का गर्ना छ
प्रकाशार्थक धातुका योगमा जसदेखि प्रका
श हुन्छ त्यसको अपादान संज्ञा हुन्छ
ब्रह्मादेखि जगत् भयाको छ

---

(१) क्रियाको प्रयोग नभयापनि प्रसङ्गले क्रिया बुझिन्छ
भने त्यहाँ क्रिया प्रयोग गर्नामा वा नगर्नामा इच्छा रहन्छ
(२) प्रकाशार्थक धातु ती कहलाउछन् जन पहिला प्रका
शलाई बुझाउन सक्छन्। ब्रह्मामा सब भासन्छ यहाँ प्रका
श प्रकाश बुझिन्छ पहिला प्रकाश उत्पत्ति स्वरूप हुन्छ जहाँ
बाट देख्नु पाइयाको छ त्यहाँबाट पहिला देख्नु पनि उत्पत्ति
हाउछ हरिद्वारदेखि गङ्गाजी आयाकी छन् गंगोत्रीबा
ट पैदा भयी न ता पनि भारत वर्षका साधारण पुरुषले हरि
द्वारमा प्रकाश भयाकी मान्दछन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इप्रत्यय को र एरं प्रत्ययको लोप भयामा इ॰ एर॰ प्रत्यय अन्तमा हुने शब्दका कर्म र अधिकरण अपादान संज्ञक हुन्छन्

ससुरालाई देखेर लजाउछिन्॰ ससुरादेखि लजाउछिन् (१)

यहा कर्ममा देखिशब्दको मात्र सम्बन्ध रहंछ॰

घोडामा चढेर हेर्छ घोडाबाट हेर्छ मेचमा बसेर हेर्छ मेचबाट हेर्छ

अधिकरण देखि पंचमी हुदामा बाट शब्दको मात्र संबंध रहेछ

खुस अर्थ भयाका धातुको प्रयोग भयामा जस्का कामले खुस हुयिन्छ त्यस्को पनि अपादान संज्ञा हुन्छ

बाबु छोरा देखि खुस हुन्छ बाबु छोरा देखि रुष्ट छ

खुस अर्थ भयाका शब्दको प्रयोग भयामा देखिशब्दको सम्बन्ध रहन्छ

अवधि भयाका शब्दको अपादान संज्ञा हुछ

सहर देखि सहरबाट बाजङ्गल एकको शब्द

---

(१) यहां ल्यप्प्रत्ययको लोप हुने सूत्रले गर्दैन इप्रत्यय अंत्यमा हुने शब्दको प्रयोग गर्नु पर्ने ठाउंमा प्रयोग न भयाको मात्र छ पंचमी विभक्तिले पनि त्यति सम्मको अर्थ बुझाउन शकछ भन्या अभिप्रायले प्रयोग न हुनु मात्र लोप शब्दले व्यवहार गरियाको छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देश र काल अवधि हुन्छन् तेस्मा काल अवधि छ भने देखि शब्दको मात्र प्रयोग हुन्छ देश अवधि छ भने देखि·बाट· दुवै शब्दको प्रयोग हुन्छ अवधि पूरा हुना देशकालका जुन परिमाणले पूरा हुन्छ तेस परिमाणवोधक शब्द देखि प्रथमा र सप्तमी दुवै हुन्छन्

सहर देखि जङ्गल एक कोश छ॥ एक कोशमा छ आजको एक महिना वा आजका एक महिनामा दशैं छ अवधीमा षष्ठीको विधान हुने छ

हेतुवाचक शब्दको अपादान संज्ञा हुंछ

धूंवा देखि वा धूंवाबाट आगाको अनुमान हुंछ

कनावाट आउनुभयो कहा देखि आउनुभयो इत्यादि स्थलमा प्रयोग भयामा बाट देखि इत्यादि शब्द प्रतिरूपक अव्यय हुन् कना कंहा इत्यादि शब्द अव्यय हुनाले इन्देखि विभक्ति हुन सक्तैनन्·

इति पंचमी विभक्तिः

---

(१) जस्देखि अवधि प्रारंभ हुन्छ, अवधि शब्दले प्रमाणको अवधि लिइन्छ तहा षष्ठी हुन्छ जहा अवधि पूरा हुन्छ तहा देशकाल वाचक शब्द देखि तृतीया वमायिपाको छ आजले मैह्नापुग्यो अवधि पूरा गर्ने परिमाणवाचक शब्द देखि प्रथमा र सप्तमी हुन्छन् हुने शब्द प्रातिपदिक पनि अव्यय पनि हुन्छन् अव्यय देखि एक विभक्तिमात्र हुन्छ शब्द देखि तीनै विभक्ति हुन्छन् आजले आज आजका यसै अर्थले भोज भोलि पर्सि इत्यादि शब्द प्रातिपदिकमा पनि गिनिइन्छन् सबै विभक्ति नहुनाले अव्ययमा पनि गिनिइन्छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथषष्ठी विभक्तिः

कारक (१) भन्दाभिन्नका संबंधमा षष्ठी हुन्छ

देवदत्तको घोडाको

अव्ययको सम्बंधभयामा प्राय षष्ठी हुन्छ

रुपियाका निम्ति वस्तु पढ्नाका खातिर आउछ घरका वरिपरि मेरा उपर घर्काचारो ओर घरका पछाडि घोराका साथ

वीचमा केहि क्रिया गम्यमान छ भने पनि षष्ठी हुन्छ

देवदत्तले गय्याको काम देवदत्तको काम सुनले वन्याका गहना सुनका गहना

जुन् अङ्गमा भयाका विकारले अङ्गीको विकार वुझिन्छ

तेस् अङ्ग वाचक शब्ददेखि षष्ठी विभक्ति हुन्छ

आखाको काणु कानको वहिरो

जुन् लक्षणाले धर्मीमा कुनै धर्मको आफ्ना प्रवन्धले मात्र प्रतीति गरायेको छ तेस्ता लक्षणाभूत शब्ददेखि षष्ठी हुन्छ

---

(१) प्रथमाविभक्ति पनि कारक हो भनि आयाको छ संबोधन वा कार्थमा अन्वय नहुनाले कारक ठहर्दैन तापनि तेसै अर्थले षष्ठी हुनलायक पनि ठहर्दैन

(२) विकार विग्रनु कोहि विग्रनाले समस्त शरीरमा विगार भयाको वुझिन्छ शवदु दांतको टुटु पनि विगार ठहर्छ दांतको थोतो छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुखको सुरोछ

यहाँ मुखका प्रबंध(कारवाइ)लेमात्र सौर्यको प्रतीति भयाकोछ

कुनै प्रकारका (२) लक्षणमा रह्याको धर्म नेहि लक्षणका संबंधले लक्षणीयमा (३) रह्याको छभने लक्षणा शब्ददेखि षष्ठीऊन्छ

घरको बलियोछ बुद्धिको तेजछ

घर बलियो ऊनाले घरलाई लियेर घरको मालिकपनि बलियो ठहर्छ बुद्धितेजऊनाले बुद्धिलाइ लियेर मानिस पनि तेज ठहर्छ

(४) अवयवमा भयाका क्रियाका अनुरोधले अवयवीमा अधिकरणता बुझिन्छभने काल वाचक शब्ददेखि षष्ठी सप्तमी दुवै ऊन्छन्

अधिकरणको स्वरूप बतायिनेछ

दिनको पांचफेरा खान्छ दिनमा पांचफेरा खान्छ

---

(१) लक्षण भ्यो ठहर्छ जो पहिचान गराउन्या वस्तुहो. मुखमा रह्याका सुरपन्हे आकृमुखमा रह्याको ऊनाले मात्र पुरुषलाइ सुरोगरायि दियाकोछ प्रबन्धशब्दले परिपंच राइ बुझ्नुछ. (२) कुनै प्रकारका-कुनै तरहका, (३) लक्षणलेजस्लाइ चिह्नाउन पर्याकोछ (४) जुन् अवयवी अधिकरण ऊन आउनेछ उस्का एक एकभागमा भयाका क्रियाले गर्दा समस्ता अवयवी क्रियावान् ठहर्नशक्छ. यस्कीइ सितको स्वाउ अनुरोध कहलाउछ अर्थात् परिवन्दले अंछिनु.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिनका एक एक अवयवमा भयाका क्रियाले अवयवीमा अधिकरणताको प्रतीति भयाको छ

हेत्वर्थक हुनुगयाको छ(१) हेतुका अनुरूपगुणको प्रतीति भयाको वुझिन्छ भने हेतु भयाका शब्द देखि षष्ठी सप्तमी दुवै हुन्छन्

कामको पूरो छ उमेरको पाको छ काममा पूरो छ उमेरमा पाको छ

अत्यन्त संयोगमा भयाको द्वितीया छ भने तेस देखि कर्त्तामा भयाका कृत्प्रत्ययका योगमा षष्ठी हुंछ

एकमैह्नाको वसैया

प्रश्नार्थक के शब्दको प्रयोग भयामा सब विभक्ति प्राय हुन्छन्

के काम आयो के कामलाई आयो के कामले आयो के काममा आयो

अवधि भयाका कालवाचक शब्द देखि षष्ठी हुन्छ

आजको एकमैह्नाबा एकमैह्नामा दशैं छ

कृत्प्रत्ययको योग भयामा कर्तृवाचक शब्द देखि षष्ठी विकल्पले हुन्छ

---

(१) हेतुको अनुरूप गुण भ्यो ठहर्छ हेतुमा रह्याको गुण जस्तै गुण छ काममा पूरा हुनु गुण हुन्छ गुण शब्दले धर्म लियिन्छ जस्तै कामको कच्चा छ यहा कच्चापन् पनि गुण शब्दले लियियाको छ हेतु जस्तो छ उस्तै हेतुले गरायिन्छ कामपूरा गर्ने स्वभाव हुनाले पुरुष परिपूरो ठहर्छ उमेर पाको हुनाले पुरुष पनि पाको हुन आउ छ

देवदत्तको गर्नु कसैले गरेन देवदत्तले गर्नु कसैले गरेन कृत्प्रत्ययको योग भयामा कर्मकारकदेखि षष्ठी हुन्छ

कारणार्थक शब्ददेखि प्रश्नार्थक के शब्दको संबंध हुभने प्रायसब् विभक्ति हुन्छन् जस्तै

के कारण आयौ कुन कारणले आयौ

मूलसंख्या प्रमाणले भयाका परिच्छेदको (१) विवक्षा भयामा षष्ठी हुन्छ

कतिको हो एक रुपियाको हो एक तोलाको हो

सामान्य विशेषभावमा विशेषदेखि षष्ठी हुन्छ

खरीको रुख छ मेरो रू मोटो छ

इति षष्ठी विभक्तिः

अथ सप्तमी विभक्तिः

अधिकरण कारकदेखि सप्तमी हुन्छ

कर्मकर्ताद्वारा भयाको क्रियाको आश्रय अधिकरण संज्ञक हुन्छ

हुनत क्रियाका आश्रय कर्म र कर्ता पनि हुन्छन् तर क्रियाका साक्षात् आश्रय हुन्छन् कर्मकर्ता द्वारा आश्रय हुँदैनन्

---

(१) अरु मूल संख्या वाला हरूबाट अलग् गराउनु छ भने, प्रश्नमा अलग् हुने वस्तु कुन संख्याले अरु संख्यावालाहरूबाट अलग छ भन्ने प्रश्न छ उत्तरमा यस्ले भन्ने उत्तर छ यतिको हो भनि देखाइदियापछि अरूको व्यवच्छेद हुनसक्छ

(२) सामान्य विशेषभाव त्यो ठहर्छ जहा एकतरहले अभेद एकतरहले भेद रहन्छ

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधार तिन तरहका हुन्छन् संयोगसंबंधले भयाको आधार औपश्लेषिकाधार विषयता संबंधले भयाको आधार वैषयिकाधार अभिव्याप्ति संबंधले भयाको आधार अभिव्यापिकाधार कहलाउछ (१)

देवदत्त पिढ़ामा वस्छ कसौंडीमा भात पकाउछ यहा कर्त्ताद्वारा र कर्मद्वारा भयाको औपश्लेषिकाधार छ

मोक्षमा इच्छा छ आत्मामा इच्छा छ

यहा वैषयिकाधार छ

सर्वठाउमा आत्मा छ

यहा अभिव्यापकाधार छ

---

(१) व्यापक अर्थात् सबठाउमा रहने, जस्तो आत्मा छ तस्को अभिव्यापक आधार ठहर्छ आत्मा मात्र रहने जोगरा छन् तिन्को वैषयिक आधार ठहर्छ तेस्मा पनि आत्मा आधार हुने आउछ भने समवाय संबंधले हुन आउछ सामवायिक आधार कहलाउछ आत्मा ज्ञानछ ममा ज्ञान छ इत्यनावाहेकमा संयोग संबंधले भयाको औपश्लेषिक आधार ठहर्छ औपाश्लेषिक आधार आधारका आधार पनि हुनसक्छन् देवदत्त वस्ता रुखमा वस्छ परदेशमा हांडिमा भात पकाउछ अभिव्याप्ति शब्दले साराव सुठाकना राइ वताउछ आधार भन्नाले लोकमा आधारले थामन्छ भन्ने व्यवहार छ तापनि अभिव्यापक आधारमा यो नियम छैन लौकिक व्यवहार छैन तापनि शास्त्रका व्यवहारमा यो काम लाग्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्धारणमा पनि सप्तमी हुन्छ

बहुवचन हुनशक्ने देखि मात्र निर्धारणमा सप्तमी हुन्छ

जातिगुण क्रियासंज्ञाले समुदाय देखि कसैलाइ अलग गराउनु निर्धारण ठहर्छ

वर्णमा ब्राह्मण श्रेष्ठ हुन्छ गाइमा कालो गाइ दुधालु हुन्छ हिंड्नेमा दौड्ने बांगो हुन्छ शिष्यमा देवदत्त चतुर छ

आलुप्रत्ययका (१) अर्थमा भयाका प्रत्यय अन्तमा भयाका शब्दको योग भयामा अधिकरणमा षष्ठी सप्तमी दुवै विभक्ति हुन्छन्

देवदत्त धागोका तानाको सिपालु छ धागोका तानामा सिपालु छ

जस्तैम भन्ने व्यवहार शरीरलाइ लिएर पनि हुन्छ· म मोटो छु· खाती आत्मा लाई लिएर पनि हुन्छ मलाइ दुख्यो, तेसै खरीशब्दले पनि आत्मा शरीर दुवै लाइ बुझायामा रुख शब्दले खरी नारणका आत्माका शरीरलाइ बुझाउछ खरीको स्वरूप धारण गरेको रुख खरीको रुख खरी शब्दले आत्मालाइ मात्र बतायो भने भेद हुन्छ शरीरलाइ मात्र बतायो भने अभेद हुन्छ दुवै लाइ बतायो भने भेद अभेद दुवै रहन्छन् तेसैले मेरो म मोटो छु जस्तै चेतनमा अभेद व्यवहार हुन्छ अचेतनमा उस्तै भेद व्यवहार हुन्छ

---

(२) निरंतर रहनु आठपहर भित्रका कुनै भागमा पनि रहि रहनु

(१) त्यो जस्ता आलु भन्ने अर्थमा भयाका प्रत्यय भयाका प्रत्यय यही अर्थमा इलो प्रत्यय पनी हुन्छ कामको भरो सिरो छ काममा भरो सिलो छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

ॐ

अभिव्याप्ति(२) बुझियामा अधिकरणमापनि हुनी या हुन्छ

आठ पहर रहन्छ धेरै काल रहन्छ

अन्तर(१) लाइ बुझाउने भन्ना शब्दको योग भया मा सब विभक्ति हुन्छन्

जस्को अन्तर बुझाउनु पर्याको छ उस अर्थलाइ बुझाउने देखि जुन् विभक्ति जुन् वचन हुन्छन् सोहि विभक्ति सोहि वचन् हरु जस्को अन्तर बुझाउनु पर्याको छ उस अर्थलाइ बुझाउने शब्द देखि पनि हुन्छन्

गाग्रीभन्दा घलचा सानु छ हरिलेभन्दा बलासले जांगे बढाइछ घडा लाइ भन्दा कपडा लाइ बनाउन धेरै परिश्रम पर्छ गुन्दी भन्दा सुन्दी चाँडो बनाउ खुकुरीलेभन्दा लट्ठीले धेरै काम हुन्छ भूत देखिभन्दा चोर देखि डर हुन्छ देवदत्तका भन्दा यज्ञदत्तका आँखा ठूला छन् घरभन्दा वनमा आनन्द हुन्छ

इति सप्तमी विभक्तिः

इति कारक प्रकरणं समाप्तम्

---

(१) घटी बढी हुनु यहा अन्तर शब्दले लिपिन्छ· अन्तर गुण क्रिया· काल· बुद्धि· स्वरूप· धर्म· हरुको हुन्छ

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ स्वर प्रक्रिया

धेरैलाइ सुनायि दियाको प्रेष छ भने क्रम भयाका अन्त्यस्वरका अगाडि वहि स्वर चतुर्मात्र प्रयोग गरिन्छ

देवदत्त ३ अ४ भाइ ३ ४ गावु ३ ऊ४

धेरै मानिसका समूहमा सबले सुन्नेगरि प्रेष (आज्ञा) दिनु छ भने जुन क्रियाले प्रेष दिनु छ तेस क्रियाका आदिमा पछि याका संबोधनशब्दको पहिला स्वर प्लुतोदात्त हुन्छ एक स्वरको आख्यात छ भने वा धेरै स्वरको आख्यात छ भने पनि अन्त्यको स्वर प्लुतोदात्त हुन्छ संबोधन शब्द आख्यातका अव्यवहितपूर्व (२) प्रयोग गरिन्छ

ओ ३ वट्ट ओ ३ वठ ३ अ४

अवश्य हुने देखियाको कुरा भयाको देखाउनु छ भने आख्यानको आद्य स्वर प्लुतोदात्त हुन्छ

भ ३ या

अवश्य हुने कुरो हो भन्ने देखाउनु छ भने आख्यानको प्रथम स्वर प्लुतो दात्त हुन्छ

ह्र ३ थ्यो हो ३ ला ह्र ३ न्छ

---

२ यो प्लुतको संकेत हो; ३ यो प्लुतोदात्तको सं ३ यो प्लुतानुदात्तको सं ३– यो प्लुतस्वरितको ४ चतुर्मात्रोदात्तको सं

(१) प्रेष हुकुम, (२) कसैले नरोकिएको भेकन वा आतिर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संशय भयामाको कार्यसिद्धि छ भने आख्यातको प्रथमस्वर प्लुतोदात्त हुन्छ

मा३न्मो माईकिमार्दैन भन्या संशय थियो

ताणवारबोलाउदा संबोधनको प्रकट गर्ने शब्द प्लुतोदात्त हुन्छ

ए३ देवदत्त३

रोकावट केहि नदेखाले भयाको अनुमति (१) वा अभिप्राय प्रकाश (२) छ भने आख्यातको प्रथमस्वर प्लुतोदात्त हुन्छ

गइ३र गइ३छु

गुरुवाचक (१) शब्दसंबंधि आद्यस्वर ऋकार ऋकार छन् भने अतिशयताको (२) प्रतीति भयामा मध्यमातिशयता (३) छ भने प्लुत स्वरित उत्कृष्टातिशयता (४) छ भने प्लुतोदात्त हुन्छ अतिशयिताको प्रतीत नभयामा नेहा अर्थ विधेयगराथि देखायाको छ भने दीर्घ हुन्छ

ब्रह्माण्डवी३चमा सूर्य छन् वृ३ला हुन्याल का३चीरहे वरिपरि नक्षत्र छन् बीचमा सूर्य छन्

(१) (२) अनुमतिर अभिप्राय प्रकाश एकै वस्तु हो फरक यत्ति छ कि आज्ञा दिनेको अभिप्राय प्रकाश अनुमति हुन्छ कर्ताको अभिप्राय प्रकाश अभिप्राय प्रकाश हो छ आफ्नु आशय जनाउनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रियाको नैरन्तर्य बुझाउनु छ भने समानकर्तृकपूर्वकालिक (५) क्रियावाचक धातुदेखि विधान गरियाका एक स्वर भयाका प्रत्ययको अन्त्यस्वर ह्रस्व हुनो दानु हुन्छ धेरै स्वर भयाका प्रत्ययको उपान्त्य स्वर ह्रस्व हुनो सक्नु हुन्छ

वाउँचीरहे गरीइरहे बचेइरहे

---

(१) गुणवाचक शब्दनी ठहर्छन् जुन आफ्ना अर्थको स्वरूप प्रकाश गराउन शक्ने आफ्ना सजातीय नभयाका पदार्थलाई नलीकन आफ्ना अर्थको स्वरूप देखाउन शक्नेनन् विचार आफ्ना अर्थको सजातीय नभयाको छेउ रूप अर्थलाई नलीकन आफ्ना अर्थको स्वरूपको भान गराउन शक्नैन छेउनमै वीचु भन्ने व्यवहार नहुने हुनाले आफ्ना अर्थको स्वरूप प्रकाश गराउने छेउ हुनसक्छ सजातीय नीठहर्छन् जो आफू रह्याका ठाउमा रहन शकछन् गन्ती छ्यो भंन्या व्यवहार बीचमा हुन शक्नैन यस्का उदाहरण पृथ्वीको छ्यो ३ मा छ सूर्य भन्दा पृथ्वी साइनु छ एक एक एक भन्या बुद्धि भयापछि तीन भंन्या बुद्धि पैदा हुने हुनाले एकत्व संख्यापनि स्वरूपप्रकाश गराउने ठहर्दै थियो आफू रह्याका ठाउमा रहन शक्के हुनाले सो ठहर्न शक्नैन

(२) ज्यादा (३) केहि ज्यादा (४) बहुत ज्यादा (५) जसदेखि इ एर प्रत्यय हुन्छन् (६) उपान्त अन्त्यको स्वर भंदा वा आनन्तर्यको स्वरका र उस स्वरका वीचमा आर्को स्वर न रहनु पर्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आवश्यकता (१) प्रकट गराउनु छभने जस्ता आवश्यकता बुझाउनुपऱ्याकोछ् तेस्को अन्त्यस्वर प्लुतो दात्त ऊन्छ

जुवान खेले ३ स

प्रकृतवाक्यार्थ तिरका निषेधलाई बुझाउन्या निपात शब्दको अंत्यस्वर प्लुतानुदात्त ऊन्छ

फेरा पर्हेला नी३ बिर्सौला की ३

श्रोताको मनुक्रमले (२) प्रवृत्ति बदल्नु दिनु छभने जस्का उपरको प्रवृत्ति छ् उस् अर्थलाई बुझाउने शब्दको अन्त्यस्वर प्लुतानुदात्त ऊन्छ

यो का३ म् नगर

जस्को अनुमितिलि काम गर्नुपर्छ उस्को अनुमति नपाउदा अनुमति लिनु पर्नेले कहितर हले अनुमति दिनु पर्ने पारिरदा अनुमति दिनु पर्नेले आफ्नु अभीष्ट नभया पनि अनुमति दिनुपर्दा निपातको अंत्यस्वर प्लुतानुदात्त ऊन्छ

इच्छापूर्वक (१) को अनुमति दमने स्वलिक बनायिनेछ्

जात ३

---

(१) अवश्यगर्नु पर्नेगरा प्रि.

(२) एक दम् निषेधगर्दा चिढनजाला किभन्ने अभिप्राय भयामावा आफुलेपनि विचारपूर्वक निषेधगर्नु पऱ्यामा बोलाइ कोक्रम विस्तारको रहन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

उद्देश्य विधेय (१) भाव भयामा विचारपूर्वकको नि
धान छ भने उद्देश्य (२) भयाको पदको अंत्यस्वर प्लुत
उदात्त हुन्छ निर्धारण (३) छ भने पूर्व वाक्यमा होस्
वा उत्तर वाक्यमा होस् उद्देश्य शब्दका अन्त्य स्वरका स्था
नमा ऐकारार्थक शब्दको पनि आदेश हुन्छ

देवदत्त तैँ ३ पढ् सहर म जान्छु

निर्धारणमा तैँ ३ पढ् मै ३ सहर जाँला

एकै क्रियाको नैरंतर्य वा वारंवार प्रवृत्ति बुझाउनु
छ भने पूर्वकालिक प्रत्ययमध्ये एकस्वरका प्रत्य
यकार तकार इकारोपधक प्रत्ययको अन्त्यस्वर
र पूर्वकालिक अनेकस्वर भयाका प्रत्ययको उ
पान्त्यस्वर प्लुदात्त हुन्छ

गनी ३ लैजा गने ३ गर्नु गर्दै ३ जाम

जस्का उपरको कोहि तरहका प्रवृत्तिको विचारपूर्व
कको निश्चय बुझिन्छ तेस्ता उद्देश्य पदको अंत्यस्व
र प्लुत उदात्त हुन्छ

काशी ३ जानु पर्छ म ३ अहिले आँउला

आसन्निकता र सोकस (१) बुझाउनु छ भने जस्मा
आसन्निकता विशेष र सोकस बुझाउनु पर्छ तेस्को
आद्यस्वर प्लुत उदात्त हुन्छ

---

(१) इच्छा समेत भै

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिमि ज३स्लै छ यहा अउ३न्नि छन्

आत्यंतिक ना निश्चय जस्को बुझाउनु छ नेस्को अंत्य स्वर प्लुतानुदात्त ऊन्छ

तिमि जस्लै ३ छलौ १/२

प्रेमका प्रश्न वाक्यको अन्त्यस्वर प्लुतानुदात्त ऊंछ

गयो देवदत्त ३ देवदत्त गयौ ३

सूचन गर्ने हो भने निश्चयको द्योतन गर्ने अव्यय प्लुतानुदात्त ऊंछ

जान्छ है ३

आर्त (१) वाक्यको वीप्सा भयामा वीप्साका वीचमा प्रयोग गरियाका शब्दको अंत्य स्वर अत्यंत आर्त भै शक्याका आर्तको वाक्य छ भने प्लुतानुदात्त ऊन्छ अत्यन्त आर्त भै नशक्याका आर्तको वाक्य छ भने प्लुतानुदात्त ऊन्छ अत्यंत आर्त भै नशक्याका आर्तको छ भने अवस्था (२) भेदले प्लुत स्वरित वा प्लुतोदात्त ऊन्छ

नकुट वावा ३ नकुट

संमति वा (३) अनुनय (४) छ भने संबोधन शब्दको वा सर्वनाम शब्दको अंत्य स्वर प्लुतानुदात्त ऊन्छ

---

(१) आत्यंतिक ना त्यो ठहर्छ जो धेरै ऊन्छ हो यहा साक्षेप त्यासा भयाको बुझिन्छ साकस त्यो ठहर्छ जस्मा बाकि कत्ति नरऊन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नानी २ खुव् रामिछौ ए· तिमी २ खुव हसीलाछौ ए·
कार्यकालोत्तरकाल (५) मा प्रयोगगार्नुपर्ने कर्मप्र
वचनीय शब्दको अंत्यस्वर प्लुतस्वरित ऊन्छ
जा ३-विर्सेछु लौ ३- अवसरचुक्यो
गुणका उत्कर्ष (७) को निश्चय गराउनु छ भने ३
पान्त्य स्वर प्लुत स्वरित ऊन्छ
वेश्य कन्याछ् रा ३-म्री कन्याछ हसीर ३-लाछ
आश्चर्यादि प्रकृष्ट वस्तुको प्रकट गर्ने सम्बोध
न शब्दको अन्त्यस्वर प्लुतस्वरित ऊन्छ
ओहो ३- हो ३- केभो·
पछी नेहि कारलाभै अनर्थ (८) आयि पर्नेछ् म
न्या समेत् जताउना निमित्तको वाक्य छ् भने वाक्य
को अन्त्यस्वर प्लुत स्वरित ऊन्छ
नकु ३-८ न खो ३-
वाक्य द्वयले प्रकट गरायियाको अनुचित व्यव
हार (३) देखाउनुछ् भने दुवै वाक्यका अंत्यस्वर प्लु
त स्वरित ऊन्छन्
आफु घोडामा चढ्छ ३- गुरुलाई हिंडाउछ ३-
प्रवृत्ति बदलनाहिनयोग्य अनुनय (१) पूर्वकको
यथार्थकथन (२) छ भने वाक्यांतर साकांक्ष दशा
मा पूर्ववाक्यको अन्त्यस्वर प्लुत स्वरित ऊन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

होरऊ३-नन् यत्न गरौला ३- अनि वस्ता गाउला अनुनयपूर्वको प्रेरणा (३) बुझिन्छ भने वाक्यांतर सापेक्ष भयामा पूर्वका आख्यातको अन्त्य स्वर प्लुतस्वरित ऊन्छ

यति पठ ३- घर जाउ

अनुनयपूर्वक भयाको प्रश्नवा उत्तर छ भने वाक्यांतर स्वर प्लुत स्वरित ऊन्छ

जान्छ ३-स् जान्छु ३-

अर्थंतावश्यकता (४) बुझाउनु छ भने नस्ता अर्थंतावश्यकता बुझाउनु पर्छ नेसशहको अंत्यस्वर प्लुत स्वरित ऊन्छ

काशी ३ जानै ३-पर्छ

स्वायेर स्वाभिमत (१) कार्यमात्र गर्ने गराया पछि विपरीत कोटि (२) कोटिको प्रश्न नभयामा वाक्यको अन्त्यस्वर प्लुत स्वरित ऊन्छ

अव कुट्ला ३-स्

श्वयाले प्रयोग भयाका आख्यातको अन्त्यस्वर प्लुत स्वरित ऊन्छ

रे खता ३ स

विचार निमित्तकको छ भने संदेह बोधक शहको अन्त्य स्वर प्लुत स्वरित ऊन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्योमस्तोहो की ३-मानिस हो

विपरीतार्थ बोधक शब्दले असामर्थ्य प्रकट गर्दछ भने आद्यस्वर प्लुतस्वरित हुन्छ अन्त्यस्वरमा स्वस्तिक बनाइनेछ

भ३-यो

वाक्यान्तर साकाङ्क्ष (१) छ भने प्रथमवाक्यको अन्त्य स्वर स्वस्तिकको विषय नभयामा प्लुतस्वरित हुन्छ

खुप् गरी ३-स पछि थ्या हा पाउलास्

खुपगर्यो ३- यसो गर्नेशङ्का भन्ने ठहरायाथियेन्। स्वस्तिकको विषय भयामा अहिले नो गर्छौं गर+ पछि थाहा होला क्रोधपूर्वकको विपरीतानुमिति (२) मा स्वस्तिक बनाइने छ

प्रेमले भयाका प्रश्नवाक्यमा अंत्यस्वर प्लुतानुदात्त हुन्छन्

आयौ देवदत्त ३ देवदत्तगयौ ३।

युक्तिपूर्वक दबाउमा पारेर आफ्ना मनमा ल्यायाको छ भनेर सोकुरो जनाउनु छ भने आख्यातको अंत्य स्वर प्लुतस्वरित हुन्छ

आयो ३-स्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

कसैले टेक गऱ्यामा पेचगरि न आपि नहुने पा
रिस्थिति भयापछीको वाक्य छ

शोक पीडा इत्यादिको ग्राह्य छ भने वाक्यको
अन्त्यस्वर शोकपीडाहरूका तारतम्य(१) ले प्लुत
तोदात्त प्लुतानुदात्त प्लुतस्वरित हुन्छन्

गयो नी ३- दुख्यो नी ३-

यथार्थकथन गरि संझाउन पऱ्याको छ भने
वाक्यांतर सापेक्ष भया हेतुवाक्यको अंत्यस्वर प्लु
तस्वरित हुन्छ

तिमि जउसै छ ३- होस गर

आत्यंतिकता बुझाउनु पऱ्याको हुनाले नकारो
त्तर अकार प्लुतानुदात्त छ यथार्थकथन हुना
ले छकारोत्तर अकार प्लुत स्वरित छ

जहां विरोध (२) पर्दैन वहां समावेश
पनि हुन्छ

जहां एकै स्वरमा दुयि प्रकारका स्वर प्राप्त
छन् वहां ननप्रसङ्ग(१) मुख्य छ वहि स्वर हुन्छ

उजउसै छ ३- होसराख

छ यस वाक्यमा आपत्तिकता विश्वय बुझायि
दिनाले र यथार्थकथन ले भयाको वाक्यांतरसा
पेक्ष हुनाले प्लुतानुदात्त प्लुतस्वरित दुवै प्राप्त हु
न्छ तापनि होस दिलाउन्या प्रसंग मुख्य हुनाले प्लु

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नस्वरित ऊन्छ

जुन् वाक्यमा एक प्लुत स्वर विधानगरिन्छ उस् वाक्यका अरू स्वर प्लुत सजातीय स्वर ऊन्छन्

भद्रयो३ ओकारपनि उदात्त ऊन्छ

यो का उमृ गर० अरू स्वर अनुदात्त ऊन्छन्

यति पद ३ - अरूस्वर स्वरित ऊन्छन्

जुन वाक्यमा प्लुतस्वर अनेक विधान गरियिन्छन् उस्वाक्यमा जुन्जुन् पैहे पैहेका प्लुतस्वरिछन् तिप्लुत स्वरदेखि पूर्वतिरका सबस्वर प्लुतसजातीय ऊन्छन्. पछिल्ला प्लुत स्वरका दुवैतिरका स्वर पछिल्ला प्लुतस्वरका सजातीय ऊन्छन्

काशी ३ जाने ३ - पर्छ

यहा काशहको आकार अनुदात्त छ अरूस्वर स्वरितछन्

विशेष विधान (१) नगर्याकाठाउमा पनि नमुना पूर्वक बोल्नु पर्नेछ भने वाक्यको विस्ता उर प्रयोग ऊन्छ कोधाश्चर्या छ भने वाक्यको चट्काप्रयोग ऊन्छ तेस्ता वाक्यमा जुन्प्रधान् भागछ १ तेस्भाग मा अरूभाग भन्दा विस्ता उर पन्को वा चट्का पन्को ज्यादा प्रतीति ऊने गरिप्रयोगगर्नु पर्छ

यस्ता प्रयोगो पाधिक (२) वाक्यमा मुख्यध्वनि विशेषको र शरीर चेष्टा विशेषको (३) आवश्यकता प्राय रहन्छ ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरित प्रकरण

स्वरितको प्रयोग भयामा ह्रस्व छ भने दीर्घ स्वरित छन् दीर्घ छ भने प्लुत स्वरित हुन्छ. यो + चिह्न दिपिन्छ. हुटुकारेर उच्चारण गर्नुपर्छ

हेपेको देखाउनु छ भने आख्यातको अन्त्य स्वर स्वरित हुन्छ

नर्छू २+ क्षारसमुद्र भाज सक्नैं.

प्रेमको विषय छ भने आख्यातको आख्यातको अन्त्यस्वर स्वरित. हुन्छ

रे ३+ रवृ.

स्मरण रहीरहोस् भन्ने इच्छा छ भने वाक्यमा अन्त्यमा प्रयोग गरियाका अव्ययको अन्त्यस्वर स्वरित हुन्छ

काशीगै प्रयागगयेस् है+

चौकन्ना गराउनु छ भने जुन शद्दले चौकन्ना गरायिंछ तेस्को अन्त्यस्वर स्वरित हुन्छ

रो+ छुट्टिमो रु+ के गरेको

चौकन्ना हुनामा प्रयोग गरियाको छ भनेपनि स्वरित हुन्छ.

ए देवदत्त+

अधिकार (१) स्त्याउनु छ भने प्रश्नवाक्यको अन्त्य स्वर स्वरित हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काम भयो

क्रोधादिको वाक्यछ भने अव्ययको अन्त्यस्वर स्व
लिक हुन्छ

लौ + गर

क्रोधादिको वाक्यछ भ क्रियापदको अन्त्यस्व
रपनि स्वस्तिक हुन्छ

ग + र् नकसरि गर्छस्

आवश्यकता (१) बुझाउदामा रव्यासङ्ग (२)
बुझाउदा मा वाक्यको अन्त्यस्वर स्वस्तिक हुन्छ

जा + जानुपर्छ जान नआएको बुझियो भने जा +

संभावना (३) भयाको विषय छ भने संभाव
ना विषय अर्थभयाका शब्दको अन्त्यस्वर स्वस्तिक
हुन्छ

र् समुद्र् र् नर्छ + न्

विपरीतार्थ शब्दले (४) असामर्थ्य (५) देखाउ
नुछ भने क्रियाको अन्त्यर स्वस्तिक हुन्छ

भ ३ यो +

अवश्य न हुने कुरो हो भन्ने देखाउदावा नि
षेध निषेधार्थक शब्दको प्रयोग नगरि बुझाउ
दा आख्यातको अन्त्यस्वर स्वस्तिक हुन्छ

हुन्थ्यो + भयो +

जसको अनुमति नलि सो काम हुन शक्तैन ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वेइच्छा पूर्वक अनुमति दिनुपर्याको छ भने वाक्यको अन्त्यस्वर स्खलित हुन्छ

जात +

मन्ना अनुमति हुदै बाहिरको मात्र निषेध छ भने रसिक व्यवहार (१) मा वाक्यको अन्त्यस्वर स्खलित हुन्छ

भो + आ + के $\frac{1}{2}$ गर्या +

ईर्ष्या क्रोधादिले विपरीतानुमति (२) मा वाक्यको अन्त्यस्वर स्खलित हुन्छ

जे गर्छौ गर +

अर्द्धह्रस्वप्रकरण

अर्द्धह्रस्व भयाका स्वरका अगाडि एक अंकका मुनि दुइको अङ्कले चिन्ह $\frac{1}{2}$ यो खालमा आधेमा छोड्नुपर्छ

प्रेमपूर्वक संझाउनु छ भने वाक्यको अन्त्यस्वर अर्द्धह्रस्व हुन्छ

न गर $\frac{1}{2}$

ठूलो प्रति कृतज्ञता (१) जनाउनु छ भने वाक्यको अन्त्यस्वर अर्द्धह्रस्व हुन्छ

नजा $\frac{1}{2}$

अनुमतिको वा आवश्यकताको प्रतीति गराउनु छ भने वा॰

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गए १/२

संभ्रममा वा व्यासङ्ग निवर्त्तनमा भयाका वीप्सामा वीप्स(१) शब्द शब्दको अन्त्यस्वर अर्द्ध ह्रस्व हुन्छ

चोर आयो १/२ चोर आयो १/२ जाउ १/२ जाउ १/२

सत्कारपूर्वकको प्रश्न विषय भयाका पद को वाक्यको अन्त्य स्वर अर्द्धह्रस्व हुन्छ

पर्‍यौ १/२

खोस्यायाको वाक्य छ भने वाक्यको अन्त्यस्व र अर्द्धह्रस्व हुन्छ

समुद्र १/२ अवश्य तर्छन्

प्रश्नमा वा संभावनामा क्रियाको अन्त्यस्वर अर्द्ध ह्रस्व हुन्छ

होला १/२

परिश्रमका समयको वाक्य छ भने वाक्यको अन्त्यस्वर अर्द्धह्रस्व हुन्छ

बत्ख बत्ख आयि पुगियो १/२

आश्चर्यादिले भयाका वाक्यको अंत्यस्वर अर्द्ध०

गयो १/२

---

(१) जस्को वीप्सा हुन्छ

ककारको लोप भयामा र वकारको लोप भयामा भयाका आकारको अर्द्धह्रस्व हुन्छ ×̣ ×

सिद्धआ १/२ बज्या छोर १/२ आ दोपी कत १/२ आत यापछ·

× ३- आकारान्त शब्द पूर्वमा छ भने उसैका मात्र अर्द्धह्रस्व हुन्छ। व्यंजनदेखि परको छ भने अर्द्धह्रस्व हुँदैन· ३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुप्तिनोरक्षित संरक्षणमाका वाक्यको अंत्यस्व र अर्द्ध०

नगा १/२ जा १/२

संशयभयामाका वाक्यको अंत्यस्वर अर्द्धस्वरहुन्छ

भयो १/२

आफ्नु अभिप्राय प्रकाशगर्दामाका वाक्यका आदिको स्वर शब्दको अंत्यस्वर अर्द्धह्रस्वहुन्छ

आ १/२ लऔ आउ १/२ पाशा खेलौ·

गुप्त सत्वन छभने निश्चयको घोतनगर्ने शब्दको अन्त्यस्वर अर्द्धह्रस्वहुन्छ

त्यो होयिन कि १/२

रसिवाक्य(१)का अधिष्ठापदको अधिष्ठो पंस्वर अर्द्धह्रस्वहुन्छ

के १/२ गम्या

वाक्यकार मिलापनुलाइ प्रकट गर्नेको मतलब (२) को प्रयामा मुख ध्वनि विशेषको र शारीरचेष्टा विशेषको पनि माधुर्य(३) अवश्यचाहिन्छ

इति स्वरप्रक्रिया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्त्रीप्रत्यय प्रकरणको प्रारंभ गरिन्छ

प्रकरण समाप्ति नहुन्जाल स्त्री प्रत्यय बनाएँ छन्· ई प्रत्यय नङित कहलाउँछ

स्त्रीत्वको विवक्षा (१) भयामा क्यो विशेष्य विशिष्ट बोधक (२) शब्ददेखि· गुण विशेष्य विशिष्ट बोधक (३) शब्ददेखि ई प्रत्यय हुन्छ

स्वर आदिमा हुने प्रत्यय पर भयामा प्रकृतिका अन्त्य स्वरको लोप हुन्छ· ऋकारका स्थानमा रेफको आदेश हुन्छ

कुमारी· तरुनी· बूढी· गोरी· काली· सानी· ठूली· चतुरी· कप्टोरी

जातविशेष (४) लाई बुझाउने शब्ददेखि ई प्रत्यय हुन्छ

बाहुनी·

अकार इकार ऋकार अन्त्यमा हुने मानिसका जातलाई बुझाउने शब्ददेखि इनीप्रत्यय हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोपका प्रसंगमा यकार स्वरमा गिनिन्छ प्रातिपदिकका अन्त्यमा रह्याका स्वरसमुदायको स्वर आदिमा हुने प्रत्यय परभयामा लोप हुन्छ

क्षत्रिय इकार यकार अकारका समुदायको लोप हुदा क्षत्रिनी· खत्रि·खत्र खत्रिनी वेशिनी शूद्रिनी ब्राह्मणी

इनी· एनी प्रत्यय परभयामा एकस्वर उचित स्वर भयाका प्रातिपदिकको आद्य स्वर आकार छ भने ह्रस्व हुन्छ

कामि कमिनी

व्यंजनसंयोग देखि परको हुनाले लोप न हुने अकार आकार इकार उकार(१) एकार ऐकार· औकार· अन्त्यमा हुने, र उपधामा रेफ लकार हुने शब्द देखि स्त्रीत्वको मात्र विवक्षा भयामा नीप्रत्यय हुन्छ भूड शब्द देखि इनी प्रत्यय हुन्छ ओकार अंत्यमा हुने शब्द देखि ई प्रत्यय बनाइन्छ

नीप्रत्यय परभयामा व्यंजनसंयोग देखि पर नरहेका अकारको रेफदेखि परका इका

---

(१) इकार उकार दुवै संस्कृत व्याकरणमा ह्रस्व दीर्घ दुवै प्रकार लिइन्छन् अकारमा विशेषण दिनाले दुवैको ग्रहण छ·

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारको प्रत्यावयव (१) लकारदेखि परका र को लोप हुन्छ

नीप्रत्यय भयामा प्रकृतिका दीर्घ अन्त्य स्वरको ह्रस्व हुन्छ

वैश्यनी· माली मालिनी· साहुनी· ज्यापुनी· मङ्गेनी· (२) वडैनी· अडैनी· कोल्नी· बारी· ठकुरी· ठकुर्नी· नेवार्नी· मगर्नी· हमाल्नी· पुंयोगको विवक्षा भयामा नी प्रत्यय हुनेछ गोर्खाली·

दीर्घ इकारान्त तद्धित प्रत्यय अन्त्यमा हुने शब्ददेखि ई प्रत्यय हुन्छ

गोर्खाली· पाल्पाली· नेपाली· अछामी· बझांगी सल्यानी मेआ· नवनी· तद्धित अनी प्रत्यय भयाको छ (३)

---

(१) प्रत्ययको अवयव भयाको· माली शब्दको लकार प्रत्ययको अवयव नहुनाले त्यसदेखि परका इकारको लोप हुँदैन गोर्खाली शब्दको इकार गोर्खा शब्ददेखि भयाका ली प्रत्ययका अवयव भयाका लकारदेखि परको हुनाले लोप हुन्छ

(२) मांगल शब्ददेखि तद्धित ए प्रत्ययमै सिद्ध भयाको मङ्गे शब्द स्वभावैले स्त्रीलिङ्ग हुनाले स्त्री प्रत्यय भयाको छ

(३) नचाइ शब्ददेखि अनी प्रत्यय भयाको छ ता पनि स्त्रीत्वको विवक्षा भयामा स्त्री प्रत्यय भयाको छ स्त्री प्रत्यय नभया स्त्र्या ख्यान (स्त्री लिङ्गमा हुने आख्यान) मा कांक्ष रहैन यो आख्यान प्रत्ययका प्रकरणमा बताइनेछ

(४) ए प्रत्यय हुदा पाल्ने शब्द सिद्ध भयाको छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देशिक ष्प्रत्ययांत शब्द छुपि स्वरमात्र भया कोछर आद्य स्वर आकार छ भने स्त्रीप्रत्यय भयामा आद्यस्वरको ह्रस्व हुन्छ

पट्नेनी (४) उइ स्वर भन्नाले जाजकोटेनी

थारु शब्द देखि पुंयोग भयामा नभयामा पनि (नी) प्रत्यय हुन्छ आकारको ह्रस्व पनि हुन्छ

थारु जातकीवा थारुकी स्त्री थरुनी

गुरु शब्द देखि पुंयोग भयामा पनि नभयामा पनि ना प्रत्यय हुन्छ अन्त्य उकारको लोप पनि हुन्छ

गुर्नी

सामा शब्द देखि स्त्रीत्वको विवक्षा भयामा ए नी प्रत्यय हुन्छ

सामेनी सामा शब्द बौद्ध सन्यासी लाई कहने हुनाले स्त्रीहरु पनि सामेनी हुन सक्छन् ताप नि पुंयोग भयो भने स्त्री पुरुष दुवै सामाका धर्मबाट भ्रष्ट हुन्छन्

चौतरिया शब्द देखि स्त्रीत्वको मात्र विवक्षा भयामा र पुंयोगमा पनि नी प्रत्यय हुन्छ इनि प्रत्य पर भयामा हुने कार्य पनि हुन्छ न प्रकृतिका दोस्रा स्वरको दीर्घ हुन्छ

---

(१) उपान्त्य शब्द उपधालाइ भन्दछ

तद्धित प्रत्यय पर भयामा भन्ने सबदेखि बढिनेनी सम्मको ग्रंथ पहिले लेखि अनि तद्धितप्रत्ययको अवयव इत्यादि लेख्नुपर्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बीतार्नी अंत्यमा रह्याका स्वर समुदायको लो
प भयाको छ तद्धित प्रत्ययको अवयव यकार उपां
त्य (१) मा हुने शब्द देखि स्त्रीत्वको विवक्षा भयामा
आप्रत्यय हुन्छ

सहरिया नेपालिया स्वास्नी

ओकारान्त शब्द देखि र विशेषण (१) हुन शक्ने
आकारान्त शब्द देखि, एकत्व संख्याको विवक्षा छ
भने इ प्रत्ययान्त हुन्छ वहुत्व संख्याको विवक्षा छ
भने आ प्रत्यय हुन्छ· विशेषण वाहेकमा रेफ उप
धामा छ भने सवठाउमा ई प्रत्यय हुन्छ

अन्त्य वर्णका नजीकमा रह्याको वर्ण उप
धा कहलाउछ

कमारी मोटी छ कमारी हरु सबु मोटा छन्·
वैह्नी हुली भयी छन् भयाकी छन् भयेकी छन्
वैह्नी हरु ठुला भया छन् भयाका छन् भयेका छन्· वेकम्बी छ
पिराही छ पिराहा छन् रुउटी छ एकलुवी
छ एकलुवा छन्

---

(१) विशेषण हुन शक्ने त्यो हो जो विशेष्यको आकांक्षा अ
वश्य राख्न शक्छ· जस्ता मैआज्ञा ह् विशेष्यको आकांक्षा स
वैत्र राख्नैन व्· रामचन्द्रजीकी मुमा कोशल देशका राजाकी
मैआ हुनु हुन्थ्यो यहां विधेय विशेषण भया पनि· मैआ
आउनु भये छ यहां विशेष्य साकांक्ष छैन कसैको वेक
म्बी नाउं रहे छ जस्ता सानी कान्ती· यहां जैं स्त्रीत्वको मात्र वि
वक्षा भयामा अगाडी वताउने सूत्रले वा गण विशेष्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नातालाइ लियेर प्रसिद्ध भयाका शब्ददेखि ई प्रत्यय हुन्छ

काकी भतजी छोरी

स्त्रीप्रत्यय हुदा जुन स्त्रीप्रत्यय जुन शब्ददेखि हुदा तेस्जानका स्त्रीको वा हुने नाताका स्त्रीको भान हुन शक्छ उस् शब्ददेखि वही स्त्रीप्रत्ययभै प्रयोग हुन्छ

आमा॰ भाउज्यू॰ जुहारी॰ नन्द आमाज्यू ज्येठानी॰ पोतनी॰ दिदी॰ बहिनी॰ भान्जी॰ फुपु॰ फूफू॰ भाइज्यू॰ सासु॰ जेठिसासु (१)

लोग्ने॰ स्वास्नी॰ भाले॰ पोथी॰ सांढ॰ मुड्नी॰ वीर भनी॰ जुर्ए साढी साडे गायी गोरुई॰ रांगो भैसी॰ साढ मछा॰ मगर गोही॰

विशिष्ट हुनाले बताथियाका सूत्रले भयाको ईप्रत्यय होयस्ले भयाको होयिन यसै अर्थले नं जस्ता काली धेरै छन् यस्ता प्रयोगमा बहुत्वको विवक्षा भयामा पनि आकारप्रत्यय भयाको छैन

---

(१) जेठी सासु शब्द पत्नीकी दिदिलाइ बुझाइछ उसी सासुमा जेठी चाहिने सासुलाई बुझाउने हो भने जेठी शब्दको सासु शब्दका साथ् समास गर्‍या हुन्छ

(२) फुपु शब्द पनि बाबुका दिदी वैहीलाइ बुझाउने हुनाले दिदी बहिनीको नाता लाइ लियेर प्रवृत्त भयाको छ

(३) विकार प्रवृत्ति निमित्त भयाको स्पोठ हुर्छ जुन शब्द बनाने त्रियमा होस् वा कर्मेन्द्रियमा भयाका केहि दोषले समग्र शरीरलाइ दोषभयाको गराइ दिन शक्के दोषलाइ लियेर प्रवृत्त भयाको छ॰ कानु शब्द॰ दोष आखामा रह्याको हुन्ता पनि सारा शरीरलाइ कानु गराइ व्यवहार गराइ दिन शक्छ॰

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाति शब्ददेखि र नातिशब्द अन्त्यमा हुने शब्द देखि स्त्रीत्वको विवक्षा भयामा नीप्रत्यय हुन्छ नामामाप्रवृत्ति भयाका शब्द विशेष्य छन्‌भने नेप्रत्यय प्रत्यय हुन्छ नेसृदेखि स्त्रीप्रत्यय हुदैन भानीज शब्ददेखि ए प्रत्यय हुन्छ भानिज शब्दका इकारको लोप हुन्छ

नातिने बुहारी पनातिने बुहारी भान्जे बुहारी

दिदीकार बहिनीकानातामा प्रत्ययान्तशब्ददेखि ईप्रत्यय हुंछ

भान्जी दिदी भान्जी बहिनी· भान्जी फुपु·(२)

विकार प्रवृत्ति निमित्त (३) भयाकाशब्द देखि स्त्रीत्वको विवक्षाभयामा ईप्रत्यय हुन्छ

कानी·कूजी· लंगडी

नीङित प्रत्यय परभयामा अन्त्यमा न रह्याका स्वर समुदायका अकार आकार देखि इकार परभयामा उवैस्वरकास्थानमा एकार आदेश हुन्छ इकार देखि अकार आकार परछन् भने उवैकास्थानमा एकारादेश हुन्छ, अकार आकारदेखि उकार परभयामा उवैकास्थानमा एकारादेश हुन्छ

गाइने आकारदेखि इकार परभयामा एकारादेश भयामा· गैनेनी· नाउ· स्वरसंयोग अन्त्यमा हुने शब्द हुनाले आकार उकारका स्थानमा एकारादेश भयामा नैनी

आकार मात्र एकस्वरभयाका शब्ददेखि, उपित्व

(१) उपान्त्य शब्द पनि उपधालाइ कुन्हाउछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र भयाका शब्दमा उकारान्तमा हुने होइनन् र आद्य स्व र आकार भयाका हुन्भने तिन्देखि, टवर्गान्त शब्दे खि व्यंजनसंयोग उपान्त्य (१) मा हुने शब्द देखिपनि (स्त्रीत्वको विवक्षा भयामा ङीप्रत्यय हुन्छ

जाड् जडेनी

स्वर आदिमा हुने तद्धित परभयामा स्वरले न छेकियाका अनुनासिक वर्णको लोप हुन्छ लोप भयाका अनुनासिक वर्णदेखि अव्यवहित (१) पर भयाका तद्धित प्रत्ययका स्वरको प्रथमावयव भै (२) तिन् वर्गका अनुनासिक वर्णको लोप भयाको छ उस् वर्गका तृतीय वर्णको आगम हुन्छ, तद्धित प्रत्ययदेखि स्वरले व्यवधान भयाको (३) प्रातिपदिकको आद्य स्वर ह्रस्व हुन्छ, लोप भयाका अनुनासिक वर्णदेखि अव्यवहित पूर्व (४) को स्वर अनुनासिक हुन्छ

---

(१) पानृथ शब्ददेखि ङीप्रत्यय भयामा अव्यवहित (बीचमा कुनै वर्णले न छेकियाका) तद्धित प्रत्यय संबंधि स्वर न हुनाले वर्गको तृतीय वर्ण (दकार) को आगम भयेन (२) प्रथमावयव-पूर्वावयव (बाजा तिर रहने) भै-(३) न छेकियाको (४) कसैले न छेकियाको पनि पूर्वतिरको पनि-भ डेनी शब्दमा आकारको अकारादेश भयापछि मात्र मान हुनाले अनुनासिक भयाको थियो र फेरि अनुनासिक विधा न भयाको छ (४) नकारो-नकार उपधामा हुने अकारको लोप अन्त्यमा विकल्पले हुन्छ लोप न भयाका पक्षमा तकारो पक्षक हुनाले फेरी अकारको लोप पनि गर्नु पर्याको हो न सैमंहन्यानीमा पनि अकारको लोप गर्नु पर्याको छ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मंसल मंसेली. माठू. मठेली. माझि मझेनी

नकारोपधक (४) देखिर नकारान्त शब्ददेखि स्त्रीत्वमा भको विवक्षा भयामा एनी यानी प्रत्यय हुन्छन्

पणिनेनी यकारादिमा हुने स्त्रीप्रत्यय भयामा अंत्यस्वरको लोप हुन्छ पणित्यानी मितेनी मित्यानी

सेठेनी. श्रेष्ठेनी. महन्तेनी.

ठकारान्त एकस्वर भयाका शब्द देखि आनी प्रत्यय हुन्छ

सेठानी

अकार मात्र एकस्वरभयाका शब्ददेखि इनीप्रत्यय हुन्छ

नटिनी

एनी प्रत्यय भयामा बाधा शब्दका अन्त्यका आकारका स्थानमा इत् शब्द आदेश हुन्छ

वधितेनी

स्त्रीप्रत्यय पर भयामा व्यंजन संयोगदेखि परका आकारको ह्रस्व विकल्पले हुन्छ व्यंजनदेखि परका यकारको लोप हुदैन

उपाध्यनी. उपाध्यानी. उपाध्येनी.

अंत्यस्वरको लोप न हुने अकारान्त शब्ददेखि, आकार मात्र एकस्वरभयाका शब्ददेखि. उकार अंत्यमा न भयाका आद्यस्वर आकार न भयाका रेफ र लकार अघा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यमा नहुने इकारांत शब्द देखि, व्यंजन संयोग अंत्यमा हु
ने शब्द देखि (अन्त्यस्थो पधक· आकारान्त शब्द देखि·)
ओकार टवर्ग तवर्ग अंत्यमा हुने शब्द देखि थैर
ताइ (१) बुझाउने शब्द देखि पुंयोगको विवक्षा भया
मा एनी प्रत्यय हुन्छ

एकै जातका वरकन्यका विवाहको आफ्ना जा
तमा जस्तो रीत चलि आयाको उसै रीतले भयाको वि
वाहरूप संवंध पुंयोग कहलाउछ

क्षत्रियले आफ्नाजातमा विवाह गरेकी क्षत्रेनी
खत्री खत्रेनी सेठेनी परियारेनी मितेनी मुखेनी थर
थापा थपेनी· कार्की कर्केनी अचार्ज अचार्जेनी। पं
त पंतेनी पांडे पँडेनी

स्त्रीप्रत्यय भयामा प्रत्ययका अवयव नभया
का र स्वर देखि पर नभयाका यकारका स्थानमा इ
कारादेश हुन्छ

इकार देखि आकार पर भयामा एकारादेश भ
यामा वस्नेतेनी

स्त्रीको थर हुँदैन पुरुषका थरका संवंधले

---

(१) थर· जातका अवांतर (भिन्नपर्का) विभाजक (आफ्ना व
र्गलाइ छुट्याउने) चलनिया धर्महि धर्म अनेक कारणले
वनेका हुन्छन् कोहि देशकासंवंधले भयाका छन्· अर्ज्याल·
पाडे कोहि श्रेणीमुख्य· (क्षेत्रफकामुखिया) हुनाले भया
का छन्· अधिकारी· आचार्य· हुनाले· अचार्ज, यसै अन्यत्र
पनि छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुंयोगमा मात्र प्रत्यय हुन्छन् (१)

ङीप्प्रत्ययका ङनी प्रत्ययका निमित्तको समावेश भयामा पुंयोगमा ङवै प्रत्यय हुन्छन्

वैश्यनी वैश्येनी

ङीप्प्रत्ययका प्रकृति भयाका शब्द देखि पुंयोगमा पनि ङीप्प्रत्यय हुन्छ

साहुनी नेवार्नी ठकुर्नी देखि

ठकुरी शब्ददेखि र ठाकुर शब्द भयाका ङनी प्रत्ययका एकारका स्थानमा आकारादेश हुन्छ

ठकुरानी

चौधरी शब्ददेखि पुंयोगको विवक्षा भयामा पनि नभयामा पनि ङनी प्रत्यय हुन्छ ङनी प्रत्ययका एकारका स्थानमा आयि शब्दको आदेश हुन्छ

चौधरायिनी

बाहुन् शब्ददेखि पुंयोगमा पनि ईप्रत्यय हुन्छ

बाहुनी

अंत्यस्थ उपधामा नहुने आकार अन्त्यमा हुने शब्ददेखि पुंयोगमा नी प्रत्यय हुन्छ व्यंजनदेखि नको अन्त्यमा रह्याका आकारको लोप हुन्छ

---

(१) स्त्रीको थर विवाह संबंधले मात्र हुन्छ जन्मका संबंधले हुँदैन· जन्मका संबंधमा बाबै रहन्छ इन्को आमा अन्वयको होयी हुन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एनी

गुरुङ् शब्ददेखि पुंयोग भयामा एनी प्रत्यय हुन्छ आद्यवयवमै सकारागम हुन्छ

गुरुङ् सेनी

गुरुङ् शब्ददेखि स्त्रीत्वको मात्र विवक्षा भयामा इनी प्रत्यय हुन्छ आद्यवयवमै सकारागम हुन्छ

गुरुङ् सिनी कन्या

हलन्त शब्ददेखि स्त्रीत्वमात्रको विवक्षा भयामा इनी पुंयोगको विवक्षा भयामा एनी प्रत्यय हुन्छ

खसिनी· खसेनी· मितिनी· मितेनी

मानलाई बुझाउने शब्द देखि पुंयोगमा भयाका स्त्रीप्रत्यय को लोप हुन्छ

देवदत्तकी विवाहिता स्वास्नी जोइ नोइमा पंडित छन्।

स्त्रीमारयाका मान का वाचक शब्द देखि भयाका स्त्रीप्रत्यय को लोप हुन्छ

---

(१) यो स्वास्नि जोइ तोइमा पण्डित देखिंछे, यहा स्त्रीप्रत्यय को स्त्रीचिह्न भयाका वस्तु लाइ बुझाउने स्वभाव हुनाले जातीता (जाति भन्दा भिन्न) अर्थ लाइ बुझाउन स्वास्न्यात साकांक्ष रहने हुनाले स्त्रीप्रत्यय गरि लोप ग   प्रत्यय गरि लोप गर्नु भन्दा लाघव हुनाले निषेधलाइ लोप दिने काम दिन शक्त गर्याथि निषेध माछ

ई सव की सर्दार छन्· यो सवको सर्दार भयाको छ यहा पनि सर्दार स्त्रीत्व विशिष्ट छ यहा लोप लोप गरी रहनु भन्दा निषे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[illegible] सर्दार भयाको छन्
निमित्त समावेश भयामा प्रवेश हुन्छ
बजुरी बजनी

कालले भयाका गुणलाई लियेर प्रवृत्त(१) भयाका शब्द स्त्रीत्वको मात्र विवक्षा भयामा पुंयोगको विवक्षा भयामा (ओकारान्त शब्ददेखि) ई प्रत्यय हुन्छ

जेठको स्वास्नी जेठी माहिला की माहिली

इ विशेषण हुनाले हुनाले स्त्रीत्वको मात्र विवक्षा भयामा पनि ई प्रत्यय बनाइयाको छ माहिली छोरी

ध स्त्री प्रत्यय [illegible] साकांक्ष भयाका निषेध हुनाले नभयाको आख्यान स्त्राख्यान कहलाउन सक्छ हुनता स्त्रीत्व भन्याको जो पदार्थ छ तेहि स्त्राख्यानको प्रयोजक रहन्छ स्त्री प्रत्यय द्योतक रहन्छ भन्या लाघव हुनाले यो नियम बाधियाको छ तर यस नियममा पनि निषेधलाई प्रत्ययको कार्य गराउन शक्के सामर्थ्य कल्पना गर्नामा झन् गौरव पर्ने रहन्छ भन्ने स्त्रीप्रत्ययको लोप मान्नु पर्छ

---

(१) कालले भयाको गुण त्यो कहलाउछ जेसै यो जेठो यो कांछो भन्ने व्यवहार हुन्छ अर्थात् पहिले वा पछि पैदा हुनु पहिले जन्मनाले र पछि जन्मनाले लोकमा चलन भयाका शब्ददेखि भन्या अर्थ हुन्छ

(२) निमित्त समावेश हुनाले ती प्रत्यय हुन्छ इ शब्द सब ओकारान्त हुनाले ई प्रत्यय अघि बनाइयाका सूत्रले हुन्थ्यो तर बहुवचनमा आ प्रत्यय नहोस् भन्नाका निमित्त यो सूत्रको आरम्भ गरेको हो (विशेषण हुनशक्के गुणविशेषबोधक शब्द हुनाले बहुत्वको विवक्षा भयामा पुंयोग नभयामा आकार प्रत्यय हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ओकारान्त नभया एकारान्तदेखि नीप्रत्ययपनि हुन्छ भन्नेरेनी ईप्रत्यय भयाना भन्नकी (२)

पारिभाषिक संज्ञाशब्द एकव्यक्तिमात्र भयाको छ भने गुणवाचकशब्द गणिताई बुझाउने हुन आयाको छ भने वयोविशेष विशिष्ट वाचक छ भने पुंयोगलाई लियेर हुने प्रत्यय हुदेनन् (३)

देवदत्तकी स्वास्नी गोराकी स्वास्नी बुढाकी स्वास्नी यहा बाबेरे रहन्छु

तिर्यक्प्राणिका वाचक शब्द देखि स्त्रीव्यक्तिवाच्य हुदामा र स्त्रीत्व जाति वाच्य हुदामा पनि ई प्रत्यय हुन्छ

हरिन् हरिनी बच्चा बच्ची रतुशा रतुवी

व्यंजनसंयोग उपधामा हुने शब्ददेखि र आकार आद्यस्वर भयाका इकारान्त शब्द देखि एकार आद्यस्वरभयाका आकारान्त शब्ददेखि एनीप्रत्यय हुन्छ

माहिलै माहिला छोरी जन्मभयाछन् भन्नरी भन्नरी छोरीजन्मा भयाछन्

(३) यस्तो चलन् छैन- अर्थात् जुन स्त्रीपुरुषको समान धर्म हुन शक्तैन वहा पुंयोगमा स्त्री प्रत्यय हुदैन. जसैमित्र री पुरुष सित भयाको छ भने उस्की स्त्री सित पनि हुन शक्छन तैले देवदत्तमारयाको देवदत्तको धर्म देवदत्तकी स्त्रीमा रहन शक्तैन.

---

(१) बाख्रा शब्ददेखि इनि एनी प्रत्यय भयेनन्

(२) मनुष्यानाभिन्न तिर्यक्जाति कहलाउछन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिङ्घ्य सिङ्घेनी हात्ति हत्तेनी मिर्ग मिर्गेनी गेडेनी.
तिर्यक्‌जातिका उस्मा आकार आद्यस्वर भयाका व्यं
जनान्तशब्ददेखि व्यंजन संयोग उपधामा हुने शब्ददे
खि, हात्ति शब्ददेखि इनीप्रत्यय पनि हुन्छ

आकार मात्र एकस्वर भयाका ~~व्यंजनान्तशब्दे~~
शब्दको आकारको इनीप्रत्यय परभयामा ह्रस्व हुंदैन
बाघिनी सिङ्घिनी हत्तिनी मिर्गिनी

इकारान्त शब्ददेखि रेफ उपधामा हुने शब्ददेखि
रेफ तकार अन्त्यमा हुने शब्ददेखि नीप्रत्यय हुंछ
भालुनी कस्तुरी कस्तुनी बाँदर्नी ज्वारनी

ओकारान्तशब्ददेखि ईप्रत्ययमात्र हुन्छ (१)
बिरालो बिराली बाख्रो बाख्री बाच्छी. मुसो मुसीभयो
यकार उपधामा हुने ओकारांतशब्ददेखि स्नी
प्रत्यय हुन्छ
जरायो जरैनी खरायो खरैनी

गाथी. गाई. गोपा. भैसी. तेसजान्का स्त्रीव्यक्तिमा
र स्त्रीजातिमा प्रयोग गरिपिन्छन् (१)

गाईका बच्चा बच्ची बाछो बाछी भैंसीका पाडे
पाडी

बाघका डम्बरु डम्वर्नी. घातिका छावा छावी.
घोडाका बछेडो बछेडी डुङ्का उछ्ना उछ्नी. बा
ख्राका पाठो पाठी. कुकुर्को छाउरो छाउरी.
इकार अन्त्यमा हुने शब्ददेखि नीप्रत्यय हु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ प्रत्ययको गकारागम विकल्पले हुन्छ

भ्याङ्लोङ्ग्री भ्याङ्लुङ्नी

अरू प्राणिका जातमा पनि बनाइयाका प्रत्ययमा आफ्ना आफ्ना निमित्त लाइ लिइ प्रत्यय हुन्छन्

परेवा परेवी· मजुर मजुर्नी· कुधा कुधी

समानजातीमा कद्ले सानु भयाको जात बाच्य छ भने ई प्रत्यय हुन्छ

कुधी· साप् सापिनी· सर्प्प सर्प्पिनी·

जड पदार्थमा समान जातिमा कद्ले सानु भन्ने अर्थ बुझाउन्या ई प्रत्यय हुन्छ

सानु गाग्रो गाग्री सानु ढेको ढेकी सानु लोहरा लोहरी थैली

लोहटी इत्यादि शब्दमा स्त्रीप्रत्यय भयाको भयापनि स्त्रैण त्यात साकांक्ष(१) रहन शक्तैन विशेषणमा स्त्रीप्रत्यय हुनपनि शक्तैन

क्या राम्रो लोहरी रहेछ

यहा सानाकरको प्रतीति गराउनाका निमित्त· प्रत्य

---

(१) स्त्री व्यक्तिमा प्रयोग भयाको छ भने स्त्रैण प्रत्यय साकांक्ष रहेछ स्त्रीजातिमा प्रयोग भयाको छ भने स्त्रैण प्रत्यय साकांक्ष रहदैन भनि बनाइयाको छ अगाडि बताइने पनि छ स्त्रैण प्रत्यय मेरी गाइ चर्न गयीछन् मेरी भैंसी हो· तर नामिक प्रत्यय मात्रमा उपपत्तिका निमित्त यो नियम मानियाको छ स्त्रैण त्यात· साकांक्ष रहन शक्तैन मेरी भैंसी हो यो प्रयोग हुन शक्छ· मेरी भैंसी चर्छे यो प्रयोग हुदैन· मेरी गायी चर्न लागी रहीछन् यहा देवताको आरोप गरि देवतामा मनुष्याधिकारका प्रत्यय हुन्छन् भनि बताइने हुनाले प्रयोग भयाको हो देवता हुनाले मध्यम श्रेणी राखियाको हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो भयाको छ स्त्रीत्व बुझाउनालाई कहने शब्द (२) देखि जस्तो व्यवहारमा प्रचार (३) छ तेस्ले प्रत्यय (अवशब्द देखि जुन प्रत्यय हुन्छ मा तेस् जातको जन्तु बुझिन शक्छ) हुन्छन्

पुतली मऊरी मैना कोइली

लेशमात्रलाई (१) बुझाउन्या लेशार्थक तद्धित प्रत्यय हुन्छ भने वेलुका शब्द देखिर विहान शब्द देखि ई प्रत्यय हुन्छ

वेलुकी खेर: विहानी पख

स्त्रीत्वको विवक्षा भयामा मात्र पनि ई प्रत्यय हुन्छन्

सानी सतक (२)

मूल कारण (३) देखि पनि ई प्रत्यय हुन्छ

शुन्केराको मूल कारण शुनकेरी

---

(१) स्त्रैणाख्यात: आख्यात त्यो कहलाउछ जो धातु देखि भयाको कृत्प्रत्ययभंदा भिन्नप्रत्यय हो आख्यातप्रत्यय भन्नामा हुने शब्द पनि आख्यात कहलाउछन् स्त्रीले प्रयोग गर्ने आख्यान स्त्रैणाख्यान कहलाउछन् स्त्रैणाख्यान वहा साकांक्ष रहन्छ जहा स्त्रीधर्म (जो बताियाका छन्) रत्याका छन्- यहा स्त्री धर्म नरहनाले स्त्रैणाख्यान साकांक्ष रहदेन.

(२) पुतलीका जातलाई बुझाउन्या व्यवहार ई प्रत्ययेको प्रचार छ मैनाका जातलाई बुझाउन्या आ प्रत्ययेको प्रचार छ भिन्नाजातलाई ४) यस्तै मऊरी इत्यादिमा पनि छ.

(३) चलन प्रकार कहलाउछ.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृतका इष्ठ पथी आदिगरियाका शब्दमा
खैराग ख्यातु साकांक्षर हुदैन

इष्ठा ऊन्छ पथी ग्रुमष्ठ

पूरण प्रत्ययान्त (१) शब्ददेखि स्त्रीत्वको विवक्षा भयामा ईप्रत्यय ऊन्छ

ईप्रत्यय भयामा पूरणप्रत्ययका स्व(मध्ये आकारको र ओकारको मात्र लोप ऊन्छ

पेस्त्री नेस्त्री चौथी चौथंउई चोथम् ई भयामा

---

(१) अलि अलि वेलुकानाको लक्षण देखियाको हुमने त्यो वेला वेलुकी खेर कहलाउछ। अलि अलि विहानाको लक्षण देखियाको हुमने त्यो वेला विहानी पख कहलाउछ वेलुकी पख,

(२) सानी सूतक शब्दमा सानी सूतकको विशेषण हैना पनि सानो थरीको भन्ने अर्थको विवक्षा भयामा ईप्रत्यय भयाको ऊनाले स्त्रीत्वको कदपुरुषभन्दा सानु ऊने स्वभावदेखि ता सानोकदको भान स्त्रीत्वको अनुरोधले भयाको देखाथियाको हो गर्भवती स्त्रीको जब गर्भ पेदा ऊने वेला ऊन्छ तब गर्भाशय वारवार, भित्रवाट पानी भरियाको ज्यादा पातला छालाको पानीका फोकाका आकारको थैली निस्कन्छ, निस्कनाका साथ फुट्छ, वहादेखि छिनभरमा गर्भ पेदा ऊन्छ तेहि सानि सूतक भयापछी अव वालक पेदा ऊन्छ भनि अनुमा (कहलाउछ सानी सूतक) न गर्छन्

(३) सूतकारण जेवाट सुत्केरो पर्छ, सुत्केरी ऊदा सुतकेरो पर्छ जननाशौचलाइ सुत्केरो भन्छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वर आदिमा हुने तद्धित प्रत्ययपर भयामा पूरण प्रत्ययका अन्त्य वर्णका स्थानमा वकारादेश हुन्छ अनुनासिक वर्णका स्थानमा नासिका स्थान भयाका वर्णका स्थानमा भयाका वर्णदेखि अघि रहितपूर्व स्वरवर्णका स्थानमा अनुनासिक आदेश पनि हुन्छ

चौथं वी - पांचौं ई भयामा

स्वर आदिमा हुने तद्धित प्रत्ययपर भयामा एकारका स्थानमा यकारको र, ओकारका स्थानमा अव् शब्दको आदेश हुन्छ {एकारका स्थानमा आय् शब्दको}

पांचवी यहां अनुनासिक ओकारका स्थानमा आदेश भयाका वकारदेखि पूर्वको हुनाले अव् आदेशको अवयव अकार अनुनासिक भयाको छ

स्वर आदिमा तद्धित प्रत्यय परभयामा यकारदेखि परभयाका उकारका ओकारका स्थानमा वकारादेश हुन्छ

---

(१) संख्याको पर्यवस्थान (जरागयेर गिन्ति अडिन्छ) हुन्छ उस्लाइ बुझाउने प्रत्यय - पूरण प्रत्यय कहलाउंछ, चौथो यहा चारमा गिन्ति अडिन्छ जहां अडियो त्यो चौथो ठहर्छ पूरण प्रत्यय ओ - औ अंउ अम् अवौं पां चरहन्छन्. चौथो चौथौ चौथंउ चौथम् पांचो पांचंउ पांचम् पांचवौं ओकारान्तदेखि ई प्रत्यय भयामा पूरण प्रत्ययको लोप हुन्छ औं अंउ अम् भयाकादेखि इ प्रत्यय भयामा पूरण प्रत्ययका स्वरको लोप न हुनाले इकोम हुन्छन् अवा प्रत्ययान्तदेखि ई प्रत्यय भयामा आकारको लोप हुन्छ पांचवी हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain: Digitization by eGangotri.Funding: MIDF

वकारादेश भयाको ह्नाले स्वरादिमा ह्ने तद्धित नह्दा यकारको निवृत्ति ह्न्छ अनुनासिक पनि ह्न्छ

कतिवीं· साठिवीं· असिंवीं·

शयौं ई भयामा यकारका स्थानमा इकारादेश भयामा अकारदेखि इकार पर भयामा ऐकार आदेश भै ऐकारका स्थानमा अय् आदेश ह्न्छ

शयौंवी डुँयि शयौंवी

अनुनासिक प्रत्ययान्त देखि विधान गरियाको ई प्रत्यय अनुनासिक ह्न्छ

पांचवीं

सर्वनाम शब्द देखि उत्तम थरीमा स्त्रीप्रत्यय ह्देन

यहा

षष्ठी विभक्ति अन्तमा ह्ने सर्वनाम शब्द देखि एकत्व संख्याको विवक्षा भयामा ई प्रत्यय ह्न्छ, विशेष्यमा बहुत्वको विवक्षा भयामा रेफ उपधामा छ भने पनि आ प्रत्यय ह्न्छ

---

(१) वकारको स्वर आदिमा ह्ने तद्धित प्रत्यय पर भयामा प्रातिपदिकको अंत्यावयव गराधि विधान गर्ने सूत्र तद्धितप्रकरणमा बनायिनेछ· वकारादेश भयो भने स्वरादिमा ह्ने प्रत्यय न ठहर्नाले निवृत्त (न घुनिने) ह्

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरी छोरीहे मेरा छोरी धेरै छन्

यकार उपधामा हुने सर्वनाम शब्ददेखि साधारणार्थेणीमा एकवचनमा पनि हुन्छन्

यो मेरी छोरीहे त्यो मेरी छोरीहे

सर्वनाम शब्द यकार मात्र व्यंजन भयाको छ भने यकारको लोप विकल्पले हुन्छ

ई मेरा छोरी हरु हुन् यी मेरा छोरीहरु हुन् मध्यमश्रेणीमा ई मेरी बेट्टी हुन् ती मेरा छोरीहरु हुन्

जो शब्द देखि र उकारान्त सर्वनाम शब्द देखि स्त्रीप्रत्यय हुँदैनन्

जो छोरीहे उ छोरीहे· षष्ठन्तमा जस्को छोरी उस्को छोरी· आफु आउछिन् आफ्नी छोरीछन्·

आफ्नो छोरीछ यो शब्द एकवचनमा मात्र प्रयोग हुन्छ भनि वनायिनेछ अरु छोरी छन्

ककार आदिमा हुने स० देखि स्त्रीप्रत्यय हुँदैन

छोरी कुन हुन् छोरी कति छन् अस्को छोरी छ

आत्मीयवाचक (१) आफ्ना शब्द देखि एकवचनको लोप हुने भयापनि ईप्रत्यय हुन्छ वहुत्व संख्याको

न्छ यस्को यो तात्पर्य हो जहाँ जस्को निमित्त (उस्लाई वनायि राख्ने कारण) छैन वहा कार्य रहन शक्तैन यस निमित्त स्वर आदिमा हुनुपर्थ्यो सो नरहनाले तेस्ताइ भयाको कार्य पनि रहेन अर्थात् जहाँसम्म निमित्त छ वहिसम्म कार्य रहन्छ कारण निहत्ते भयापछि कार्य पनि निहत्त हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवक्षा भयामा आप्रत्यय हुन्छ
यो छोरी भाक्री छ ई छोरीहरू भाक्रा छन्
तद्धितप्रत्ययान्त सर्वनाम शब्द देखि आकारान्त
ओकारान्त छन् भने मात्र स्त्रीप्रत्यय हुन्छन्
कस्ती छ. कस्ती छ. रोटी छन्

इति स्त्रीप्रत्ययप्रकरणम्

अथ समास प्रकरणम्

वाक्यलाई छोटेगरापि प्रयोग गर्ने रीति लाई समास भन्छन् जुन् जुन् काम हुन्ना वाक्य छोटो हुन सक्छ तेस्का समा रूप् लाई रीति भन्छन् तेस् रीति को बर्ताउ भै शब्द भयाको छ भने सो शब्द समस्त कहलाउछ
विभक्ति अंत्यमा हुने शब्द को समास हुन्छ
समस्त शब्दका अवयव भयाका विभक्तिको लोप हुन्छ

---

(१) शब्दको छोटो हुनु त्यो हो जो वाक्यबाट बुझिने अर्थ जति सब् बुझाउने शब्द भै वाक्यका भन्दा कम् अक्षर भयाको भयेर देखिन्छ कुरो. तेस्का रूप् यस् प्रकरणमा बताइन्छन् तिरूप् पनि एक एक गरेर समासपीछे वेग्ला वेग्लै हुन्छन् अव्ययी भावमा वाक्य बाट बुझिने अर्थ बुझाउनालाई को हिँओ को अव्ययको प्रयोग हुन्छ अरुसमासमा वाक्यमा परेका शब्द मात्र रहन्छन्. कोहि अक्षरको फेरफार पनि हुन्छ. इकाम् जुन् शब्दमा भै सकियाका छन् तेस् शब्दमा रीति को बर्ताउ भै सकियाको ठहर्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समस्त शब्द पनि प्राति पदिक कहलाउछन्.

समास गर्ने सूत्रमा जुन् शब्दका साथ् साथ शब्द देषिंछ तेस शब्दको अगाडि प्रयोग हुन्छ

सब् समास् विकल्पले हुन्छ समास् न भयाका पक्षमा वाक्यै रहन्छ

अव्ययका साथ भयाको समास अव्ययीभाव कहलाउछ

अव्ययीभावसमासको प्रकरण न शकिउन्जाल सबसमास अव्यय साथ भयाका मात्र बताथिन छन्

सामीप्यसंबंध· नगीच·नजिकको ठाउमा·यत्तिर·उत्तिर· उप्ता भन्ने अर्थमा अव्ययका साथ् षष्ठ्यन्तप्रातिपदिकको समास हुन्छ सोसमास अव्ययीभाव कहलाउछ

गुरुको संबंध अर्थात् देशले भयाको संबंध जुन ठाउमा गुरु छन् उसैठाउमा भन्दामा गुरुको शब्दको र सित शब्दको समास हुंदा समस्त शब्दको अवयव भयाका गुरु शब्दका षष्ठी विभक्तिको लोप भयापछि गुरुसित शब्द प्रातिपदिक हुनाले द्वितीया विभक्ति भये थ्यो तापनि अव्ययीभावसमास अव्यय हुनाले विभक्तिको लोप भयाको छ

अव्ययीभावसमासगर्ने सूत्रमा अव्यय शब्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

का साथ साथ देखिनाले अव्यय को अगाडि प्रयोग भयाको छ

गुरुसित जान्छु मित्रसित रहन्छु

घर्को नजीक घर्नेरा यस सामीप्य बुझिन आकर छ साक्षात् सम्बंध (अन्तर न भयाको) बुझिंदैन।

सहर्नेर पिपलको रुखछ। यस सहर्कीर पिपल्का रुखको केहि अन्तर बुझिन्छ

घर्छेउ मनमा जचेको मनपरि

घर्को सबठाउमा घर्भरि। घर्को चारैतिर घर्वरिपरि

अव्ययी भावसमासको अवयवभयाका प्रातिपदिकका अंत्यमा रह्याका ओकारका स्थानमा आकारा देश हुन्छ

डाडादेखि वर्तिर डाडापारि। डाडाको आंफुले नदेखिने भागतिरको देश बुझिमा स्व शङ्क गरायि छिंछ

अव्ययीभाव समासको अवयवभयाको अव्ययपरभयामा पिछु शब्द देखि रया प्रत्यय हुन्छ

पिछिया परि

डाडादेखि पल्लिर डाडापारि डाडादेखि वल्तिर डाडावारि नदीवारि नदीपारि घर्को चारैतिर घर्वरिपरि वन भयातिर वनितिर

अव्ययी भावसमास घटक अव्ययपरभया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

मा मुनि माथि शब्दका इकारको विकल्पले लोप हुन्छ
मुनिशब्दका स्थानमा मन् आदेश पनि विकल्पले हुन्छ

मुनि मुन्तिर मुनितिर माथ्तिर माथितिर

तुकारान्तमा हुने शब्दका र उकारान्तमा हुने ग
ण वाचक शब्दका र ओकार अंत्यमा हुने शब्दका
अन्त्य स्वरका स्थानमा समास घटक शब्द पर छ
भने आकारादेश हुन्छ

जानामा· जानातिर तामातिर हूलातिर बाघतिर

छिननेए इत्यादि शब्द समास नभै अलग कहि
प्रयोग गरिंदैनन् यसै अर्थले इन्ले बन्याका शब्द
आफ्ना अर्थलाइ क्रियामामात्र संबंध हुनेगरायि
दिन्छन्

भागलाइ जनाउने ल्लो प्रत्ययान्त छ शब्दको
अवयव भयाका लो शब्दको तिर शब्द परभयामा
लोप हुन्छ

अघिल्तिर पछिल्तिर माथिल्तिर तल्तिर
वल्तिर पल्तिर

अघिल्लो कोहि गिनिने वस्तु छ भने अघि
ल्लातिर उपल्लातिर

जस्तो अवधि न भयामा भयाका अवयवी भा
व समासका अवयव भयाका वारिशब्द पारि

---

(१) सात अव्ययदेखि ल्लो प्रत्यय हुन्छ निम्ल्लो साम्नो
उपल्लो शब्द हुन्छ यस शब्दको भागको विवक्षा नभया
मा पनि अवयवी भाव हुन्छ

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दका स्थानमा वार् शब्दकोर पर् शब्दको आदेश हुन्छ

घोडेखि वारिपट्टि बस्निर घोडेखि पारिपट्टि पस्निर

जहा अवधि भयामा भयाका वारि पारि शब्दका इकारको लोप विकल्पले हुन्छ

यो रूख नदीदेखि वार्तिरछ पार्तिरछ पारितिर वारितिर

जलको स्वरूप भयाका षष्ठ्यन्त शब्दका साथ समास भयामा अव्ययीभावसमास घटक वारि पारि शब्दका इकारको लोप हुन्छ

समुद्रका पल्लिर समुद्रवार समुद्रका उल्लिर समुद्रपार ८।

नदी वाचक शब्दका साथ अव्ययीभाव भयामा वारिपारी शब्दका इकारको लोप विकल्पले हुन्छ

नदीका पल्लिर नदीवारि खोलावारि नदीका उल्लिर नदीपारि नदीवार् नदीपार्

उत्तरपद मात्र हुन शब्दको ह्रस्वस्वर उपेक्षामा भयाको अकारान्त वा व्यंजनान्त उत्तरपद छ भने अव्ययीभाव समासको समासान्तमै अप्रत्यय हुँछ

स्वर आदिमा हुने समासान्त प्रत्यय तद्धित कहवाउछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मित्रको सङ्ग भयामा अनुनासिक वर्णको लो पर वर्गका तृतीय वर्णको आगम अनुनासिक स्वर विधान गर्ने सूत्र स्त्री प्रकरणमा लेखियाको छ

सङ्ग शब्दका साथ अव्ययीभाव समास भयाका षष्ठ्यन्त शब्दका षष्ठी विभक्तिको लोप विकल्पले हुन्छ

मित्रसंग मित्रका संग मित्रका सङ् संगै नेस्पार नेस्कापर अकारान्त शब्दका अन्त्यस्वरको लोप हुने हुनाले अघि अकारान्त भयाका शब्दको संग्रह आवश्यक हुन सक्छ

उत्तरपद मात्र हुन सक्ने भर शब्द हुँदैन शरभर भर्ईख

यत्तिरको उत्तिरको भन्ने अर्थमा वारि शब्दको र पारि शब्दको प्रथमान्त शब्दका साथ पनि समास हुन्छ

~~वतिरको उओ वारिउउ पर्तिरको उओ पारिउउ~~ ओकारान्त शब्द समास घटक हुनाले आकार भयाको छ

वारि उउ हुरू भैरहु पारि उउ छ खलली यो कथा जान्न जो सक्छ

---

(५) नदीवाचक त्यो हुन्छ जो नदीको पर्याय हुन्छ नदीविशेषलाई बुझाउने शब्द नदीवाचक हुँदैन गंगापार गंगावार कालीपार कालीवार डक्कचापारि यहां डक्कचापारिको आसपासको देशलाई बुझाउन इ प्रत्यय लगायिने छ

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्छु ते सारस्कावली ॥ १ ॥

यहा दुयिअजका बीचका खोर्सी लाइ लियेर

वारि पारिको व्यवहार भयाकोछ

वारि घर्का पारीघर्का जहान

तेस्मा भयाका भन्ने अर्थमाको प्रत्यय भयाकोछ

सप्तम्यर्थ लीकन प्रयोग भयाका अव्ययमा वि

भक्ति ह्ना अन्वितार्थक विभक्ति (१) ह्नामा ठीक

पर्नाले सप्तमीसे लोप ह्ना सप्तमी भयामा विशे

षणका औकारको आकारादेश ह्न्छ गुरुका

साथ थिये

यहा अकर्मक धातुको मेल ह्नाले सप्तम्यर्थ प्र

धान रहन्छ

गुरुकोसाथ छोडिन यहा सकर्मक धातुका मेल

ले द्वितीयासे अव्यय ह्नाले लोप भयाको छ

विभक्त्यर्थमा पनि भाग को अभिप्राय छ भन्ने

अयका साथ समास ह्न्छ

यताबस् भागमा यत्तिर वारै भागमा वारैति

र यसै तिर

---

(१) अन्वितार्थक विभक्ति त्यो कहलाउ छ जो संबंधको अनुकू

छ अर्थात् सप्तमी विभक्तिको अर्थ लीकन जहा अन्वय ह्नेछ

वहा सप्तमी विभक्ति ह्न ठीक पर्छ गुरुका साथ थिये यहा

सप्तमीको अर्थ लीकन प्रयोग भयाका साथ शब्द देखि सप्तमी

ह्नु ठीक देखिन्छ अव्यय ह्नालेर विभक्तिको लोप भया

कोछ विभक्तिप्रतिरूपक तद्धितप्रत्यय भयामा गुरुकासा

थमा थिये यो पनि ह्न्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवधिलाई बुझाउने अव्ययकासाथ अवधिभया का पदार्थलाई बुझाउने शब्दको समास हुन्छ

यहा अवधि बनायियाका वस्तुका पहिले मिल्ले भागलाई लियेरपनि अवधि शब्दको प्रयोगगरियाको छ

हाम्रा राज्यसमुद्र सम्मछ

बालख सम्मजान्छन्.(१)

व्यवच्छेदक (२) अव्यय शब्दका साथ जेले व्यव च्छेद (बराबरी) बुझिन्छ उस्को उस्का बराबर भन्ने अर्थमा समास हुन्छ

गाईका बराबर गाइजति भैसी छन् गाइजति भैसीछन्

परिच्छेद (३) सकर्मक धातुको कारक छभने जुन् क्रियाको प्रयोग हुनेछ उसगम्यमान क्रियालाई लियेरभयाका षष्ठी विभक्ति काशब्दको परिच्छेदक अव्यय शब्दका साथ समास हुन्छ य.

---

(१) अवधि आफ्नारहले पनि हुन्छ जस्लाई अवधिबनाया को छ नेसलाई छोडेर बालियेर जो देखिन शक्छ समुद्र जो अवधि गरायियाका छन् लियेर गरायियाका छन्

(२) संख्यालेभयाको व्यवच्छेदक यत्तिछन्भने निश्चयगर्नयोग्यभयाकोमा (परिमाणलेभयाको व्यवच्छेद यत्रोछभन्ने) प्रकारलेभयाको व्यवच्छेद यस्तोछभन्ने निश्चयगर्नयोग्यभयाकामा रहन्छ

(३) परिच्छेद व्यवच्छेद एकैअर्थभयाका हुन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठी विभक्ति प्रतिरूपक प्रत्ययका साथ कर्मकर्तृ प्रत्ययको लोप हुने ठाउँलाई छोडेर अन्वितविभक्ति प्रतिरूपक षष्ठप्रत्यय वि हुन्छन्

गायिलेजति दियौ गायिजति दूध भैंसीपनि दिन्छन् गाइलेजति

गाइकाजति दूध भैंसीपनि दिन्छन्

तिमिले गरे जति काम् तिमिजति काम् म पनि गर्छु

तिमिले गरे जति तिम्राजति खर्च मैले केहि गरें

तिम्लेजति खर्च मैले केहि गरें

तिमिजति खर्च मैले केहि गरें

गाइका जत्रो मान भैंसीको छैन

झैं शब्दका वा झैं शब्दका अघिका व्यंजनलाई छोडेर अरु वर्णका स्थानमा अनुनासिक ऐकार आदेश हुन्छ

तिम्ले गरेझैं तिम्राझैं मैले के गरें

तिम्लेझैं मैले के गरे

सरि शब्दका साथ बराबरी बुझाउन्या जस्तोबराबरि बुझायिन्छ भन्याको समास भयामा षष्ठीविभक्ति प्रतिरूपक प्रत्यय वि. हुन्छन्

उन्सरि भयो उन्कासरि स्वार्थिक तद्धित प्रत्यय भयामा उन्सरिको उन्कासरिको तिम्रा मुख चन्द्रसरि देखियो चन्द्रकासरि चन्द्रसरिको चन्द्रकासरिको छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपमा वाचकशब्दका साथ सादृश्यबुझाउन्या जस्तो सादृश्य बुझाउन्याले स्तो समास हुन्छ

तिम्रो मुख चन्द्रमैं देखियो मुनजैं हुन्छ

परिच्छेदार्थक अव्यय शब्दका साथ गम्यमान क्रियामा भयाको षष्ठी प्रति रूपक प्रत्यय अन्त्यमा हुने अव्ययको समास हुन्छ षष्ठी प्रतिको लोप हुँदैन भनि बनाथिनेछ

अग्निखायेजति अग्निका जति आजखान शकेन अग्निकासरि अग्निकाजैं

अवधारण (१) मात्रजति शब्दका साथ समास हुन्छ

सारा घर घरजति सबू छन् सारा खायाका भने अर्थमा

कर्मकाभिधान भयाका कोकारान्त कृत्प्रत्यय अवयव भयाका कोशब्दको अव्यय परभयामा लोप हुन्छ

खायाजति सारा खायेका खायेजति पायाका बराबर पायेजनो

भावकृत्प्रत्ययान्तको परिच्छेद अर्थभयाका अव्ययसंज्ञक शब्दका साथ उस्का बराबर भन्ने अर्थमा समास हुन्छ भावकृत्प्रत्ययका स्थानमा ए आदेश हुन्छ

खानाका बराबर खायेजैं खायेजति खायेसरि

---

(१) यहाको अवधारण साराभन्ने अर्थलाई बुझाउछ घर शब्दले व्यवहार गरिने जति सबू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आपेक्षिक व्यवहार (१) को मिलान् छ भने विभक्ति प्रतिरूपक प्रत्ययान्त अव्ययको रूपमा अर्थ भयाको अव्ययका साथ समास हुन्छ विभक्ति प्रतिरूपक प्रत्ययको विलोप हुन्छ

असिका बराबर (२) असिमैं असिकामैं. योजनेको असिमैं लाग्छ

सादृश्य (३) बुझिन्छ भने जति शब्दको साथ उपमा नभयाका (४) शब्दको समास हुन्छ

देवइत्नजति यज्ञदत्तपनि चर्छ

संख्याले भयाको भयापनि परिमाणले भयाको भयापनि व्यवच्छेद बुझिन्छ भने जतिजति शब्दका साथ तिप्रत्ययान्त शब्दको समास हुन्छ

यति जति छन् उति नति छन् उत्ति जत्ति छन्

अनियत संख्यातार्थ (५) बुझाउना ना प्रत्ययान्तको शब्दको र उना शब्दको उति शब्दका साथ यव रेश तार्थ बुझाउना जना शब्दको नति शब्दका साथ ~~[illegible]~~ एकान्तदेशार्थ बुझाउना कना शब्दको कति शब्दका साथ समास हुन्छ

यना अति उनाउति जनानति कनाकति. अवधारणामा जनानति.

अवधारणामा ई कारान्त विकल्पले बनायि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भेद जगातनी कता कती

अनियत देशलाइ बुझाउंदा आशाब्दका साथ यता शब्दको समास हुन्छ

यता उता

अनियत देश लाइ बुझाउने एकशब्दको उच्चिरय न्ने अर्थमा समासभयामा आकारको दीर्घ विकल्प ले हुन्छ

एकातिर एकोतिर

अभिविधिको (१) साकल्यभै (व्याप्ति) बुझिन्छ भने जो शब्दकोर जो शब्द प्रकृतिभयाका नक्ति प्रत्य यान्त शब्दको सुकै शब्दका साथ समास हुन्छ सो कारका स्थानमा आकारादेश हुँदैन

जोसुकै जनासुकै जहांसुकै जावुस्

सो प्रकारभयाका सबुभन्ने अर्थमा गुणवाच क शब्दको जति शब्दका साथ समास हुन्छ

साना जति ठुला जति

कालविशेष वाचक शब्दकोर परिमाण विशे ष बोधकभयाका शब्दको समास भयामा सबुभ

(१) आपेक्षिकव्यवहार छोठ ठूलो· आफ्ना इच्छा लेजो जता दियाको छ ·धेरै अधिभयाका कामलाइ थोरै अधिभ याको गरायि देखायि दिनालाइ अघीकाकाललाइ अ ल्पि शब्दले बुझायिने कारमा। पिलाइ दियाको छ (२) बराबर तुल्य (३) सादृश्य बराबरि (४) उपमान जस्तो सादृश्य लियिन्छ (५) अनियतदेश यही देश भनि न ठहरायियाको देश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वयव लाइ जाकिकन भन्ने अर्थमा भर् शब्दका साथ समास हुन्छ भर् शब्दको पछाडि पनि प्रयोग हुन्छ॥ भर् शब्दका अंत्यमा भयाका शब्द देखि समासान्त इ प्रत्यय पनि हुन्छ

दिन्का सब भागमा दिनभर् भन्दिन् पर्छ यदि भर भकारीभर धान छ दिनभरि पढ् भकारिभरी धान्छ

परिमाण प्रातिपदिकार्थ होभने सोशब्द परिमाणवाचक हुन्छ प्रातिपदिकार्थभन्दा भिन्न परिमाणको धर्म होभने परिमाण बोधक ठहर्छ यसै अर्थले धार्नि पसेरी शब्द परिमाण बोधक ठहर्दैन जस्को परिमाण प्रसिद्ध छैन सो पनि परिमाण बोधक हुन सक्तैन

शब्दभर् भरीख्

भर् शब्दका साथ संख्येय शब्दको पनि समास हुन्छ पछाडि प्रयोग र प्रत्यय हुदैनन्

रुपिया बराबर रुपियाभर् चिनी छ पसेरीभर् धान्छ धार्निभर घ्यु छ

जाति वाचक शब्दको सारा भन्ने अर्थमा भर शब्दका साथ र जाति शब्दका साथ समास हुन्छ भर शब्दको पछाडि प्रयोग पनि हुन्छ भर शब्दांत शब्दको समासान्तमै इ प्रत्यय हुन्छ प्रथमा द्विती या तृतीया चतुर्थी षष्ठी सप्तमी प्रतिरूपक प्रत्यय पनि हुन्छ

(१) अनिर्दिष्ट नखुट्याइयाको. निश्चय नगरियाको पहिले भनि नठहराइयाको.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्राह्मणभरिमा ब्राह्मणजतिमा देवदत्त बाँसेछ्न्छ

क्षत्रियजतिमा यो लडाका छ फल्ल भरिमा यो हुँदो छ

व्याप्तिमा भयाका वीप्सामा सप्तम्यन्त शब्दको पीछे शब्दका साथ समास हुन्छ

घर् घर्मा घर्घरै छ भीका हुन्छन्

अनुलोम प्रतिलोम क्रिया (यहाबाट वहाँ वहाबाट यहा हुने क्रिया)लाइ बुझाउदा पारिशब्दका साथ वारिशब्दको समास हुन्छ दुवैशब्दका अन्त्यस्वरको स्थानमा अकारादेश विकल्पले हुन्छ

वार्पार्गर्छ वारिपारिगर्छ

सम्प्राप्तिलाइ (पुग्नु) बुझिन्छभने वारिशब्दको पारिशब्दका साथ समास हुन्छ अकारादेश नित्यहुन्छ

वान्को वारपारगर्छ

नभैभन्ने अर्थमा प्रतियोगिका साथ (१) साथनञ्को समास हुन्छ नञ्का स्थानमा विन शब्दकोर विनाशब्दको आदेश हुन्छ समासांतऐ प्रत्यय हुन्छ

काम् नभैकन. विनकाजै विनकामै विनाकाजै विनाकामै

---

(१) जस्को अभाव (नहुनु) लिनु पर्याको छ त्यो प्रतियोगि कहलाउछ यहा कामको अभावलिनु पर्याको छ काम प्रतियोगि हुन्छ. विनासिति विनासिति शब्द अव्ययवर्गमा पढियाका छन् तिनलापनि यहिसूत्रको प्रवृत्ति हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नञ् का स्थानमा बे अ आदेश हुन्छन् सप्तमी प्रति रूपक प्रत्यय विकल्प हुन्छ

काम् नभैकन बेकाम् अकाज बेकाम्मा अकाम्मा.

हेतुर उद्देश (१) अर्थ भयाका उस शब्द का साथ तृतीया का वा सप्तमी का अर्थमा हेतुर उद्देश भयाका शब्दको समास हुन्छ षष्ठीविभक्ति प्रतिरूपक प्रत्यय पनि हुन्छ समासान्त तृतीया सप्तमी प्रतिरूपक प्रत्यय हुन्छन्

मेरा निमति मेराउस्ले यस्वाट मेरा निमित्त हुनुपर्ने केहि काम भयेन

मेराउस्मा मेरानिमत्तिमा गर्नुपर्ने काम केहि गरेन

उस शब्द हेतु उद्देश इत्यादि अर्थ भयाको कर्मप्रवचनीय शब्द हो.

